(४) कुनै प्राकृतिक कारणले रुख ढली वा बगेर गई कुनै सार्वजनिक बाटो, लोकमार्ग, विद्युत लाईन, खानेपानी, ढल निकास, कुलो वा खोला आदिमा अवरोध हुन गएमा डिभिजनल वन अधिकृतले सम्बन्धित निकायसँग समन्वय गरी तत्काल अवरोध हटाउनु पर्नेछ र प्रदेश वन निर्देशकलाई जानकारी गराई त्यस्तो रुख यथाशीघ्र सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

(५) हवाई सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका रुखको हाँगा काट्नु पर्ने वा रुख नै हटाउनु पर्ने अवस्था भएमा उपनियम (१) बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले हाँगा काट्न वा रुख हटाउन अनुमति दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. **कार्यालय परिसरमा रहेका रुख हटाउने सम्बन्धी व्यवस्था:** जग्गाधनी प्रमाणपुर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र रहेका रुख सम्बन्धित कार्यालय वा निकायको अनुरोध र नियम ३६ को उपनियम (१) बमोजिमको समितिको सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ।

३८. **टाँचा तथा सिलको दर्ता र प्रयोग:** (१) डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा र सिल विभागमा दर्ता हुनेछ। विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको टाँचा र सिलको विबरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) यो नियमावली प्रारम्भ हुनु अघि आफ्नो कार्यालयमा रहेको टाँचा र सिलको विवरण डिभिजनल वन अधिकृतले यो नियमावली प्रारम्भ भएको तीन महिनाभित्र विभागमा अद्यावधिक गराउनु पर्नेछ।

(३) विभागले आवश्यकताको आधारमा एउटा डिभिजन वन कार्यालयमा रहेको टाँचा अर्को डिभिजन वन कार्यालयलाई प्रयोग गर्नको लागि उपलब्ध गराउन सक्नेछ।

(४) यस नियम बमोजिमको टाँचा र सिलको प्रयोग कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन प्राविधिक कर्मचारीले गर्नेछ।

(५) यस नियम बमोजिमको टाँचा र सिलको प्रयोग र सुरक्षाको जिम्मेवारी डिभिजनल वन अधिकृतको हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

३९. **सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन:** (१) डिभिजनल वन अधिकृतले सरकारद्वारा व्यवस्थित वनको सीमाङ्कन समेत गरी नियम १४ बमोजिम नेपाल सरकारले स्वीकृत गरेको रणनीतिक योजनाको अधीनमा रही अनुसूची-१७ बमोजिमका विषय समावेश गरिएको कार्ययोजना तयार गरी निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्देशनालयमा प्राप्त कार्ययोजनाको अध्ययन तथा प्राविधिक परीक्षण गरी स्वीकृतिका लागि सिफारिस गर्न प्रदेश वन निर्देशकको संयोजकत्वमा प्रदेश मन्त्रालयले तोके बमोजिमको एक प्राविधिक समिति रहनेछ। प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी कार्ययोजना स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्राविधिक समितिको सिफारिसको आधारमा प्रदेश वन निर्देशकले आफ्नो रायसहित कार्ययोजना स्वीकृतिका लागि प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ र प्रदेश मन्त्रालयले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(४) उपनियम (३) बमोजिम स्वीकृत भएको कार्ययोजना संशोधन गर्नु पर्ने भएमा उपनियम (२) बमोजिमको प्राविधिक समितिको सिफारिससाथ संशोधन प्रस्ताव सहितको कार्ययोजना प्रदेश वन निर्देशकले स्वीकृतिको लागि प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) यो नियमावली प्रारम्भ हुनुअघि स्वीकृत भई कार्यान्वयनमा रहेका चकला वन व्यबस्थापन कार्ययोजना यो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम बमोजिम तयार भई स्वीकृत भएको मानिनेछ।

(६) सरकारद्वारा व्यवस्थित बनको कार्ययोजनाको कार्यान्वयन डिभिजनल वन अधिकृतले गर्नेछ।

(७) प्रदेश वन निर्देशकले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाको अनुगमन गरी प्रदेश मन्त्रालय र विभागमा वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेछ।

## परिच्छेद-५

## वन संरक्षण क्षेत्र

४०. **वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना:** (१) विभागले ऐनको दफा १५ वा १७ बमोजिमको वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना तयार गरी मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विशेष कार्ययोजनामा अनुसूची-१८ बमोजिमका विषय समावेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको कार्ययोजना प्राप्त भएपछि मन्त्रालयले आवश्यक परिमार्जन गर्नु पर्ने भए सो समेत गरी त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(४) ऐनको दफा १५ बमोजिमको वन संरक्षण क्षेत्रको कार्ययोजना स्वीकृत भए पछि त्यस्तो वन संरक्षण क्षेत्रको चारकिल्ला र क्षेत्रफल सहितको बिवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(५) वन संरक्षण क्षेत्रको कार्ययोजनाको अवधि कम्तीमा दश वर्षको हुनेछ र आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. **<u>वन संरक्षण क्षेत्रको कार्ययोजनाको कार्यान्वयन:</u>** (१) नियम ४० को उपनियम (३) बमोजिम स्वीकृत विशेष कार्ययोजनाको कार्यान्वयन सम्बन्धित डिभिजनल वन कार्यालयले गर्नेछ ।

(२) दुई वा दुईभन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने ऐनको दफा १५ वा १७ बमोजिमको वन संरक्षण क्षेत्रको हकमा उपनियम (१) बमोजिमको विशेष कार्ययोजना कार्यान्वयनको लागि निर्देशनालयले समन्वय गर्नेछ।

(३) ऐनको दफा १५ वा १७ बमोजिमको वन संरक्षण क्षेत्रमा कार्ययोजनामा उल्लेख भए बमोजिम पर्यापर्यटन गतिविधि सञ्चालन गर्न सकिनेछ। यसरी पर्यापर्यटन गतिविधि सञ्चालन गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

(४) वन संरक्षण क्षेत्रको वन उपभोक्ता समूहले व्यवस्थापन गरेको बाहेकको वनक्षेत्रबाट कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा वन संरक्षण क्षेत्रभित्रका उपभोक्ताले आफ्नो घरकाजका लागि प्रयोग गर्न चाहेमा अनुसूची-१२ मा उल्लिखित परिमाणमा नबढ्ने गरी जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको दररेटमा उपलब्ध गराउन सकिनेछ।

(५) नियम ४० बमोजिम स्वीकृत वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

## परिच्छेद-६

## <u>सामुदायिक वन</u>

४२. **<u>सामुदायिक वन उपभोक्ता समूहको गठन:</u>** (१) सामूहिक हितका लागि सामुदायिक वनको रुपमा कुनै वनको संरक्षण, विकास र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थापन गर्न चाहने उपभोक्ताले ऐनको दफा ३१ बमोजिमको उपभोक्ता समूह गठन गर्न आवश्यक सहयोगका लागि सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई सामुदायिक वन उपभोक्ता समूह गठन गर्न र सोको विधान तयार गर्न सहयोग गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम कुनै वन क्षेत्रको उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहको विधानमा अनुसूची-१९ मा उल्लिखित विषय समावेश भएको हुनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम तयार भएको सामुदायिक वन उपभोक्ता समूहको विधान त्यस्तो उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-२० बमोजिमको ढाँचामा सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सामुदायिक वन उपभोक्ता समूह गठनको लागि निवेदन परेमा र त्यस्तो उपभोक्ता समूह



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऐन र यस नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल बन अधिकृतले त्यस्तो सामुदायिक बन उपभोक्ता समूह दर्ता गरी अनुसूची-२१ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(८) सामुदायिक वन उपभोक्ता समूहको कार्यसञ्चालनका लागि बढीमा पन्ध्र सदस्यीय कार्यसमिति रहनेछ। कार्यसमितिको अध्यक्ष वा कोषाध्यक्ष पदमध्ये कम्तीमा एक पद र उपाध्यक्ष वा सचिव पदमध्ये कम्तीमा एक पद सहित कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ।

(९) कार्यसमितिको पदावधि बढीमा पाँच वर्षको हुनेछ र कुनै पनि व्यक्ति कार्यसमितिको अध्यक्ष पदमा बढीमा दुई कार्यकालमात्र निर्वाचित वा छनोट हुन पाउनेछ।

४३. **<u>कोषको सञ्चालन:</u>** (१) सामुदायिक वन उपभोक्ता समूहको कोषको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले कोषको रकम खर्च गर्दा वार्षिक साधारण सभाले स्वीकृत गरेको कार्यक्रम र योजना अनुसार मात्र खर्च गर्नु पर्नेछ। सामुदायिक वन उपभोक्ता समूहको कोषको रकमबाट चन्दा दिन पाइने छैन।

(३) सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा २२ बमोजिम सञ्चालन गरिने कार्यक्रम र आम्दानी खर्चको सम्बन्धमा कम्तीमा बर्षको एक पटक सार्वजनिक सुनुवाई गरी साधारण सभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो चल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अचल सम्पत्ति, आम्दानी र खर्चको लेखा तथा अभिलेख दुरुस्त राख्नु पर्नेछ र आम्दानी तथा खर्चको प्रचलित कानून बमोजिम वार्षिक लेखापरीक्षण गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्नेछ।

४४. **वार्षिक प्रतिवेदन पेस गर्नु पर्ने:** (१) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२२ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले वर्षभरी गरेका क्रियाकलापको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वार्षिक प्रतिवेदन पेस गर्दा सो समूहको लेखापरीक्षण प्रतिवेदन समेत पेस गर्नु पर्नेछ।

४५. **स्थानीय तहमा अभिलेख राख्ने:** (१) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तहमा अभिलेख राख्ने प्रयोजनका लागि आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको एक एक प्रति सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहाय बमोजिमका कागजात र विवरण सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछः-



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ऐनको दफा २२ को उपदफा (१) बमोजिम सञ्चालन गर्ने क्रियाकलाप सम्बन्धी योजना र लागत विवरण,

(ख) सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

(ग) सामुदायिक वन उपभोक्ता समूहले बिक्री गरेको वन पैदावारको वार्षिक विवरण।

(३) स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहबाट प्राप्त विवरणका आधारमा आफ्नो कार्यक्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो उपभोक्ता समूहलाई प्रचलित कानून बमोजिम आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्नेछ।

४६. **कार्ययोजना तर्जुमा र वन हस्तान्तरण:** (१) नियम ४२ को उपनियम (७) बमोजिम दर्ता भएको सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा १८ को उपदफा (१) बमोजिम राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा कार्ययोजना तयारीका लागि प्राविधिक सहयोग तथा सामुदायिक वन हस्तान्तरणका लागि अनुसूची-२३ बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले ऐन र यस नियमावली बमोजिम सामुदायिक वनको कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम सामुदायिक वनको रुपमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हस्तान्तरणका लागि वनक्षेत्र निर्धारण गर्दा गाउँ बस्तीबाट सामुदायिक बनक्षेत्रको दुरीका साथै सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, आवश्यकता र क्षमता समेतलाई ध्यान दिनु पर्नेछ।

(४) यस नियम बमोजिम सामुदायिक वनको सीमाना निर्धारण गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजना तयार गर्दा स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले ऐन र यस नियमावली बमोजिमका कार्य गर्नका लागि सम्बन्धित निकाय, सङ्घ संस्था, बन प्राविधिक वा योग्यता प्राप्त सेवा प्रदायकबाट आवश्यक सहयोग लिन सक्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा दिगो बन व्यवस्थापनको मापदण्ड र उद्देश्य, बनको हैसियत र त्यस्तो उपभोक्ता समूहको आवश्यकता र व्यवस्थापकीय क्षमता समेतलाई ध्यान दिई साधारण सभाको सहमति र निर्णयबाट छनोट भएका दिगो वन व्यवस्थापनका क्रियाकलाप आफ्नो कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(८) सामुदायिक बनको कार्ययोजना तयारी गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ र त्यस्तो कार्ययोजना सामुदायिक बन उपभोक्ता समूहको साधारणसभाबाट निर्णय भई पारित भएको हुनु पर्नेछ।

(९) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२४ मा उल्लिखित विषय समावेश गरी सामुदायिक बनको कार्ययोजना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तयार गरी स्वीकृतिको लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम स्वीकृतिको लागि पेस हुन आएको सामुदायिक वनको कार्ययोजनामा डिभिजनल वन अधिकृतले अध्ययन गर्दा कुनै कुरा सुधार गर्नु पर्ने देखेमा सामुदायिक वन उपभोक्ता समूहसँगको परामर्श र सहमतिमा सुधार गरी ऐन र यस नियमावलीमा उल्लिखित व्यवस्था र नेपाल सरकारले तोकेका सर्तको पालना गर्ने गरी कार्ययोजना स्वीकृत गरी अनुसूची-२५ बमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनु पर्नेछ।

(११) एउटा जिल्लामा रहेको कुनै वनक्षेत्र सीमाना जोडिएको अर्को जिल्लाको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्नु पर्ने भएमा वनक्षेत्र रहेको जिल्लाको डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूह अवस्थित रहेको डिभिजनल वन अधिकृतको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

(१२) उपनियम (१०) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सामुदायिक वन उपभोक्ता समूहले गर्नेछ।

(१३) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ। सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक दश वर्षमा वा सो अगावै ऐनको दफा १८ को उपदफा (५) बमोजिम हुने गरी कार्ययोजनामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर ऐनको दफा ४२ को प्रयोजनका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नु पर्ने अवस्थामा बाहेक सामुदायिक बनको कार्ययोजना स्वीकृत भएको मितिले दुई वर्षसम्म संशोधन गर्न पाइने छैन।

(१४) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि नयाँ कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ।

(१५) डिभिजनल वन अधिकृत वा निजले खटाएको वन प्राविधिक कर्मचारीले आफ्नो कार्य क्षेत्रभित्रको सामुदायिक बनको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी डिभिजन बन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

४७. <u>सामुदायिक वनको लगत राख्नु पर्ने:</u> (१) डिभिजनल वन अधिकृतले सामुदायिक बन उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत राख्दा सामुदायिक बन उपभोक्ता समूहको नाम, ठेगाना, उपभोक्ता समूहको कोड, दर्ता मिति, उपभोक्ता घरधुरी सङ्ख्या, कार्यसमितिमा रहेका महिला, पुरुष, आदिवासी जनजाति, मधेशी र दलितको सङ्ख्या, वनको क्षेत्रफल, वनको किसिम, वनमा पाइने मुख्य रुख तथा जडीबुटी प्रजाति आदि विवरण सामुदायिक बन उपभोक्ता समूहको तथ्याङ्क कोड अनुसार हुने गरी राख्नु पर्नेछ। सामुदायिक बन उपभोक्ता समूहको कोड विभागले अद्यावधिक गर्नेछ।

(३) उपनियम (२) बमोजिमको लगत डिभिजनल बन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकृतले विभागले तयार गरेको सामुदायिक वनको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

४८. **वन व्यवस्थापन र वन पैदावारको सङ्कलनः** (१) सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित सामुदायिक वनको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख भएका वन संरक्षण, व्यवस्थापन तथा विकासका वार्षिक कार्य त्यस्तो कार्ययोजनामा तोकिएको समयमै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(३) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्नु अघि सब डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गरी डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ।

तर सामुदायिक वन उपभोक्ता समूहभित्र आन्तरिक वितरणका लागि मात्र सङ्कलन गर्ने भएमा सब डिभिजन वन कार्यालयको सहयोग र सहमति लिई सङ्कलन गर्न सकिनेछ र सोको जानकारी सब डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था आई परेमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो वन पैदावारलाई वन क्षेत्रबाट हटाउन वा सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको बार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी कटान गर्न सकिनेछ।

(६) उपनियम (५) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा सामुदायिक वन उपभोक्ता समूहले यथाशक्य छिटो क्षतिको प्रारम्भिक विवरण सहित डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ। यस्तो जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले तत्काल प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहको अनुरोधमा डिभिजनल वन अधिकृतले उपनियम (६) बमोजिम क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालय मार्फत प्रदेश मन्त्रालयको स्वीकृति लिई त्यस्तो वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई अनुमति दिन सक्नेछ।

(८) उपनियम (५) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको बार्षिक स्वीकार्य कटानको परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(९) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रुपमा आफैं ढलेका रुखको लगत मूल्याङ्कन वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी भएमा आगामी वर्षको वार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ।

(१०) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक बनबाट स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा सङ्कलन गर्दा आफ्नै स्रोत वा बैङ्क तथा वित्तीय संस्थाको सहयोग तथा लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्नु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम सामुदायिक वन उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न नसकेमा त्यस्तो उपभोक्ता समूहले सिलबन्दी बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा वन पैदावार सङ्कलन गर्न कबोल गर्ने फर्म वा कम्पनीलाई अनुसूची-२६ बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

तर वन पैदावार सङ्कलन कार्यमा संलग्न भएको फर्म, उद्योग वा कम्पनीले त्यस्तो वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छैन।

(१२) सामुदायिक वन उपभोक्ता समूहले उपनियम (११) बमोजिम काठ, दाउरा सङ्कलन गर्दा स्वीकृत जिल्ला दर रेटमा नबढ्ने गरी खर्च गर्नु पर्नेछ।

(१३) यस नियम बमोजिम सङ्कलन गरेको काठ, दाउरा सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा व्यवस्था भए बमोजिमको सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(१४) काठ, दाउरा बाहेकको जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि सामुदायिक वन उपभोक्ता समूहले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२६ बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन गर्नु पर्नेछ।

४९. **वन पैदावारको बिक्री वितरण र अनुमतिपत्रः** (१) सामुदायिक वन उपभोक्ता समूहले नियम ४८ बमोजिम सङ्कलन गरी घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा नापजाँच गरी आन्तरिक खपत प्रयोजनका लागि आफ्नो समूहको सदस्यलाई बिक्री वितरण गर्दा अनुसूची-२७ बमोजिमको ढाँचामा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई र एक प्रति सम्बन्धित सब डिभिजन वन कार्यालयलाई दिई बाँकी एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा उपनियम (१) बमोजिम समूहभित्र बिक्री वितरण गरी बाँकी रहेको काठ, दाउरा मध्ये नियम २२ को उपनियम (४) बमोजिम जिल्ला वन पैदावार आपूर्ति समितिको लागि छुट्याई बाँकी रहेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको साधारण सभाले निर्णय गरी डिभिजनल वन अधिकृतको सहमतिमा नियम २५ बमोजिम समूह बाहिर लिलाम बिक्री गर्न सक्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा, जडीबुटी तथा अन्य वन पैदावार आफ्नो समूह बाहिर बिक्री वितरण गर्दा अनुसूची-२७ बमोजिमको ढाँचामा तीन प्रति रसिद काट्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो उपभोक्ता समूह वा समूहका सदस्यले एकल वा सामूहिक रुपमा आफैंले स्थापना र सञ्चालन गरेको वन सम्बन्धी लघु उद्यमका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ बमोजिमको मूल्य र सङ्कलन खर्चमा नघट्ने गरी सामुदायिक बनको बन पैदावार उपलब्ध गराउन सक्नेछ।

(५) सामुदायिक बन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख गरी गरिबीको रेखामुनि रहेका वा प्राकृतिक विपद्मा परेका उपभोक्तालाई सहुलियत दरमा वा निःशुल्क काठ, दाउरा उपलब्ध गराउन र अन्य सहुलियत प्रदान गर्न सक्नेछ।

(६) सामुदायिक बन उपभोक्ता समूहले बन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित रुपमा राख्नु पर्नेछ।

(७) सामुदायिक बन उपभोक्ता समूहभन्दा बाहिर व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि बिक्री गरेको सामुदायिक बनको काठ, दाउरा ओसारपसार गर्दा सकारकर्ता वा खरिदकर्ताले डिभिजन बन कार्यालयको सहमति लिई डिभिजन बन कार्यालय र सामुदायिक बन उपभोक्ता समूहको संयुक्त टाँचा लगाई त्यस्तो उपभोक्ता समूहबाट अनुसूची-२८ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र लिई ओसारपसार गर्नु पर्नेछ।

(८) सामुदायिक बनको स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा बाहेकका बन पैदावार सामुदायिक बन उपभोक्ता समूह भन्दा बाहिर बिक्री गरी ओसारपसार गर्दा डिभिजन बन कार्यालयको सहमति लिई त्यस्तो उपभोक्ता समूहको अध्यक्षले अनुसूची-२८ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ।

(९) सामुदायिक बन उपभोक्ता समूहले बन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण आफ्नो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयमा व्यवस्थित रुपमा राखी त्रैमासिक रुपमा सब डिभिजन बन कार्यालय मार्फत डिभिजन बन कार्यालयमा पेस गर्नु पर्नेछ।

५०. **टाँचाको दर्ता र प्रयोगः** (१) सामुदायिक बन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रुख तथा काठमा प्रयोग गर्न अनुसूची-२९ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमुना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी निःशुल्क रुपमा सामुदायिक वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहको टाँचाको विवरण तयार गरी डिभिजनल वन अधिकृतले निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (२) बमोजिम दर्ता भएको टाँचा लगाउनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेबारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ। कुनै कारणवश टाँचा हराएमा वा नोक्सान भएमा सो कुराको तत्काल जानकारी डिभिजन वन कार्यालयलाई दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराउनु पर्नेछ।

(६) डिभिजन वन कार्यालयले उपनियम (५) बमोजिम रद्द गरेको पुरानो टाँचाको विवरण सहितको जानकारी विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

**५१. वन उद्यम सञ्चालन गर्न सक्ने:** (१) सामुदायिक वन उपभोक्ता समूहले बनक्षेत्र बाहिर प्रचलित कानून बमोजिम वन उद्यम दर्ता गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन पैदावारमा आधारित वन उद्यम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम वन उद्यम सञ्चालन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट उपलब्ध हुनसक्ने वन पैदावारको सम्भाव्य परिमाण र वन उद्यम सम्बन्धी क्रियाकलापसहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दुई वा दुईभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रुपमा वन उद्यम सञ्चालन गर्न चाहेमा सम्बन्धित सामुदायिक वन र निजी वनबाट वन उद्यमका लागि उपलब्ध हुन सक्ने वन पैदावारको संयुक्त विवरण, वन उद्यम सम्बन्धी क्रियाकलाप, सामुदायिक वन उपभोक्ता समूह बीच लागत र लाभको बाँडफाँटको खाका सहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमको माध्यमबाट गरिबी निवारण गर्नका लागि सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिमको मुख्य प्रजातिको छत्र घनत्व (क्राउन कभर) नघट्ने, पुनरोत्पादनमा ह्रास नआउने र संवेदनशील वनक्षेत्र तथा जैविक विविधताको संरक्षण हुने गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती गर्न सक्नेछ।

(५) ऐनको दफा ७६ बमोजिम सामुदायिक बनमा कृषि वन प्रणाली अवलम्बन गर्दा कृषिजन्य र वनजन्य रुख प्रजातिका फलफूल उत्पादन हुने रुखबिरुवा लगाउनु पर्नेछ। यसरी रोपिएको वनजन्य रूख प्रजातिले न्यूनतम पचास प्रतिशत छत्र घनत्व ढाक्नु पर्नेछ।

तर सामुदायिक बनमा चिया र कफि लगाउन पाइने छैन ।

(६) सामुदायिक वन उपभोक्ता समूहले वन्यजन्तु सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक वनमा वन्यजन्तु पालन गर्न सक्नेछ।

५२. **सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:** (१) सामुदायिक वन उपभोक्ता समूहले नेपाल सरकारले बनाएको मापदण्डको आधारमा स्वीकृत कार्ययोजनामा समावेश गरी सामुदायिक वनमा अनुसूची-३० बमोजिमका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकायको स्वीकृति लिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह वा सहकारी संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा सामुदायिक बनको स्वीकृत कार्ययोजनाको अधीनमा हुने गरी छुट्टै पर्यापर्यटन व्यवस्थापन योजना तयार गरी प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकाय र सम्बन्धित डिभिजनल वन अधिकृतबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वीकृति लिई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) सामुदायिक वनमा वन्यजन्तु पालन बाहेकका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता हुने गरी कुल वनक्षेत्रको बढीमा पाँच प्रतिशत वा पाँच हेक्टर मध्ये जुन घटी हुन्छ सोही परिमाणमा नबढ्ने गरी पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वनक्षेत्र प्रयोग गर्न सकिनेछ।

तर पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि कुनै भौतिक संरचना निर्माण गर्नु परेमा वनक्षेत्रको आधा हेक्टर भन्दा बढी क्षेत्रफलमा भौतिक संरचना बनाउन पाइने छैन।

(५) उपनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन्यजन्तुको प्रजननस्थल, मुख्य वासस्थान, जैविकमार्ग, भूक्षयको दृष्टिकोणले जोखिमक्षेत्र तथा स्वीकृत कार्ययोजनाले संवेदनशील भनी किटान गरेको वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाइने छैन।

(६) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा ऐन र यस नियमावलीले निषेध गरेका कार्यका साथै अनुसूची-३० बमोजिम निषेध गरिएका कार्य गर्न पाइने छैन।

(७) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम स्थानीय तह, विभिन्न निकाय वा सङ्घ संस्थाबाट आवश्यक सहयोग लिन सक्नेछ।

५३. **<u>सामुदायिक वनको केही भाग गरिबीको रेखामुनिका उपभोक्तालाई उपलब्ध गराउन सक्ने:</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आयआर्जन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नको लागि सामुदायिक वनको कुनै भाग त्यस्तो उपभोक्ता समूहभित्रका गरिबीको रेखामुनि रहेका उपभोक्ताको छुट्टै समूह बनाई प्रयोग गर्न दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वनको जग्गा प्रयोग गर्न दिने विषय सम्बन्धित सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेख भएको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको गरिबीको रेखामुनि रहेका उपभोक्ता पहिचान गर्नको लागि नेपाल सरकारको सम्बन्धित निकायले प्रदान गरेको गरिब परिवार सम्बन्धी परिचयपत्रलाई आधार मान्नु पर्नेछ। त्यस्तो परिचयपत्र नभएको अवस्थामा उपभोक्ताको स्वामित्वमा रहेको जमिन र सो जमिनमा भएको उत्पादनबाट परिवारलाई खान पुग्ने अवधि, रोजगारी र आयआर्जनको अवस्था, पशुपन्छी सङ्ख्या, आर्थिक तथा सामाजिक अवसरमा पहुँच आदि कुराको आधारमा उपभोक्ताको सम्पन्नता स्तरीकरण गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम गरिबीको रेखामुनिका उपभोक्तालाई आयआर्जनका लागि सामुदायिक वनको कुनै भाग उपलब्ध गराउँदा त्यस्ता उपभोक्ता मध्ये अतिविपन्न, भूमिहीन, सीमान्तकृत, एकल महिला र दलित परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(५) उपनियम (३) र (४) बमोजिम पहिचान भएका उपभोक्ता घरधुरीलाई उपनियम (१) बमोजिम वन क्षेत्रको जग्गा प्रयोग गर्न दिंदा एकल रुपमा वा सामूहिक रुपमा आयआर्जनका लागि सामुदायिक वन उपभोक्ता समूहले उपयुक्त ठानेको त्यस्तो सामुदायिक वन क्षेत्रको कुनै भाग दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (५) बमोजिम वन क्षेत्रको जग्गा प्रयोग गर्न दिँदा सामुदायिक बन उपभोक्ता समूह र गरिबीको रेखामुनि रहेका घरधुरीको समूहबीच अनुसूची-३१ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सम्झौता गर्दा त्यस्तो वन क्षेत्रमा त्यस्ता घरधुरीले सञ्चालन गरेको आयआर्जनका क्रियाकलापबाट प्राप्त आय सम्बन्धित घरधुरीले पाउने व्यवस्था गर्नु पर्नेछ ।

(८) उपनियम (१) बमोजिम गरिबीको रेखामुनि रहेका उपभोक्तालाई बन क्षेत्रको जग्गा प्रयोग गर्न दिँदा नियम ४६ को उपनियम (१३) बमोजिम सम्बन्धित उपभोक्ता समूहको कार्ययोजनाको अवधिसम्मको लागि मात्र दिनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको अवधि समाप्त भए पछि गरिबीको रेखामुनि रहेका उपभोक्तालाई पूनः वन क्षेत्रको जग्गा प्रयोग गर्न दिँदा उपनियम (३) बमोजिम गरिबीको अवस्था हेरी गरिबीको रेखामुनि नै रहेका उपभोक्तालाई प्रयोग गर्न दिनु पर्नेछ ।

५४. **<u>सामुदायिक वनमा गर्न नहुने कार्यः</u>** (१) सामुदायिक वनमा ऐन, यस नियमावली तथा स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन।

तर स्वीकृत कार्ययोजनाको अधीनमा रही वन पैदावारको घाटगद्दी निर्माण गरी घेरबार गर्न, समूहको दैनिक कार्य सञ्चालनको लागि सो कार्ययोजनामा तोकिएको स्थानमा समूहको कार्यालय भवन निर्माण गर्न, बनको संरक्षणका लागि टहरा वा छाप्रो वा मचान बनाउन सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ऐन र यस नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक नेपाल सरकारको स्वीकृति नलिई सामुदायिक बनको जग्गा कसैलाई पनि प्रयोग गर्न दिन हुँदैन।

(३) सामुदायिक वन उपभोक्ता समूहले आफूलाई हस्तान्तरण गरेको सामुदायिक बनमा कुनै पनि किसिमको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र कुनै अतिक्रमण भएकोमा डिभिजन वन कार्यालयको समन्वयमा हटाउनु पर्नेछ।

५५. **सामुदायिक वन फिर्ता लिने सम्बन्धी व्यवस्था**: (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक बनमा स्वीकृत कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेकोमा वा त्यस्तो कार्ययोजना बिपरीतको कार्य गरेको वा बातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन र यस नियमावली बमोजिम तोकेका सर्त पालना नगरेको भन्ने जानकारी प्राप्त भएमा डिभिजनल बन अधिकृतले यथाशक्य चाँडो प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी यथार्थ विवरण प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्थलगत निरीक्षण गर्न खटाइएको कर्मचारीले वनक्षेत्रको निरीक्षण समेतको आधारमा प्रतिवेदन तयार गरी डिभिजनल बन अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेस गरिएको प्रतिवेदनबाट उपनियम (१) बमोजिमको अवस्था देखिएमा सो सम्बन्धमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनका आधारमा सामुदायिक वन फिर्ता लिन उचित देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन फिर्ता लिन र त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिएको र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी पन्ध्र दिनभित्र सम्बन्धित उपभोक्ता समूहलाई दिनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिने र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गर्ने गरी गरिएको निर्णय उपर चित्त नबुझ्ने सामुदायिक वन उपभोक्ता समूहले त्यस्तो निणर्यको सूचना पाएको मितिले पैंतिस दिनभित्र प्रदेश वन निर्देशक समक्ष पुनरावेदन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिमको पुनरावेदन परेको मितिले नब्बे दिनभित्र प्रदेश वन निर्देशकले निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ। यस सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-७

## साझेदारी वन

**५६. साझेदारी वन उपभोक्ता समूहको गठनः** (१) नियम १४ बमोजिमको रणनीतिक योजनाले तोकेको वन क्षेत्रलाई साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भाग साझेदारी वनको रुपमा विकास र संरक्षण गर्न चाहने बनक्षेत्रको नजिकै वा वनबाट टाढा रहेका परम्परागत उपभोक्ताले ऐनको दफा २४ र दफा ३१ बमोजिम साझेदारी वन उपभोक्ता समूह गठन गर्न आवश्यक सहयोगका लागि सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले यथाशक्य चाँडो आवश्यक सहयोग उपलव्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम खटिएको कर्मचारीले उपभोक्ताले माग गरेको बनक्षेत्र साझेदारी वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखेमा सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई साझेदारी वन उपभोक्ता समूह गठन गर्न र सोको विधान तयार गर्न उपभोक्तालाई सहयोग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम उपभोक्ता पहिचान गरी साझेदारी बन उपभोक्ता समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) साझेदारी वन उपभोक्ता समूहको विधानमा अनुसूची-३२ मा उल्लिखित विषय समावेश भएको हुनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम तयार भएको साझेदारी वन उपभोक्ता समूहको विधान त्यस्तो उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-२० बमोजिमको ढाँचामा सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम साझेदारी वन उपभोक्ता समूह दर्ताको लागि निवेदन परेमा र त्यस्तो उपभोक्ता समूह ऐन र यस नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो साझेदारी वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-३३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(९) साझेदारी वन उपभोक्ता समूह एक प्रतिनिधिमूलक संस्था हुनेछ।

(१०) साझेदारी वन उपभोक्ता समूहमा देहाय बमोजिमका सदस्य रहनेछन्:-

(क) नियम ६० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडास्तरीय उपभोक्ता भेलाबाट छनोट भएका दुईजना महिला, उपलब्ध भएसम्म दलित, आदिवासी जनजाति र मधेशीबाट एक-एकजना सहित जम्मा सातजना,

(ख) नियम ६० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट एकजनाको दरले छनोट भएका प्रतिनिधि,

(ग) नियम ६० बमोजिम निर्धारण गरिएको साझेदारी बन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य एक जना।

(११) उपनियम (१०) को खण्ड (क) बमोजिमका सदस्य नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आर्थिक लाभ प्राप्त गर्ने व्यक्ति हुनु हुँदैन ।

(१२) उपनियम (१०) को खण्ड (क) बमोजिमका सदस्य मध्येबाट छनोट भएको व्यक्ति साझेदारी बन उपभोक्ता समूहको अध्यक्ष हुनेछ।

(१३) साझेदारी बन उपभोक्ता समूहको अध्यक्ष तथा सदस्यको पदावधि सो समूहको विधानको अधीनमा रही बढीमा पाँच वर्षको हुनेछ।

(१४) कुनै पनि व्यक्ति साझेदारी बन उपभोक्ता समूहको अध्यक्ष पदमा बढीमा दुई कार्यकाल मात्र छनोट हुन पाउनेछ।

**५७.** **<u>साझेदारी बन व्यवस्थापन समितिः</u>** (१) साझेदारी बनको व्यवस्थापनका लागि ऐनको दफा २३ बमोजिमका साझेदारहरुको तर्फबाट निर्णय गर्नको लागि देहाय बमोजिमको एउटा साझेदारी बन व्यवस्थापन समिति रहनेछः-

(क) साझेदारी बन उपभोक्ता समूहको अध्यक्ष -अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट छनोट भएका प्रतिनिधि सदस्य मध्येबाट छनोट भएको एकजना -उपाध्यक्ष

(ग) साझेदारी वन उपभोक्ता समूहका सदस्य मध्येबाट साधारण सभाले छनोट गरेका कम्तीमा तीन जना महिला, उपलब्ध भएसम्म दलित, आदिबासी जनजाति र मधेसीबाट एक-एक जना सहित बढीमा तेहजना -सदस्य

(घ) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र रहेका प्रत्येक वडाबाट छनोट भएका निर्वाचित प्रतिनिधि मध्येबाट छनोट भएका एकजना -सदस्य

(ङ) डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृत -सदस्य-सचिब

(२) साझेदारी वन व्यवस्थापन समितिको दैनिक कार्य सञ्चालन तथा साझेदारी बनको स्वीकृत कार्ययोजना कार्यान्बयन गर्न साझेदारी वन व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देहाय बमोजिमको कार्यान्वयन एकाइ रहनेछः-

(क) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

(ख) उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुले आफू मध्येबाट छनोट गरेका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(ग) उपनियम (१) को खण्ड (घ) बमोजिमका सदस्यहरुले आफू मध्येबाट छनोट गरेको एक जना -सदस्य

(घ) सम्बन्धित सब डिभिजन वन कार्यालयको सहायक वन अधिकृत -सदस्य-सचिव

(३) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारी र सदस्यको पदावधि बढीमा पाँच वर्षको हुनेछ र पदावधि सकिनु अगावै नयाँ पदाधिकारी र सदस्यको चयन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम जिम्मेवारी हस्तान्तरण नभएमा नयाँ पदाधिकारी र सदस्य चयन नहुँदासम्म डिभिजनल वन अधिकृतले साझेदारी वनको कार्ययोजनाको कार्यान्वयन गर्नेछ र तीन महिनाभित्र व्यवस्थापन समिति गठन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८. **<u>साझेदारी वन उपभोक्ता समूहको कोष सञ्चालन सम्बन्धी व्यवस्था:</u>** (१) साझेदारी वन उपभोक्ता समूहको कोषको खाता त्यस्तो उपभोक्ता समूहको अध्यक्ष र नियम ५७ को उपनियम (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समितिको सदस्य मध्येबाट सो समितिले छनोट गरेको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) साझेदारी वन उपभोक्ता समूहले कोषको रकम सो समूहले स्वीकृत गरेको कार्यक्रम र योजनामा मात्र खर्च गर्नु पर्नेछ। यसरी सो कोषको रकम खर्च गर्दा डिभिजन वन कार्यालयबाट कार्यक्रम स्वीकृत गराएर मात्र गर्नु पर्नेछ।

(३) नियम ५७ को उपनियम (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समिति र सोही नियमको उपनियम (२) बमोजिमको कार्यान्वयन एकाइको कार्य सञ्चालन खर्च साझेदारी वन उपभोक्ता समूहको कोषबाट व्यहोरिनेछ।

(४) साझेदारी वन उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति र आम्दानी र खर्चको लेखा तथा अभिलेख प्रचलित कानून बमोजिम सार्वजनिक निकायको प्रयोजनको लागि स्वीकृत ढाँचामा दुरुस्त राख्नु पर्नेछ।

(५) साझेदारी वन उपभोक्ता समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(६) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले साझेदारी वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९. **वार्षिक प्रतिवेदन पेस गर्नु पर्ने:** (१) साझेदारी वन उपभोक्ता समूहले अनुसूची-२२ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले वर्षभरी गरेका क्रियाकलापको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वार्षिक प्रतिवेदन पेस गर्दा साझेदारी वन उपभोक्ता समूहले लेखापरीक्षण प्रतिवेदन समेत पेस गर्नु पर्नेछ।

६०. **क्षेत्र निर्धारण र कार्ययोजना तर्जुमा:** (१) डिभिजनल वन अधिकृतले स्थानीय तहको परामर्शमा तथा साझेदारी वन उपभोक्ता समूहको सहभागितामा देहायका विषयलाई आधार लिई साझेदारी वन व्यवस्थापन क्षेत्र निर्धारण गर्नु पर्नेछः-

(क) नियम १४ बमोजिमको रणनीतिक योजनाले साझेदारी वनको रुपमा व्यवस्थापन हुन सक्ने भनी पहिचान गरेका क्षेत्र,

(ख) ऐनको दफा २३ को उपदफा (१) बमोजिमका उद्देश्यका लागि उपयुक्त हुन सक्ने वनक्षेत्र।

(२) ऐनको दफा २३ को उपदफा (१) बमोजिमको उद्देश्य हासिल गर्नका लागि डिभिजनल वन अधिकृतले स्थानीय तहसँगको परामर्श र साझेदारी वन उपभोक्ता समूहको सहभागितामा अनुसूची-३४ मा उल्लिखित विषयवस्तु समावेश हुने गरी साझेदारी वनको कार्ययोजना तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम तयार भएको कार्ययोजना साझेदारी वन उपभोक्ता समूहले पारित गरी साझेदारी वन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थापन समितिको सिफारिसमा डिभिजनल वन अधिकृतले आफ्नो राय सहित स्वीकृतिको लागि प्रदेश वन निर्देशक समक्ष पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त कार्ययोजना प्रदेश वन निर्देशकले प्राविधिक परीक्षणको लागि नियम ३९ को उपनियम (२) बमोजिमको प्राविधिक समितिमा पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कार्ययोजना प्राप्त भएकोमा प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी कार्ययोजनाको प्राविधिक परीक्षण गरी सिफारिससाथ स्वीकृतिको लागि प्रदेश वन निर्देशक समक्ष पेस गर्नु पर्नेछ र प्रदेश वन निर्देशकले प्रदेश मन्त्रालयको सहमति लिई कार्ययोजना स्वीकृत गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम स्वीकृत कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने भएमा साझेदारी वन व्यवस्थापन समिति र डिभिजन वन कार्यालयको सिफारिसमा प्रदेश वन निर्देशकले संशोधन गर्न सक्नेछ।

तर प्रदेश वन निर्देशकले आवश्यक ठानेमा संशोधन गर्नु अघि प्राविधिक परीक्षणको लागि नियम ३९ को उपनियम (२) बमोजिमको प्राविधिक समितिमा पठाउन सक्नेछ।

(७) साझेदारी वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ। कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि नयाँ कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१. **कार्ययोजनाको कार्यान्वयन:** (१) साझेदारी वनको स्वीकृत कार्ययोजनाको कार्यान्वयन साझेदारी बन व्यवस्थापन समितिले गर्नेछ।

(२) साझेदारी बनको कार्ययोजनाको कार्यान्वियन गर्दा साझेदारी बन व्यवस्थापन समितिले स्वीकृत कार्ययोजनाको अधीनमा रही वार्षिक कार्यक्रम तयार गरी नियम १२२ बमोजिमको जिल्ला बनक्षेत्र समन्वय समितिलाई जानकारी दिई गर्नु पर्नेछ।

(३) साझेदारी बनको स्वीकृत कार्ययोजना कार्यान्वयनको लागि डिभिजन बन कार्यालयले आवश्यक पर्ने कर्मचारी खटाउनु पर्नेछ।

(४) साझेदारी बनको कार्ययोजनाको तयारी तथा कार्यान्वयनका लागि व्यवस्थापन समितिले बन प्राविधिक, विभिन्न निकाय र सङ्घ संस्थाबाट सहयोग लिन तथा सेवा खरिद गर्न सक्नेछ।

६२. **साझेदारी बनको लगत राख्ने:** (१) साझेदारी बनको कार्ययोजना स्वीकृत भएपछि निर्देशनालयले लगत राखी सोको विवरण र एक प्रति कार्ययोजना विभाग र प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) डिभिजनल बन अधिकृतले साझेदारी बन उपभोक्ता समूहको लगत अद्यावधिक गरी राख्नु पर्नेछ र विभागले तयार गरेको साझेदारी बनको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

६३. **बन व्यवस्थापन गरी बन पैदावारको सङ्कलन:** (१) स्वीकृत कार्ययोजना बमोजिम बन व्यवस्थापन गरी बन पैदावारको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था भएमा त्यस्तो वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपनियम (२) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको प्रारम्भिक विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) मा उल्लेख भए बमोजिमको क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालय मार्फत प्रदेश मन्त्रालयको स्वीकृति लिई सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(६) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रुपमा आफैं ढलेका रुखको लगत मूल्याङ्कन वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी भएमा आगामी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षको वार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी डिभिजन बन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ।

(७) साझेदारी बनबाट काठ, दाउरा सङ्कलन गर्दा नियम १९ बमोजिम छपान तथा मूल्याङ्कन गरी गर्नु पर्नेछ।

६४. **<u>वन पैदावारको उपयोग तथा बिक्री वितरण:</u>** (१) साझेदारी बनबाट उत्पादित काठ, दाउरा मध्ये सत्तरी प्रतिशत काठ, दाउरा त्यस्तो साझेदारी बनको उपभोक्ता समूहलाई उपलब्ध गराई बाँकी तीस प्रतिशत काठ, दाउरा डिभिजनल बन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

(२) काठ, दाउरा बाहेकका बल्लाबल्ली, जडीबुटी तथा बनस्पतिजन्य बन पैदावार साझेदारी बन उपभोक्ता समूहको हुनेछ। यस्ता बन पैदावारको सङ्कलन तथा उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(३) स्वीकृत कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त उपनियम (१) बमोजिम साझेदारी बन उपभोक्ता समूहको हिस्सामा परेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको आन्तरिक खपतलाई प्राथमिकता दिई अनुसूची-६ मा उल्लिखित मूल्यमा नघटाई बिक्री वितरण गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बिक्री वितरण गर्दा समूहभित्र खपत नभई बाँकी रहेको काठ, दाउरामात्र साझेदारी बन उपभोक्ता समूहले डिभिजन बन कार्यालयको सहमति लिई अनुसूची-६ मा उल्लिखित मूल्यमा नघटाई नियम २५ बमोजिम पूर्ण प्रतिस्पर्धाको आधारमा त्यस्तो उपभोक्ता समूह बाहिर लिलाम बिक्री गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने काठ, दाउरा बाहेकका बन पैदाबार त्यस्तो उपभोक्ता समूहले समूहभित्र बिक्री वितरण गर्दा वन पैदावारको लगत राखी अनुसूची-३५ बमोजिमको ढाँचामा तीन प्रति रसिद काटी वन पैदाबार उपलब्ध गराउनु पर्नेछ।

(६) साझेदारी वन उपभोक्ता समूहले त्यस्तो उपभोक्ता समूह बाहिर बिक्री गरेको वन पैदाबार ओसारपसार गर्न डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-२८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(७) साझेदारी वन उपभोक्ता समूहले समूहबाहिर बन पैदावार बिक्री वितरण गर्दा अनुसूची-३५ बमोजिमको ढाँचाको रसिद काटी चलानी पुर्जी दिनु पर्नेछ।

(८) साझेदारी वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित राख्नु पर्नेछ।

(९) साझेदारी बन उपभोक्ता समूहले बिक्री वितरण भएको वन पैदावारको लगत तथा आम्दानी र खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ।

(१०) साझेदारी वन उपभोक्ता समूहले बनक्षेत्र बाहिर प्रचलित कानून बमोजिम वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न सक्नेछ।

६५. **<u>टाँचाको दर्ता र प्रयोगः</u>** (१) साझेदारी वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रूख र काठमा प्रयोग गर्नका लागि अनुसूची-२९ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल बन अधिकृतले टाँचाको नमुना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी निःशुल्क रुपमा साझेदारी बन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ। डिभिजन वन कार्यालयले दर्ता भएका टाँचाको अद्यावधिक विवरण तयार गरी निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(३) साझेदारी बन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ।

(४) साझेदारी बन उपभोक्ता समूहको टाँचा कुनै कारणवश हराएमा वा नोक्सान भएमा त्यस्तो उपभोक्ता समूहले डिभिजन बन कार्यालयलाई सोको तत्काल जानकारी दिनु पर्नेछ। यस्तो अवस्थामा साझेदारी बन उपभोक्ता समूहले पुरानो टाँचा रद्द गराई नयाँ टाँचा बापत दुईहजार पाँचसय रुपैयाँ दस्तुर बुझाई डिभिजन बन कार्यालयमा नयाँ टाँचा दर्ता गराई प्रयोग गर्नु पर्नेछ। यसरी प्राप्त भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी डिभिजन बन कार्यालयले विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन बन कार्यालयलाई दिनु पर्नेछ।

(६) साझेदारी बनबाट उत्पादित साझेदारी बन उपभोक्ता समूह बाहिर बिक्री वितरण हुने काठ, दाउराको ओसारपसार गर्दा साझेदारी बन उपभोक्ता समूह र डिभिजन बन कार्यालय दुवैको टाँचा प्रयोग गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६. **साझेदारी वनमा गर्न नहुने कार्यः** (१) साझेदारी वनभित्र ऐन, यस नियमावली र स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन।

(२) नेपाल सरकारको स्वीकृति बाहेक साझेदारी वनको जग्गा कसैलाई पनि प्रयोग गर्न दिन हुँदैन।

(३) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वनभित्र कुनै पनि प्रकारको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र अतिक्रमण भएको क्षेत्र डिभिजन वन कार्यालयको समन्वयमा तत्काल हटाउनु पर्नेछ।

(४) कुनै साझेदारी वन उपभोक्ता समूह वा नियम ५७ बमोजिमको साझेदारी वन व्यवस्थापन समितिले स्वीकृत कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा, त्यस्तो कार्ययोजना विपरीतको कार्य गरेमा, वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा ऐन र यस नियमावली बमोजिम तोकेका सर्त पालना नगरेमा प्रदेश वन निर्देशकले सो विषयमा जाँचबुझ गरी त्यस्तो समूह वा समिति विघटन गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम साझेदारी वन उपभोक्ता समूह वा साझेदारी वन व्यवस्थापन समिति विघटन गर्नु अघि त्यस्तो समूह वा समितिलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम साझेदारी वन उपभोक्ता समूह विघटन भएमा डिभिजनल वन अधिकृतले अर्को उपभोक्ता समूह गठन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) उपनियम (४) बमोजिम साझेदारी वन व्यवस्थापन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समिति विघटन भएमा डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष परिबर्तन गर्न लगाई साझेदारी वन व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-८

## कबुलियती वन

६७. **कबुलियती वन उपलब्ध गराउँदा प्रस्ताव माग गर्नु पर्नेः** (१) डिभिजनल वन अधिकृतले नियम १४ बमोजिमको रणनीतिक योजनाको अधीनमा रही ऐनको दफा २६ को उपदफा (१) बमोजिमको कबुलियती वन उपलब्ध गराउन सकिने वनक्षेत्रको विवरण वार्षिक रुपमा अद्यावधिक गरी विभाग तथा प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरणमा देहायको वन क्षेत्रलाई समेट्नु पर्नेछः-

(क) झाडी बुट्यान भएको,

(ख) बीस प्रतिशतभन्दा कम छत्र घनत्व भएको,

(ग) अतिक्रमण भएको क्षेत्र वा अतिक्रमण हटाई फिर्ता लिएको क्षेत्र वा अतिक्रमण हुनसक्ने,

(घ) प्राकृतिक विपद्का कारण क्षति भई पुनर्स्थापना वा पुनःउकास भएको,

(ङ) भू-संरक्षणको हिसाबले संवेदनशील तथा संरक्षण गर्नु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) प्राकृतिक संरचनामा कुनै किसिमको परिवर्तन नगरी अध्यात्मिक वा सांस्कृतिक पर्यापर्टनको लागि उपयुक्त रहेको,

(छ) नियम १४ को उपनियम (२) बमोजिमको रणनीतिक योजनाले कबुलियती वनको रुपमा व्यवस्थापन गर्न सकिने गरी तोकेको ।

(३) विभागले उपनियम (१) बमोजिम प्राप्त विवरणको आधारमा आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी राष्ट्रिय वनको त्यस्तो भाग कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त हुने देखेमा सो सम्बन्धी आवश्यक विवरण खुलाई विभिन्न वनक्षेत्रको लागि (प्रत्येक वर्ष भदौ तथा माघ महिनाको पहिलो हप्तामा गरी दुई पटक) राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिने सूचना प्रकाशन गरी सिलबन्दी प्रस्ताव आह्वान गर्नु पर्नेछ। यस्तो प्रस्ताव आह्वान सम्बन्धी सूचना विभाग, प्रदेश मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम आह्वान गरेको प्रस्तावमा सहभागी हुन चाहने इच्छुक सङ्गठित संस्थाले अनुसूची-३६ मा उल्लिखित विषय समावेश गरी प्राविधिक प्रस्ताव र आर्थिक तथा व्यावसायिक प्रस्ताव तयार गरी विभागमा पेस गर्नु पर्नेछ।

६८. **प्रस्तावको मुल्याङ्कन गर्ने:** (१) नियम ६७ बमोजिमको प्रस्ताव पेस हुन आएमा विभागले स्थलगत अनुगमनको लागि प्राविधिक टोली खटाउनु पर्नेछ। सो टोलीले प्राविधिक प्रस्तावमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उल्लिखित विवरणलाई वनक्षेत्रको स्थलगत वस्तुस्थितिसँग भिडाई आवश्यक जाँचबुझ गरी उपयुक्तताको आधारमा विभागलाई सिफारिस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको टोलीले कबुलियती बन प्रदान गर्न उपयुक्त छ भनी सिफारिस गरेमा विभागमा प्राप्त प्रस्तावको मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | उपमहानिर्देशक, विभाग | -अध्यक्ष |
| (ख) | सम्बन्धित प्रदेश वन निर्देशक | -सदस्य |
| (ग) | उपसचिव, कोष तथा लेखा नियन्त्रकको कार्यालय | -सदस्य |
| (घ) | उपसचिव (लेखा), विभाग | -सदस्य |
| (ङ) | उपसचिव (प्राविधिक), प्रदेश मन्त्रालय | -सदस्य |
| (च) | सम्बन्धित डिभिजनल वन अधिकृत | -सदस्य |
| (छ) | कानून अधिकृत, विभाग | -सदस्य |
| (ज) | महानिर्देशकले तोकेको विभागको अधिकृत | -सदस्य-सचिव |

(३) उपनियम (२) बमोजिमको मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपनियम (२) बमोजिमको मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा अनुसूची-३७ मा उल्लिखित आधारमा गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावमा असी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्नेको आर्थिक तथा व्यावसायिक प्रस्ताव खोली व्यावसायिक योजनाको आधारमा अनुसूची-३८ बमोजिमको वा सो भन्दा बढी रोयल्टी रकम प्रस्ताव गर्ने उपयुक्त एक प्रस्तावकलाई कबुलियती वन प्रदान गर्न सिफारिस गर्नु पर्नेछ र विभागले सो सिफारिस सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम विभागबाट पेस भएकोमा मन्त्रालयले सो उपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब लागेमा त्यस्तो कबुलियती वन उपलब्ध गराउन नेपाल सरकार समक्ष स्वीकृतिको लागि पेस गर्नेछ र नेपाल सरकारले उपयुक्तताको आधारमा त्यस्तो स्वीकृति दिन सक्नेछ।

(७) यस नियम बमोजिम उपलब्ध हुने कबुलियती वनको क्षेत्रफल बढीमा पचास हेक्टर हुनेछ।

६९. **कबुलियती वनको अवधि र कार्ययोजना:** (१) नियम ६८ को उपनियम (६) बमोजिम नेपाल सरकारबाट कबुलियती वन प्रदान गर्न स्वीकृति भएमा विभागले त्यस्तो सङ्गठित संस्थालाई ऐन र यस नियमावलीको परिधिभित्र रही कबुलियती वनको कार्ययोजना तयार गर्न लगाउनु पर्नेछ।

(२) कबुलियती वनको कार्ययोजना स्वीकृत गर्नु अघि कबुलियती वन लिन चाहने सङ्गठित संस्थाले प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कबुलियती वनको कार्ययोजना पेस भएमा विभागले त्यस्तो कार्ययोजना स्वीकृत गरी सर्त तोकी अनुसूची-३९ बमोजिमको ढाँचामा कबुलियतनामा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराई बढीमा तीस वर्ष अवधिको लागि अनुसूची-४० बमोजिमको ढाँचामा कबुलियती बनको प्रमाणपत्र दिनेछ। यस्तो प्रमाणपत्र वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ।

(४) विभागले उपनियम (३) बमोजिम सर्त तोक्दा प्रस्तावकले देहाय बमोजिमका कार्य गर्न नपाउने गरी निषेध गर्नु पर्नेछः-

(क) वनक्षेत्रभित्र बग्ने नदीनाला, खोलाको स्रोत थुनछेक गर्न वा फर्काउन,

(ख) वनस्पतिको विकासमा अवरोध पुऱ्याउन, जीवजन्तुको वासस्थानमा हानि नोक्सानी पुऱ्याउन, प्राकृतिक वा भौतिक स्वरुप बिगार्न वा सिमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउन,

(ग) कबुलियतमा लिएको बाहेक अन्य वनक्षेत्र अतिक्रमण गर्न,

(घ) जलचर वा अन्य कुनै किसिमका जनावर पशुपन्छी वा जीवजन्तुलाई हानि नोक्सानी हुने गरी कुनै किसिमको विषादी प्रयोग गर्न,

(ङ) ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्न वा खानी सञ्चालन गर्न,

(च) वरिपरिका स्थानीय बासिन्दाको सामाजिक तथा सांस्कृतिक रीतिरिवाज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र सांस्कृतिक तथा धार्मिकस्थलमा अवरोध पुग्ने कार्य गर्न वा गराउन,

(छ) बाटोघाटो, खोलानाला र पानीका स्रोतको निर्बाध उपयोग जस्ता परम्परागत अधिकारको उपयोगमा व्यवधान उत्पन्न गर्न वा गराउन,

(ज) स्वीकृत कार्ययोजना बमोजिम तोकिएको क्षेत्र बाहेक अन्यत्र रात बिताउन, क्याम्प गर्न, आगो बाल्न, होहल्ला गर्न वा आवाज निकाल्ने कार्य गर्न,

(झ) वन्यजन्तु वा स्थानीय समुदायलाई असर पर्ने गरी कुनै कार्य गर्न,

(ञ) कबुलियती वनभित्रको बाटोमा कालोपत्रे गर्न।

(५) कबुलियती वनमा स्वीकृत कार्ययोजना बमोजिमको पूर्वाधार निर्माण गर्दा बाटो बाहेक कबुलियती वनको क्षेत्रफलको दश प्रतिशत वा पाँच हेक्टरमा जुन कम हुन्छ सोही क्षेत्रफलमा मात्र गर्नु पर्नेछ।

(६) कबुलियती वनको कार्ययोजना संशोधन गर्नु परेमा विभागले मन्त्रालयको सहमति लिई कार्ययोजनामा आवश्यक संशोधन गर्न सक्नेछ।

(७) कबुलियती वनको अवधि समाप्त भएपछि कबुलियती वनमा रहेको चल अचल सम्पत्ति मन्त्रालय मार्फत नेपाल सरकारलाई बुझाउनु पर्नेछ। यसरी फिर्ता आएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कबुलियती वन मन्त्रालय आफैंले व्यवस्थापन गर्न वा प्रतिस्पर्धा गराई कुनै सङ्गठित संस्थालाई व्यवस्थापन गर्न दिन सक्नेछ।

तर कबुलियती वन लिएको सङ्गठित संस्थाले सोही कबुलियती वन पुनः लिन चाहेमा त्यस्तो वनक्षेत्र पुनः मूल्याङ्कन गरी नेपाल सरकारले बढीमा थप तीस वर्षसम्मको लागि प्रदान गर्न सक्नेछ।

(८) कबुलियती वन प्राप्त गर्ने सङ्गठित संस्थाले सम्झौतामा उल्लिखित म्यादभित्र स्वीकृत कार्ययोजना बमोजिमको कार्य सुरु गर्नु पर्नेछ।

(९) सम्झौतामा उल्लिखित म्यादभित्र स्वीकृत कार्ययोजना बमोजिमको कार्य सुरु गर्न नसकेमा सोको मनासिब कारण देखाई निवेदन दिएमा विभागले कबुलियती वनको कार्य सुरु गर्ने म्याद बढीमा छ महिनाको लागि थप गर्न सक्नेछ र सो म्यादभित्र पनि त्यस्तो कार्ययोजना बमोजिमको कार्य सुरु नगरेमा कबुलियती वन लिने सङ्गठित संस्थासँग भएको सम्झौता स्वतः खारेज भई त्यस्तो कबुलियती वन सरकारद्वारा व्यवस्थित वनमा परिणत हुनेछ।

(१०) उपनियम (३) बमोजिम कबुलियती वनको प्रमाणपत्र उपलब्ध गराएपछि विभागले त्यसको लगत राखी सोको जानकारी मन्त्रालय, प्रदेश मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(११) यस नियम बमोजिम उपलब्ध हुने कबुलियती वनमा अनुसूची-४१ बमोजिमका पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७०. **कबुलियती वनको वार्षिक रोयल्टीः** (१) नियम ६९ बमोजिम दिइने कबुलियती वनको न्यूनतम वार्षिक रोयल्टी अनुसूची-३८ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको रोयल्टीको अतिरिक्त नियम ६९ बमोजिम कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनले प्रदान गर्ने वस्तु वा सेवा बिक्री गरे बापत जारी गर्ने बिलबिजकको पाँच प्रतिशत रकम संरक्षण शुल्क बापत नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) नियम ६९ बमोजिम कबुलियती वन लिने सङ्गठित संस्थाले प्रत्येक आर्थिक बर्षको असार मसान्तसम्ममा सम्झौतामा उल्लेख भए बमोजिमको वार्षिक रोयल्टी विभागमा बुझाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र रोयल्टी नबुझाउने सङ्गठित संस्थासँग भएको कबुलियती वनको सम्झौता विभागले खारेज गर्न सक्नेछ।

तर त्यस्तो सङ्गठित संस्थाले म्यादभित्र रोयल्टी बुझाउन नसकेको मनासिब माफिकको कारण खुलाई सम्झौता खारेज भएको तीन महिनाभित्र मन्त्रालयमा पुनरावेदन गरेमा मन्त्रालयले उपनियम (१) बमोजिम लाग्ने रोयल्टी रकममा शत प्रतिशत थप जरिबाना लिई सम्झौता कायम राख्न सक्नेछ।

७१. **कबुलियती वनको संरक्षणः** (१) नियम ६९ बमोजिम कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको स्वामित्व नेपाल सरकारको हुनेछ। कबुलियती वन लिने सङ्गठित संस्थाले त्यस्ता रुख बिरुवा लगायत कबुलियती वनको संरक्षणको उचित व्यवस्था गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख बिरुवाको सर्वेक्षण तथा मूल्याङ्कन गरी सोको बढीमा बीस प्रतिशतसम्मको रकम कबुलियती वन लिने सङ्गठित संस्थाबाट धरौटी लिनु पर्नेछ।

(३) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनको संरक्षणको लागि कुनै सहयोग माग गरेमा डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन र अन्य निकाय समक्ष सहयोगका लागि सिफारिस गर्न सक्नेछ।

(४) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख ढलेमा सङ्गठित संस्थाले डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ। यसरी रुख ढलेको जानकारी प्राप्त भएमा डिभिजन वन कार्यालयले त्यस्ता रुख यस नियमावली बमोजिम सङ्कलन गर्नु पर्नेछ।

(५) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख कबुलियती वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्दा वा अन्य कुनै मनासिब कारणले हटाउनु पर्ने भएमा विभागको निर्देशनमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछ।

७२. <u>**वन पैदावारको उत्पादन र उपयोगः**</u> (१) ऐनको दफा २६ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रयोजनको लागि प्रदान गरिएको कबुलियती वनको वन पैदावार स्वीकृत कार्ययोजनामा उल्लिखित परिमाणमा त्यस्तो कार्ययोजनामा उल्लिखित सर्तको अधीनमा रही उपयोग वा बिक्री वितरण गर्न सकिनेछ।

(२) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनमा वृक्षारोपण गरेको वन पैदावारको प्रजाति र परिमाण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खुलाई डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कबुलियती बनको बन पैदावार सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा र सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

७३. **<u>गरिबीको रेखामुनि रहेका जनताका लागि कबुलियती वन उपलब्ध गराउन सकिने:</u>** (१) ऐनको दफा २६ को उपदफा (२) को प्रयोजनको लागि डिभिजनल वन अधिकृतले गरिबीको रेखामुनि रहेका जनताका लागि कबुलियती वन समूह गठन गरी राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रुपमा उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कबुलियती वन लिन चाहने समूहले डिभिजन वन कार्यालयमा समूह गठन तथा कार्ययोजना तयार गर्न निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा कबुलियती वन समूहमा कम्तीमा पाँच घरधुरीको सहभागिता हुनु पर्नेछ र सोको लागि घरधुरी पहिचान गर्दा डिभिजनल वन अधिकृतले स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्श लिन सक्नेछ।

(४) उपनियम (२) बमोजिम कबुलियती वन लिन चाहने व्यक्तिको मानव विकास सूचकाङ्कको परीक्षण गरी गरिबीको रेखामुनि रहेको यकिन गर्नु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम माग गरिएको बनक्षेत्र कबुलियती वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा डिभिजन वन कार्यालयले कबुलियती वन समूह गठन तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूह गठन गरी समूहको सहभागितामा अनुसूची-४२ मा उल्लिखित विषय समावेश हुने गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(७) यस नियम बमोजिमको कबुलियती वन समूहको कार्ययोजना त्यस्तो समूहको निर्णयसहित डिभिजन वन कार्यालयमा स्वीकृतिका लागि पेस गर्नु पर्नेछ।

(८) डिभिजनल वन अधिकृतले यस नियम बमोजिमको कबुलियती वन समूह गठनको लगत राखी कबुलियती वन समूहको कार्ययोजना स्वीकृत गरी अनुसूची-४३ बमोजिमको ढाँचामा कबुलियतनामा गराई अनुसूची-४४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(९) यस नियम बमोजिम गरिबीको रेखामुनिका जनतालाई एक पटकमा दश वर्षको लागि कबुलियती वन उपलब्ध गराईनेछ ।

(१०) डिभिजनल वन अधिकृतले यस नियम बमोजिम कबुलियती वन समूह र कबुलियती वन समूहलाई उपलब्ध गराएको वनक्षेत्रको जग्गाको मोठ राख्नु पर्नेछ र यसको वार्षिक विवरण निर्देशनालयमा पठाउनु पर्नेछ।

(११) यस नियम बमोजिम कबुलियती वन समूहलाई उपलब्ध गराईएको कबुलियती वनको हकमा वार्षिक रोयल्टी लाग्ने छैन।

(१२) यस नियम बमोजिमका कबुलियती वन समूहका घरधुरी सदस्य छुट्टी भिन्न भएमा कबुलियती वनको उपयोग गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोजनका लागि एकाघरकै मानिने छ। कुनै सदस्यले कबुलियती बन समूह छोडी गएमा निजको कबुलियती बन समूहको सदस्यता स्वतः रद्द हुनेछ।

(१३) उपनियम (३) बमोजिमको कबुलियती बन समूहमा रहेको घर परिवारको सङ्ख्या पाँच भन्दा कम भएमा त्यस्तो बन क्षेत्र कबुलियती बनको रुपमा कायम रहने छैन ।

७४. **<u>पुनः कबुलियती बन उपलब्ध गराउन सकिने:</u>** (१) नियम ७३ को उपनियम (९) बमोजिमको अवधि समाप्त भए पछि गरिबीको रेखामुनिका जनताले पुनः कबुलियती बन लिन चाहेमा त्यस्ता जनताको समूहलाई पूनः कबुलियती बन उपलब्ध गराउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम पुनः कबुलियती बन उपलब्ध गराउँदा कबुलियती बन लिन चाहने व्यक्तिहरुको मानव विकास सूचकाङ्कको परीक्षण गरी गरिबीको रेखामुनि रहेको यकिन गरेर मात्र गराउनु पर्नेछ ।

(३) यस नियम बमोजिम गरिबीको रेखामुनि रहेका जनतालाई पुनः कबुलियती बन उपलब्ध गराइएमा सोको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

७५. **<u>कबुलियती बनको व्यवस्थापन:</u>** (१) नियम ७३ बमोजिमको कबुलियती बनमा रहेका बन पैदावारको संरक्षण र उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(२) नियम ७३ बमोजिमको कबुलियती बन समूहले प्रचलित कानूनको अधीनमा रही स्वीकृत कार्ययोजना बमोजिम बन उद्यम र बनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) नियम ७३ बमोजिमको कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न र प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) नियम ७३ बमोजिमको कबुलियती वन समूहले स्वेच्छाले कबुलियती वन फिर्ता गर्न चाहेमा डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिई सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्नु पर्नेछ।

(५) नियम ७३ बमोजिमको कबुलियती वन समूहले स्वीकृत कार्ययोजनाको विपरीत कार्य गरेकोमा कबुलियती वन फिर्ता लिनु परेमा डिभिजनल वन अधिकृतले नियम ७८ बमोजिमको प्रक्रिया पूरा गरी कबुलियती वन फिर्ता लिन सक्नेछ।

(६) नियम ७३ बमोजिमको कबुलियती वन समूहलाई कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको संरक्षण गरे बापत त्यस्ता रूख बिक्री गर्दा प्राप्त हुने रकमको पचास प्रतिशत रकम सम्बन्धित कबुलियती वन समूहलाई उपलब्ध गराउनु पर्नेछ।

७६. **कबुलियती वन समूहको टाँचाको दर्ता र प्रयोगः** (१) नियम ७३ बमोजिमको कबुलियती वन समूहले अनुसूची-२९ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयले दर्ता भएका टाँचाको विवरण तयार गरी त्यस्तो विवरण निर्देशनालय र विभागमा समेत पठाउनु पर्नेछ।

(३) नियम ७३ बमोजिमको कबुलियती वन समूहले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (१) बमोजिमको टाँचा लगाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको कबुलियती वन समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो कबुलियती वन समूहको अध्यक्षको हुनेछ। कुनै कारणबाट टाँचा हराएमा वा नोक्सान भएमा डिभिजन वन कार्यालयमा सोको तत्काल जानकारी दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराई प्रयोग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी डिभिजन वन कार्यालयले विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

७७. **कबुलियती वनमा गर्न नहुने कार्यः** कबुलियती वनमा ऐन तथा यस नियमावली बमोजिम निषेधित कार्यको अतिरिक्त देहाय बमोजिमका कुनै कार्य गर्न वा गराउन पाइने छैनः-

(क) कबुलियती वनले चर्चेको जग्गा बिक्री गर्न, धितो राख्न वा कुनै किसिमले स्वामित्व वा हक हस्तान्तरण गर्न,

(ख) कबुलियती वनमा स्वीकृत कार्ययोजना विपरीत अतिक्रमण गर्न, घरछाप्रो बनाउन वा खेती गर्न,

(ग) स्वीकृत कार्ययोजनाले गर्न हुने भनी तोके बाहेकका अन्य कार्य गर्न वा गराउन।

७८. **कबुलियती वन फिर्ता लिन सकिनेः** (१) ऐनको दफा २७ मा उल्लिखित कारणका अलावा यस नियमावली बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले पालना गर्नु पर्ने सर्त पालना नगरेको भनी कसैले उजुर गरेमा वा कुनै स्रोतबाट कबुलियती वनमा निषेधित कार्य गरेको भन्ने सूचना प्राप्त भएमा डिभिजन वन कार्यालयले प्राविधिक कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटिई गएका कर्मचारीले नियम ६९ बमोजिम कबुलियती वन लिने सङ्गठित संस्थाको प्रतिनिधिको वा नियम ७३ बमोजिमको कबुलियती वन समूहको प्रतिनिधिको रोहबरमा स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको स्थलगत निरीक्षण प्रतिवेदनबाट कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले निषेधित कार्य गरेको देखिन आएमा डिभिजनल वन अधिकृतले सम्बन्धित कबुलियती वन लिने सङ्गठित संस्था वा कबुलियती वन समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्गठित संस्था वा समूहले पेस गरेको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सफाइ पेस भएको मितिले पैंतीस दिनभित्र डिभिजनल वन अधिकृतले प्रमाणपत्र खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिएको जानकारी मन्त्रालय, प्रदेश मन्त्रालय, निर्देशनालय र विभागलाई गराउनु पर्नेछ।

## परिच्छेद-९

## धार्मिक वन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७९. **धार्मिक वन हस्तान्तरण:** (१) प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले परापूर्व कालदेखिको धार्मिक स्थल र त्यस्तो क्षेत्रको वरिपरिको राष्ट्रिय वन संरक्षण गर्नका लागि धार्मिक वनको रुपमा लिन चाहेमा कार्ययोजना सहित डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले निवेदनसाथ पेस भएको कार्ययोजनामा आवश्यक जाँचबुझ गरी धार्मिक वन हस्तान्तरण गर्न उपयुक्त हुने देखेमा त्यस्तो कार्ययोजना स्वीकृत गरी अनुसूची-४५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई त्यस्तो वनक्षेत्रलाई धार्मिक वनको रुपमा हस्तान्तरण गर्न सक्नेछ।

(३) डिभिजनल वन अधिकृतले उपनियम (२) बमोजिम धार्मिक वनको रुपमा हस्तान्तरण गरिएको वनको लगत तयार गरी एक एक प्रति प्रदेश मन्त्रालय, विभाग र निर्देशनालयमा पठाउनु पर्नेछ र त्यस्तो विवरण विभागले तयार गरेको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

(४) धार्मिक वनक्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिमको कार्य मात्र गर्नु पर्नेछ।

(५) धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनमा सनातन तथा परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक महत्त्वका कार्य र प्रथा परम्परा सञ्चालन गर्नका लागि साविकदेखि नै रहेका धार्मिक संरचनाको पुनर्निर्माण र मर्मत गर्न तथा शौचालय र पानी ट्याङ्की निर्माण गर्न सक्नेछ। यस्ता संरचनाको निर्माण गर्दा डिभिजनल वन अधिकृतको स्वीकृति



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिई धार्मिक वनको वन पैदावार प्रयोग गर्न सकिनेछ।

(६) धार्मिक वनभित्र स्वीकृत कार्ययोजनाले तोके बमोजिम उपनियम (५) बमोजिमका संरचना बाहेक अन्य भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन।

(७) धार्मिक वनमा ऐनको दफा ४२ बमोजिमको विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार र हावाहुरी, बाढी पहिरोबाट ढलेका रुखबाट प्राप्त भएका वन पैदावार डिभिजनल वन अधिकृतले सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(८) धार्मिक वनभित्र रहेको जोखिमयुक्त रुख हटाउन अनुरोध भई आएमा डिभिजनल वन अधिकृतले हटाउन सक्नेछ।

(९) उपनियम (७) र (८) बमोजिमको वन पैदावार डिभिजनल वन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

८०. **धार्मिक वनमा गर्न नहुने कार्यः** धार्मिक वनमा ऐन, यस नियमावली र स्वीकृत कार्ययोजनाले निषेध गरेका कार्यको अतिरिक्त देहाय बमोजिमका कार्य गर्न हुँदैनः-

(क) धार्मिक वनको जग्गालाई निजी जग्गाको रुपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हक वा स्वामित्व हस्तान्तरण गर्ने कार्य गर्न,

(ख) धार्मिक वनको भू-उपयोग स्थायी रुपमा परिवर्तन गर्ने कार्य गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बनक्षेत्र मास्न र भू-क्षय तथा बातावरणीय विनाश हुने कुनै कार्य गर्न,

(घ) प्रचलित कानून विपरीत संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानि नोक्सानी पुऱ्याउने कार्य गर्न,

(ङ) बन अतिक्रमण तथा वन अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य गर्न,

(च) ढुङ्गा, गिट्टी, बालुवा, चट्टान, माटो र अन्य खानी तथा खनिज पदार्थ निकाल्न वा ओसारपसार गर्न।

## परिच्छेद-१०

## निजी वन

८१. **निजी वन दर्ता:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ३५ बमोजिमको सिफारिस लिनका लागि देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची-४६ बमोजिमको ढाँचामा सब डिभिजन बन कार्यालय वा डिभिजन बन कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोग र स्वामित्व रहेको आधारसहितको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात,

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) नापी कार्यालयले प्रमाणित गरेको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(ङ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपयुक्त हुने देखेमा आफ्नो सिफारिस सहित निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ। यसरी जाँचबुझ गर्दा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले आवश्यकता अनुसार नापी कार्यालयको सहयोग लिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम पेस हुन आएको प्रतिवेदन सहितको सिफारिस पत्र समेतको आधारमा स्थानीय तहले त्यस्तो निजी वन दर्ता गरी अनुसूची-४७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) स्थानीय तहले दर्ता भएका निजी वनको अद्यावधिक लगत राख्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले निजी जग्गामा वृक्षारोपण गर्न तथा निजी वनको व्यवस्थापन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(६) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम स्वीकृति लिई निजी वनको वन पैदावार स्थानीय तहभित्र ओसारपसार गर्दा स्थानीय तहले त्यस्तो वन पैदावारमा पहिचान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न सकिने चिन्ह वा सङ्केत लगाई दिनु पर्नेछ।

(७) ऐनको दफा ३६ को उपदफा (४) बमोजिम निजी वनको वन पैदावार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्दा खरिदकर्ताले डिभिजन वन कार्यालयमा भएको टाँचा तथा सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

८२. **निजी जग्गामा कृषि वन र जडीबुटी खेती सम्बन्धी व्यवस्था:** (१) निजी वन धनीले निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा प्रचलित वातावरण सम्बन्धी कानून र जडीबुटी खेती तथा प्रशोधन सम्बन्धी अन्य प्रचलित कानूनमा तोकिएका मापदण्डको पालना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्य गर्नु हुँदैन।

(३) निजी जग्गामा खेती गरिएका अनुसूची-४८ मा उल्लिखित काष्ठ, जडीबुटी तथा अन्य वन पैदावार अन्य कृषि उपज सरह सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्न सकिनेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी जग्गामा लगाइएका सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम हुनेछ।

८३. **निजी वनमा वन्यजन्तु पालन गर्न सक्ने:** निजी वन धनीले प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी कानून बमोजिम निजी वनमा वन्यजन्तु पालन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-११

## सार्वजनिक जग्गामा वन विकास तथा सहरी वन

**८४. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले राष्ट्रिय वन बाहेक ऐनको दफा ३७ को उपदफा (१) बमोजिम सार्वजनिक जग्गामा वनको विकास, संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा स्थानीय तहले उपभोक्ता समूह मार्फत समेत गर्न सक्नेछ। यस्तो उपभोक्ता समूह स्थानीय तहमा दर्ता गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयनको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको वन व्यवस्थापन कार्ययोजना स्थानीय तहले स्वीकृत गरी उपभोक्ता समूहसँग सम्झौता गरी सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न अनुसूची-४९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ। स्थानीय तहले यस्ता उपभोक्ता समूहको अद्यावधिक विवरण राखी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(५) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्दा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावार सम्बन्धित उपभोक्ता समूहले स्थानीय तहसँगको सम्झौता बमोजिम मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) सार्वजनिक जग्गामा रहेको वनको वन पैदावार कटान गर्दा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ र वन पैदावार ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा तथा सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

(७) सार्वजनिक जग्गामा रहेको वनको वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वन व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकम सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहबीच भएको सम्झौता बमोजिम बाँडफाँट गर्नु पर्नेछ।

(८) उपनियम (१) बमोजिम सार्वजनिक जग्गामा विकास भएको वनक्षेत्र सम्बन्धित स्थानीय तहले सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न सिफारिस गरेमा डिभिजनल वन अधिकृतले उपभोक्ता समूह गठन गरी वन व्यवस्थापन कार्ययोजना तयार गरी सामुदायिक वनको रुपमा मान्यता दिन सक्नेछ।

८५. **सार्वजनिक जग्गामा रहेका रुख हटाउने सम्बन्धी अन्य व्यवस्था:** (१) सार्वजनिक जग्गामा रहेका ऐनको दफा ३७ को उपदफा (३) बमोजिमका तथा अन्य रुख विकास आयोजना सञ्चालनका लागि हटाउनु पर्ने भएमा रुख वा जग्गाको व्यवस्थापन गरिरहेको निकायले गरेको निर्णय र नियम ३६ को उपनियम (१) बमोजिमको समितिको सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो आयोजना सञ्चालन गर्ने कार्यालयलाई हटाउन स्वीकृति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नेछ।

तर त्यस्तो सार्वजनिक जग्गा उपभोक्ता समूहबाट व्यवस्थापन भएको अवस्थामा त्यस्तो वन पैदावार उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु पर्नेछ।

८६. **सहरी वनको विकास र व्यवस्थापन:** (१) स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रको सहरभित्र पर्ने राष्ट्रिय वन बाहेकको कुनै सरकारी, सार्वजनिक वा सङ्घ संस्थाको स्वामित्वमा रहेको खाली जग्गा, खुला चौर, पर्ती जग्गा, सडक किनार, नहर किनार, नदी तथा ताल तलैयाको किनार, सांस्कृतिक तथा धार्मिक क्षेत्र एवं खेल मैदान वरिपरि रहेको जग्गामा सहरी वनको स्थापना, विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको जग्गामा स्थानीय तहले सहरी वनको विकास तथा व्यवस्थापनको लागि डिभिजनल वन अधिकृतसँग समन्वय गरी सहरी वन व्यवस्थापन योजना तयार गरी प्रदेश मन्त्रालयको सहमति लिई लागू गर्नु पर्नेछ।

तर त्यस्तो जग्गा अन्य निकायको स्वामित्वमा रहेको भएमा व्यवस्थापन योजना तयार गर्दा सम्बन्धित निकायको समेत सहमति लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको व्यवस्थापन योजनाको आधारमा स्थानीय तहले सहरी वनको विकास, संरक्षण तथा हेरचाह गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिन वा प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीयस्तरमा रहेका सङ्घ संस्था वा समूह वा निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ।

(४) सहरी वनमा स्वीकृत व्यवस्थापन योजनामा उल्लिखित पर्यापर्यटन गतिविधि सञ्चालन गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) सहरी वनमा वृक्षारोपण गर्दा जलवायु परिवर्तन न्यूनीकरण, जल तथा बायूका कारण हुने विपद् जोखिम न्यूनीकरणमा सहयोगी हुने सौन्दर्यवर्द्धक प्रजातिका बिरुवा रोपण गर्न प्राथमिकता दिनु पर्नेछ।

(६) राष्ट्रिय वनक्षेत्र बाहेकका उपनियम (१) बमोजिमका क्षेत्रमा विभागले सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा सहरी बनको संरक्षण र विकास गर्न सक्नेछ।

(७) यस नियम बमोजिम सहरी वन विकास गर्दा स्थानीय तहलाई प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## विकास आयोजनालाई राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिने सम्बन्धी व्यवस्था

८७. **राष्ट्रिय वन क्षेत्र नपर्ने गरी विकास आयोजना तर्जुमा गर्नु पर्नेः** (१) विकास आयोजनाको तर्जुमा गर्दा सम्भव भएसम्म राष्ट्रिय वनक्षेत्र नपर्ने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आयोजना तर्जुमाको लागि सम्भाव्यता अध्ययन गर्दा ऐनको दफा ४२ बमोजिमका विकास आयोजना सञ्चालन गर्न राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा सम्बन्धित वन व्यवस्थापन पद्धति बमोजिम त्यस्तो वन व्यवस्थापन गर्ने निकाय वा समूहको परामर्श तथा सहभागितामा न्यूनतम वनक्षेत्र मात्र प्रयोग गर्ने र न्यूनतम रूख बिरुवा मात्र हटाउनु पर्ने विकल्पको अध्ययन तथा विश्लेषण गरी मुख्य क्रियाकलाप समावेश भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) यस नियम बमोजिम बिकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा त्यस्तो आयोजना तर्जुमा गर्दा, सम्भाव्यता अध्ययन गर्दा तथा वातावरणीय अध्ययन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

(४) विकास आयोजना सञ्चालनका लागि प्रयोग हुने राष्ट्रिय वनक्षेत्रको यकिन गर्दा त्यस्तो आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने राइट अफ वे, सेक्यूरिटी पेरिमिटर, हरित पेटी, पहुँच मार्ग जस्ता अनिवार्य आवश्यकताका क्षेत्र समेत समेटिएको हुनु पर्नेछ ।

८८. **<u>राष्ट्रिय वनक्षेत्र प्रयोगको लागि निवेदन दिने:</u>** (१) नियम ८७ को उपनियम (२) बमोजिमको सम्भाव्यता अध्ययनबाट राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नु पर्ने देखिएमा र वातावरणीय अध्ययन प्रतिवेदनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा विकास आयोजनाले देहायका विवरण समावेश गरी राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न स्वीकृतिको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकाय मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछः-

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन वा वनक्षेत्र आवश्यक पर्ने तथ्यपरक आधार र कारण खुलेको प्रतिवेदन,

(ख) कुनै निकायबाट अनुमतिपत्र जारी भएको विकास आयोजना भए त्यस्तो अनुमतिको प्रतिलिपि,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्रयोग गर्नु पर्ने राष्ट्रिय बनको क्षेत्रफल र हटाउनु पर्ने रूख बिरुवाको लगत सहितको बिवरण,

(ङ) विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), विस्तृत इन्जिनियरिङ डिजाइन प्रतिवेदन लगायतका स्वीकृत कार्यक्रम सम्बन्धी कागजात,

(च) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय,

(छ) लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित बोर्डको निर्णय,

(ज) राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात,

(झ) प्रदेश सरकारबाट सञ्चालन हुने प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित प्रदेश सरकारले बजेटको सुनिश्चितता गरेको निर्णय सहितको पत्र,

(ञ) स्थानीय तहबाट सञ्चालन हुने प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित स्थानीय तहले बजेट सुनिश्चितता गरेको निर्णय सहितको पत्र।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लगानी बोर्डबाट स्वीकृत हुनेमा विकास आयोजनाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हकमा सो वोर्ड मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निवेदन पेस गर्दा प्रदेश सरकारको प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित प्रदेश सरकारको र स्थानीय तहको प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित स्थानीय तहको निर्णय समेत पेस गर्नु पर्नेछ।

८९. **विवरण माग गर्ने:** (१) नियम ८८ बमोजिम कुनै विकास आयोजनाको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न स्वीकृतिको लागि माग भई आएमा मन्त्रालयले विभाग मार्फत स्थलगत विवरण उपलब्ध गराउन डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ र सोको जानकारी प्रदेश मन्त्रालयलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विवरण माग भएमा डिभिजन वन कार्यालयले देहाय बमोजिमको विवरण खुलाई रायसहित विभागमा पठाउनु पर्नेछ र सोको जानकारी निर्देशनालय मार्फत प्रदेश मन्त्रालयलाई गराउनु पर्नेछः-

(क) विकास आयोजनालाई प्रयोग गर्न दिनुपर्ने राष्ट्रिय वनक्षेत्रको स्थलगत विवरण, क्षेत्रफल, चारकिल्ला र जिपिएस कोअर्डिनेट, नापीको प्रमाणित नक्सा र सिट नम्बर, भौगोलिक क्षेत्र, विद्यमान वन व्यवस्थापन पद्धति, वनको किसिम अनुसारको क्षेत्रफल लगायतका आधिकारिक विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विकास आयोजना कार्यान्वयन गर्दा प्रयोग हुने राष्ट्रिय वनक्षेत्रबाट हटाउनु पर्ने पाँच इन्च गोलाइ भन्दा बढीको रूख बिरुवाको अनुसूची-५० बमोजिमको ढाँचामा लगतसहितको विवरण,

(ग) विकास आयोजनाको लागि माग भएको राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपभोक्ता समूहको व्यवस्थापनमा रहेको भए उपभोक्ता समूहको साधारण सभाको निर्णय, र

(घ) विकास आयोजना अनुसार अन्य आवश्यक विवरण ।

(३) उपनियम (२) को खण्ड (क) र (ख) बमोजिमको विवरण तयार गर्न सम्बन्धित विकास आयोजनाले डिभिजन वन कार्यालयलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

९०. **<u>नेपाल सरकारले स्वीकृति दिन सक्ने:</u>** (१) राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्ने सम्बन्धमा विभागले डिभिजन वन कार्यालयबाट नियम ८९ बमोजिम प्राप्त विवरण अध्ययन गरी आवश्यक परेमा स्थलगत अनुगमन समेत गरी आफ्नो रायसहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त विवरण तथा कागजात अध्ययन गर्दा राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न दिन र त्यसमा रहेका रूख बिरुवा हटाउन दिन उपयुक्त हुने देखेमा यस नियमावली बमोजिम त्यस्तो विकास आयोजनाले पालना गर्नु पर्ने सर्त तोकी सो पालना गर्ने प्रतिबद्धताको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो आयोजनालाई लेखी पठाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रतिबद्धता विकास आयोजनाबाट प्राप्त भएमा प्रयोग गर्न दिने राष्ट्रिय वनक्षेत्रको ठेगाना, क्षेत्रफल, हटाउनु पर्ने रूख बिरुवाको सङ्ख्या र विकास आयोजनाले पालना गर्नु पर्ने सर्तसहित मन्त्रालयले त्यस्तो वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेस गर्नेछ।

(४) यस नियम बमोजिम राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति पाएको विकास आयोजनाको अवधि समाप्त भएको र आयोजना संरक्षण एवं व्यवस्थापन गर्न कुनै पनि सङ्गठनात्मक संरचना नभएको अवस्थामा त्यस्तो राष्ट्रिय वन क्षेत्र र सोमा निर्मित भौतिक संरचनाको संरक्षण र व्यवस्थापन नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

९१. <u>जग्गा उपलब्ध गराउनु पर्ने:</u> (१) नियम ९० बमोजिम नेपाल सरकारबाट विकास आयोजना सञ्चालनका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिने निर्णय भएमा विकास आयोजनाले ऐनको दफा ४२ को उपदफा (२) बमोजिम वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसकेमा जग्गा उपलब्ध गराउने प्रयोजनको लागि नियम ९२ बमोजिमको जग्गा प्राप्ति सहजीकरण समितिमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा नियम ९२ बमोजिमको जग्गा प्राप्ति सहजीकरण समितिले जग्गा खरिदको लागि सहजीकरण गरी दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नियम ९२ बमोजिमको सहजीकरण समितिले उपनियम (३) बमोजिम जग्गा खरिदको लागि विकास आयोजना र जग्गा बिक्रेताको बीचमा समझदारी गराई जग्गा खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) डिभिजन वन कार्यालयले उपनियम (१) वा (४) बमोजिमको जग्गा वनक्षेत्र कायम गर्ने प्रयोजनको लागि पहिले विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित गरी तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गर्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गा सम्बन्धित विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित गर्नु पर्नेछ र यसरी विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित भए पछि तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गरी राष्ट्रिय वन क्षेत्र कायम गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम नेपाल सरकारको नाममा वन क्षेत्र कायम भए पछि ऐनको दफा ६ बमोजिम सम्बन्धित मालपोत कार्यालय तथा स्थानीय तहले त्यस्तो जग्गाको लगत कट्टा गरी राष्ट्रिय वन क्षेत्र कायम गरी अभिलेख राख्नु पर्नेछ ।

(८) उपनियम (६) र (७) बमोजिम राष्ट्रिय वन क्षेत्र कायम भएको जग्गाको विवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(९) यस नियम बमोजिम जग्गा प्राप्त हुन नसकेमा नियम ९२ बमोजिमको जग्गा प्राप्ति सहजीकरण समितिले सो व्यहोरा विभागलाई सिफारिस गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२. **जग्गा प्राप्ति सहजीकरण समिति सम्बन्धी व्यवस्थाः** राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति प्राप्त विकास आयोजनाले आफ्नै प्रयासमा ऐनको दफा ४२ को उपदफा (२) बमोजिमको जग्गा उपलब्ध गराउन नसकेमा जग्गा प्राप्तिको सहजीकरणका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जग्गा प्राप्ति सहजीकरण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| (ख) | नापी कार्यालयको प्रमुख | -सदस्य |
| (ग) | मालपोत कार्यालयको प्रमुख | -सदस्य |
| (घ) | प्रमुख नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| (ङ) | स्थानीय तहको सम्बन्धित वडा अध्यक्ष | -सदस्य |
| (च) | सम्बन्धित डिभिजनल वन अधिकृत | -सदस्य |
| (छ) | सम्बन्धित विकास आयोजनाको प्रमुख | -सदस्य-सचिव |

९३. **रकम जम्मा गर्नु पर्नेः** (१) नियम ९२ बमोजिमको जग्गा प्राप्ति सहजीकरण समितिले नियम ९१ को उपनियम (९) बमोजिम जग्गा प्राप्त नभएको व्यहोरा सिफारिस गरेमा विभागले विकास आयोजनालाई जग्गा खरिद बापतको रकम जम्मा गर्न स्वीकृति दिनु पर्नेछ र विकास आयोजनाले अनुसूची-५१ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(२) नेपाल सरकारद्वारा निर्माण हुने वा गैर नाफामूलक विकास आयोजनाले उपनियम (१) बमोजिमको रकम बुझाउँदा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अर्थ मन्त्रालयको सिफारिसमा किस्ताबन्दीमा बुझाउन सक्नेछ। यस्तो किस्ताबन्दीमा बुझाउने रकम बढीमा पाँच वर्षमा बुझाई सक्नु पर्नेछ।

(३) नेपाल सरकारद्वारा निर्माण हुने विकास आयोजनाको हकमा उपनियम (१) बमोजिमको रकम अर्थ मन्त्रालयले सोझै कोषमा जम्मा गर्न सक्नेछ।

(४) विकास आयोजनाले ऐनको दफा ४२ को उपदफा (६) को प्रयोजनको लागि विभागले तयार गरेको लागत अनुमान बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको लागत अनुमानमा विकास आयोजना कार्यान्वयन गर्दा हटाइने रूख र बल्लाबल्लीको सङ्ख्याको दश गुणाको दरले हुने बिरुवाको वृक्षारोपण गर्न लाग्ने लागत रकम समेत समावेश गर्नु पर्नेछ ।

(६) विभागले उपनियम (४) बमोजिम लागत अनुमान तयार गर्दा बहुवर्षीय बिरुवा उत्पादन वा खरिद, बिरुवा ढुवानी, प्रति हेक्टर सोहसय बिरुवाको दरले वृक्षारोपण, वृक्षारोपण संरक्षणको लागि तारबार वा पर्खाल र पाँच वर्षको लागि आवश्यक हेरचाह गर्ने व्यक्तिको सङ्ख्या समेतलाई आधार मान्नु पर्नेछ।

९४. **<u>सम्झौता गर्ने:</u>** (१) नियम ९३ बमोजिमको रकम कोषमा जम्मा गरेपछि मात्र विभागले त्यस्तो विकास आयोजनासँग राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न सर्तसहित सम्झौता गरी अनुसूची-५२ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

तर गैर नाफामूलक सरकारी बहुवर्षीय आयोजनाको हकमा किस्ताबन्दीमा रकम बुझाउने गरी सम्झौता गर्न सकिनेछ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र यसरी सम्झौता भएकोमा पहिलो किस्ताको रकम जम्मा गरेपछि विभागले सम्झौता गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विकास आयोजनाले जम्मा गरेको रकमको स्रेस्ता विभागले दुरुस्त राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको सम्झौताको पालना भए नभएको सम्बन्धमा विभागले प्रदेश सरकार अन्तर्गतका कार्यालयको समन्वय र सहकार्यमा नियमित अनुगमन गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको सम्झौताका सर्त विकास आयोजनाले पालना नगरेमा विभागले अवधि तोकी त्यस्तो सर्त पालना गर्न सम्बन्धित आयोजनालाई निर्देशन दिनु पर्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो आयोजनाको कर्तव्य हुनेछ।

९५. **सम्झौता गरिसकेको विकास आयोजनाले रकम बुझाउन सक्ने:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने गरी विभागसँग सम्झौता भएको विकास आयोजनाले यो नियमावली प्रारम्भ हुँदासम्म पनि त्यस्तो सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउन नसकेको भएमा सट्टाभर्ना जग्गा उपलब्ध गराउन नसक्ने कारण खोली ऐनको दफा ४२ को उपदफा (५) बमोजिमको रकम बुझाउन विभाग समक्ष निवेदन दिन सक्नेछ।

तर यो नियमावली प्रारम्भ हुँदा सम्झौता भएको छ महिनामात्र भएका विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसक्ने भएमा नियम ९१ र ९३ बमोजिमको प्रक्रिया पूरा गर्नु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिब भएमा त्यस्तो विकास आयोजनालाई रकम बुझाउन अनुमति दिन सक्नेछ। यसरी रकम बुझाउन अनुमति दिएको व्यहोरा मन्त्रालयलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त भएमा सम्बन्धित विकास आयोजनाले अनुसूची-५१ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ र सोको जानकारी विभाग र मन्त्रालयलाई दिनु पर्नेछ।

(४) विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसकेको कारणबाट सम्झौता बमोजिमको सर्त पालना नगरेको वा नियम ९३ को उपनियम (४), (५) र (६) बमोजिमको रकम जम्मा नगरेको भएमा उपनियम (३) बमोजिमको रकम जम्मा गर्दा सो रकम समेत एकमुष्ट जम्मा गर्नु पर्नेछ।

(५) यो नियमावली प्रारम्भ हुनु अघि सम्झौता भएका विकास आयोजनाले सम्झौता बमोजिमको सर्त पालना नगरेको वा रकम नबुझाएको भएमा विभागले स्थलगत अनुगमन समेत गरी लगत कायम गरी नियम ९३ बमोजिमको रकम बुझाउन लगाउनु पर्नेछ।

९६. **क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्ने:** (१) विकास आयोजनाले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका क्षति न्यूनीकरणका उपाय आफ्नै खर्चमा कार्यान्वयन गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमका क्षति न्यूनीकरणका उपाय विकास आयोजनाबाट प्रभावित बन उपभोक्ता समूह वा स्थानीय समुदायको सहभागितामा कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ।

(३) विकास आयोजनाले पूर्वाधार निर्माण गर्दा वन्यजन्तु, तिनको वासस्थान र आवतजावतमा असर नपर्ने गरी वन्यजन्तु मैत्री पूर्वाधार निर्माण गर्नु पर्नेछ ।

९७. **क्षतिपूर्ति उपलब्ध गराउने:** (१) राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाई विकास आयोजना सञ्चालन गर्ने क्रममा रुख बिरुवा हटाउँदा कुनै व्यक्ति, समूह वा स्थानीय समुदायको रूख बिरूवामा क्षति हुन गएमा क्षति भएको वन पैदावारको मूल्याङ्कन गरी हुन आउने रकम त्यस्तो आयोजनाले सम्बन्धित व्यक्ति, समूह वा स्थानीय समुदायलाई क्षतिपूर्ति बापत उपलब्ध गराउनु पर्नेछ।

(२) राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाई विकास आयोजना सञ्चालन गर्दा वनमा आश्रित कुनै व्यक्ति, समूह वा समुदायको जीविकोपार्जनमा प्रतिकूल असर परेमा वा कुनै हानि नोक्सानी भएमा विकास आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले सो आयोजनाको तर्फबाट त्यस्तो हानि नोक्सानीको उचित क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ।

९८. **वनक्षेत्रमा प्रवेश:** (१) राष्ट्रिय वनक्षेत्रमा नेपाल सरकारबाट अनुमति प्राप्त विकास आयोजना सञ्चालन गर्नु अघि सम्बन्धित विकास आयोजना सञ्चालकले त्यस्तो आयोजना सञ्चालनको लागि प्राप्त अनुमति, विभागसँग गरेको सम्झौता, वनक्षेत्र प्रयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न दिएको अनुमतिपत्र र अन्य कागजातसहित वनक्षेत्रमा प्रवेशको लागि डिभिजन बन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल बन अधिकृतले सो उपर आवश्यक जाँचबुझ गरी राष्ट्रिय वनक्षेत्रमा विकास आयोजना सञ्चालनको लागि प्रवेश गर्न इजाजत दिनु पर्नेछ।

९९. **खनिज कार्यका लागि वनक्षेत्रको प्रयोग सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ४३ को उपदफा (१) बमोजिम गरिएको अन्वेषणको आधारमा सो दफाको उपदफा (२) बमोजिम सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ उत्खनन् गर्नका लागि माग भई आएमा नेपाल सरकारले राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम खनिज पदार्थ उत्खनन् गर्न चाहनेले देहायका कागजात सहित खानी तथा भू-गर्भ विभाग मार्फत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम खानी उत्खनन् गर्न प्राप्त इजाजतपत्र,

(ख) वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) माइनिङ स्कीम,

(घ) उत्खनन् गर्ने वनक्षेत्रको ठेगाना, चारकिल्ला र क्षेत्रफल,

(ङ) औद्योगिक कच्चा पदार्थको रुपमा त्यसरी उत्खनन् गरिएको खनिज पदार्थ प्रयोग हुने आयोजना वा उद्योगको विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) औद्योगिक कच्चा पदार्थको रुपमा खनिज पदार्थ प्रयोग हुने उद्योगको उद्योग दर्ता प्रमाणपत्र,

(छ) खनिज पदार्थ उत्खनन् गर्नका लागि माग भएको राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपभोक्ता समूहको व्यवस्थापनमा रहेको भए उपभोक्ता समूहको साधारण सभाको निर्णय।

(३) ऐनको दफा ४३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाका लागि आवश्यक कच्चा पदार्थ उत्खनन् गर्न निवेदन दिँदा उपनियम (२) मा उल्लिखित कागजातका अतिरिक्त देहाय बमोजिमको कागजात पेस गर्नु पर्नेछः-

(क) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय,

(ख) लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित बोर्डको निर्णय,

(ग) राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात।

(४) उपनियम (२) वा (३) बमोजिम निवेदन परेमा लगानी बोर्डबाट स्वीकृति आयोजनाको हकमा बोर्डले र अन्य आयोजनाको हकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक कागजात र सिफारिस सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

**१००. खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिने:** (१) नियम ९९ बमोजिमको सिफारिस सहितको निवेदन प्राप्त भएमा मन्त्रालयले नियम ८९ बमोजिमको प्रक्रियाद्वारा विभाग मार्फत विवरण माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम माग भएको विवरण प्राप्त भए पछि सो सम्बन्धमा अध्ययन गरी विभागले सो सम्बन्धमा आफ्नो रायसहित मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले त्यसरी प्राप्त विवरण समेतको आधारमा त्यस्तो खनिज पदार्थ उत्खनन गर्नका लागि वनक्षेत्र प्रयोग गर्न दिन उपयुक्त हुने देखेमा सोको स्वीकृतिको लागि नेपाल सरकार समक्ष प्रस्ताव पेस गर्न सक्नेछ। यसरी पेस गरिएको प्रस्ताव नेपाल सरकारले स्वीकृत गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त भएपछि खनिज पदार्थ उत्खनन गर्नेले वनको विकासका लागि नियम ९१ बमोजिम जग्गा उपलब्ध गराउनु पर्नेछ र नियम ९३ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त निकायले प्रति वर्ष खानी उत्खनन गर्न प्रयोग हुने वनक्षेत्रको आधारमा रुख कटानको योजना र खानी उत्खनन भइसकेको क्षेत्रमा हरियाली कायम गर्न गरिने वृक्षारोपणको योजना तयार गरी विभागमा पेस गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको रकम र उपनियम (४)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको योजना प्राप्त भएपछि विभागले सर्त तोकी त्यस्तो खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त गरेको निकायसँग सम्झौता गरी अनुसूची-५२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(६) राष्ट्रिय वनबाट निकालिने खनिजजन्य वन पैदावारको हकमा अनुसूची-८ बमोजिमको रकम बुझाउनु पर्नेछ र सो रकमको थप पच्चीस प्रतिशत रकम वातावरणीय सेवा शुल्क बापत डिभिजन वन कार्यालय मार्फत कोषमा जम्मा गर्नु पर्नेछ।

तर अनुसूची-८ बमोजिमको दर र प्रचलित खानी सम्बन्धी कानूनमा उल्लिखित रोयल्टी दरमा फरक परेमा जुन बढी हुन्छ सोही बमोजिमको रकम बुझाउनु पर्नेछ।

(७) ऐन तथा यस नियमावली बमोजिम खनिज पदार्थ उत्खनन गर्नेले वन्यजन्तु, तिनको वासस्थान र आवतजावतमा असर नपर्ने गरी उत्खनन गर्नु पर्नेछ ।

(८) खनिज पदार्थ उत्खनन कार्यको अनुगमन तथा नियमन खानी तथा भू-गर्भ विभागले गर्नु पर्नेछ र सोको अनुगमन प्रतिवेदन मन्त्रालय र सम्बन्धित प्रदेश मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

(९) निर्देशनालय वा डिभिजन वन कार्यालयले जुनसुकै समयमा खानी क्षेत्रको अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(१०) उपनियम (८) वा (९) बमोजिम अनुगमन र निरीक्षण गरी दिएको निर्देशन खानी तथा खनिज पदार्थ उत्खनन गर्ने निकायले पालना गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१०१. <u>निजी खानी क्षेत्रको सीमाना निर्धारण:</u>** (१) वन क्षेत्रसँग जोडिएको निजी जग्गामा खानी सञ्चालन गर्न अनुमति प्राप्त गरेको कुनै व्यक्ति वा संस्थाले खानी सञ्चालन गर्नु अघि सीमाना यकिन गरेर मात्र खानी सञ्चालन गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि वन क्षेत्र र निजी जग्गाको सीमाना निर्धारण गर्नको लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) नापी अधिकृत, नापी कार्यालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, खानी तथा भू-गर्भ बिभाग -सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) डिभिजनल वन अधिकृतले तोकेको सहायक बन अधिकृत -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, सम्बन्धित प्रहरी कार्यालय -सदस्य

(च) खानी रहेको क्षेत्रको स्थानीय तहको वडा अध्यक्ष -सदस्य

(छ) निजी जग्गाधनी वा खानी सञ्चालक -सदस्य

(३) खानी सञ्चालनका लागि बनक्षेत्र र निजी जग्गा छुट्याउँदा वनक्षेत्रको सीमानाबाट निजी जग्गामा कम्तीमा पचास मिटरको मध्यवर्ती क्षेत्र (बफर जोन) राखेर मात्र खानी सञ्चालन गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२. **रुख हटाउने सम्बन्धी व्यवस्था:** (१) विभाग र विकास आयोजना वा खनिज कार्य गर्ने निकाय बीच भएको सम्झौता प्राप्त भएपछि डिभिजन वन कार्यालयले त्यस्तो आयोजना सञ्चालनका लागि हटाउनु पर्ने रुखको छपान मूल्याङ्कन गरी निर्देशनालयमा पठाउनु पर्नेछ र निर्देशनालयबाट प्रमाणित भई आएपछि कटान इजाजत उपलब्ध गराउनु पर्नेछ। रुखको छपान मूल्याङ्कन कार्यका लागि सम्बन्धित निकायले आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गराउनु पर्नेछ।

(२) ऐनको दफा ४२ बमोजिम विकास आयोजनालाई प्रयोग गर्न दिइएको वन क्षेत्रमा त्यस्तो आयोजना सञ्चालनको क्रममा थप रुख हटाउनु पर्ने भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी त्यस्तो रुख हटाउन स्वीकृति दिन सक्नेछ।

(३) ऐनको दफा ४२ बमोजिम स्वीकृति प्राप्त भएका वा वन ऐन, २०४९ प्रारम्भ हुनु अघि नेपाल सरकारबाट राईट अफ वे कायम भएका सडक वा नहर विस्तारको क्रममा राईट अफ वे भित्रका रुख हटाउनु पर्ने भएमा सम्बन्धित निकायको सिफारिसमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो रुख हटाउन स्वीकृति दिन सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिमको स्वीकृति पाए पछि त्यस्तो विकास आयोजनाले नियम ९३ को उपनियम (४) बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

१०३. **वन पैदावारको व्यवस्थापन गर्नु पर्ने:** (१) यस परिच्छेद बमोजिम रुख हटाउन स्वीकृत पाएको निकायले आफ्नै खर्चमा रूख, बिरूवा तथा अन्य वन पैदावार कटान, मुछान तथा सङ्कलन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी डिभिजनल वन अधिकृतले तोकिदिएको स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

तर घाटगद्दीमा रहेको एक वर्ष भित्रमा नै सडीगली जान सक्ने नरम प्रजातिका रुख र वनक्षेत्र बाहिरका राईट अफ वेमा भएका रुख मूल्याङ्कनको आधारमा खडै लिलाम बिक्री गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिमका कार्य डिभिजन वन कार्यालयको वन अधिकृतको रोहबरमा सम्पन्न गरी डिभिजन वन कार्यालयलाई वन पैदावार हस्तान्तरण गर्नु पर्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वनको हकमा उपनियम (१) बमोजिमको कार्य गर्दा सम्बन्धित उपभोक्ता समूहको कार्यसमितिका प्रतिनिधि समेतको रोहबरमा गरी सम्बन्धित उपभोक्ता समूहलाई वन पैदावार हस्तान्तरण गर्नु पर्नेछ।

तर सामुदायिक वन उपभोक्ता समूह गठन हुनु अगावै ऐनको दफा ४२ बमोजिमका विकास आयोजनालाई प्रयोग गर्न दिईएका वनको हकमा उपनियम (१) बमोजिम प्राप्त वन पैदावार नेपाल सरकारको हुनेछ।

(४) उपनियम (१) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको बार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(५) नियम ९० बमोजिम राष्ट्रिय वन क्षेत्र भित्र विकास आयोजना सञ्चालन गर्दा ढुङ्गा, गिट्टी वा बालुवा निस्किएमा सम्बन्धित आयोजनाले अनुसूची-८ बमोजिम नदीजन्य वन पैदावारको लागि निर्धारण गरिए बमोजिमको दस्तुर बुझाई प्रयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम निस्किएको ढुङ्गा, गिट्टी वा बालुवा सम्बन्धित आयोजनाले प्रयोग नगरेमा डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तहले खुला प्रतिस्पर्धाको आधारमा बिक्री गर्नु पर्नेछ ।

## परिच्छेद-१३

## वातावरणीय सेवा

१०४. **वातावरणीय सेवा सम्बन्धी व्यवस्थाः** (१) वनक्षेत्रको स्रोत प्रयोग गर्ने र त्यस्तो वन व्यवस्थापन गर्ने निकाय वा संस्थाबीच सम्झौता गरी वातावरणीय सेवाको भुक्तानी सम्बन्धी व्यवस्था गरिनेछ।

(२) डिभिजनल वन अधिकृतले वन, जैविक विविधता, जलाधार तथा जलचक्र प्रणालीको संरक्षण र व्यवस्थापन गरी वातावरणीय सेवा प्रवाह गर्नेलाई वातावरणीय सेवाको उपयोग गर्ने व्यक्ति, समूह, सङ्गठित संस्था वा अन्य निकायबाट वातावरणीय सेवा उपयोग गरेबापतको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

(३) जैविक विविधता, जलाधार, जलचक्र प्रणाली र पर्यापर्यटनमा आधारित वातावरणीय सेवाको व्यवस्थापन गरी त्यस्तो सेवा बिक्री गर्न चाहने वन उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा सो सम्बन्धी व्यवस्था गरी वा वातावरणीय सेवा सम्बन्धी कार्ययोजना बनाई डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ र सो कार्यालयले स्वीकृत गरेकोमा त्यस्तो कार्ययोजना लागू गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिमको वातावरणीय सेवा सिर्जना गर्ने बन उपभोक्ता समूहले वातावरणीय सेवा खरिद गर्न चाहने स्वदेशी खरिदकर्तासँग निश्चित अवधिका लागि सम्झौता गरी कार्बन सेवा बाहेकको वातावरणीय सेवाको बिक्री गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको रकम वातावरणीय सेवा प्रवाह गर्ने र उपयोग गर्ने बीचको आपसी समझदारीमा निर्धारण हुनेछ।

(६) जलाधार र जलस्रोतमा आधारित जलविद्युत, खानेपानी, पर्यापर्यटन जस्ता आयोजनाले कुनै बन उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले व्यवस्थापन गर्दै आएको कार्बन सेवा बाहेकको वातावरणीय सेवा खरिद गर्न चाहेमा सम्बन्धित उपभोक्ता समूह तथा स्थानीय समुदायको सहमति र सहभागितामा वातावरणीय सेवा व्यवस्थापन योजना तर्जुमा गरी स्वीकृतिका लागि डिभिजन बन कार्यालयमा पेस गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम स्वीकृत कार्ययोजना वा योजना बमोजिम सिर्जना हुने वातावरणीय सेवाको बिक्रीबाट उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले प्राप्त गरेको रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वातावरणीय सेवाको अभिवृद्धि सम्बन्धी क्रियाकलापमा खर्च गरी बाँकी रहेको रकम सम्बन्धित क्षेत्रका बासिन्दाको आय आर्जन र वातावरण मैत्री सामुदायिक विकासका कार्यमा उपयोग गर्नु पर्नेछ।

(८) डिभिजन बन कार्यालयले प्रदेश मन्त्रालयको सहमतिमा वातावरणीय सेवाको रकम निर्धारण र बिक्री तथा सोबाट प्राप्त लाभको सदुपयोग सम्बन्धी कार्ययोजना तर्जुमा गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदेश मन्त्रालयमा पेस गर्नु पर्नेछ र प्रदेश मन्त्रालयबाट स्वीकृत भएपछि त्यस्तो कार्ययोजना कार्यान्वयन गर्न सक्नेछ।

(९) यस नियम बमोजिम वातावरणीय सेवाको व्यवस्थापन गर्ने सन्दर्भमा डिभिजन वन कार्यालयले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्नेछ।

१०५. **वातावरणीय सेवा शुल्क लाग्ने:** ऐनको दफा ४२ बमोजिम राष्ट्रिय बनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृत प्राप्त मुनाफा कमाउने विकास आयोजनाले मुनाफा प्राप्त हुन सुरु भएपछि वातावरणीय सेवा बापत मुनाफाको एक प्रतिशत रकम कोषमा जम्मा गर्नु पर्नेछ।

१०६. **वातावरणीय सेवा प्रदान गर्न चाहने निजी वनको धनीले पालन गर्नु पर्ने सर्त:** (१) ऐनको दफा ४४ को उपदफा (२) बमोजिम वातावरणीय सेवामा संलग्न हुन चाहने निजी वन धनीले वातावरणीय सेवा सम्झौतामा उल्लिखित सर्तका अतिरिक्त देहाय बमोजिमका सर्तको पालना गर्नु पर्नेछ:-

(क) एकल वा सामूहिक रुपमा आपसमा जोडिएको जग्गामा कम्तीमा दुई हेक्टर क्षेत्रफलको निजी बन दर्ता गरेको,

(ख) निजी वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएको।

(२) निजी वन धनीले वातावरणीय सेवामा संलग्न हुँदा पालना गर्नु पर्ने अन्य सर्त डिभिजनल वन अधिकृत तथा निजी वनको धनी बीच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) ऐनको दफा ४४ को उपदफा (२) को प्रयोजनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि डिभिजन वन कार्यालयले एक वर्षमा एक पटक पहिलो त्रैमासिक अवधिभित्र प्रस्ताव आह्वान गरिसक्नु पर्नेछ।

१०७. **कार्बन सेवा सम्बन्धी व्यवस्थाः** (१) ऐन र प्रचलित वातावरण संरक्षण ऐन बमोजिम कार्बन व्यापारमा भाग लिन मन्त्रालयले मन्त्रालय अन्तर्गतको कुनै निकाय मार्फत नेपालभरको वनक्षेत्र भित्रको कार्बन सञ्चिति वृद्धि तथा उत्सर्जन न्यूनीकरणका कार्यक्रम बनाई लागू गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्यक्रमको तयारी र कार्यान्वयन गर्दा विद्यमान प्राकृतिक वन तथा जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन, स्थानीय समुदायको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार, परम्परागत तथा प्रथाजनित ज्ञान र अभ्यास तथा नवीनतम ज्ञानको उपयोगमा प्रतिकूल प्रभाव नपर्ने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कार्यक्रम मन्त्रालयले मन्त्रालय अन्तर्गतको कुनै निकाय मार्फत प्रदेश मन्त्रालय, निर्देशनालय, डिभिजन वन कार्यालय, उपभोक्ता समूह, सम्बन्धित स्थानीय समुदाय र स्थानीय तहको सहभागितामा कार्यान्वयन गर्नेछ।

(४) उपनियम (१) बमोजिमको कार्यक्रम कार्यान्वयनबाट वन क्षेत्रमा वृद्धि भएको कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणको परिमाणलाई नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा स्वीकृत कार्बन व्यापारको प्रक्रियाको माध्यमबाट निश्चित अवधिका लागि बिक्री गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम वनक्षेत्रभित्र सञ्चित भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्बन व्यापारका लागि मन्त्रालयले कार्बन खरिदकर्ता समक्ष अबधारणा पत्र पठाउनुका साथै प्रारम्भिक चरणको कार्य अगाडि बढाउन सक्नेछ।

(६) उपनियम (४) बमोजिम कार्बन सेवा बिक्री गर्नु अघि नेपाल सरकारले निर्धारण गरेको प्रक्रिया अवलम्बन गरी वन उपभोक्ता समूह र अन्य प्रभावित स्थानीय समुदायलाई जानकारी गराई प्रभावित स्थानीय समुदायको पूर्व सुसूचित सहमति लिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा भएको कार्बन सञ्चिति बृद्धि तथा उत्सर्जन न्यूनीकरणको प्रति एकाइ मूल्य नेपाल सरकार र कार्बन सेवाको खरिदकर्ता मुलुक वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाका बीच भएको सम्झौता बमोजिम हुनेछ।

(८) यस नियम बमोजिम कार्बन व्यापारबाट प्राप्त हुने लाभ रकमको कम्तीमा असी प्रतिशत रकम अर्थ मन्त्रालय मार्फत कोषमा जम्मा हुनेछ।

(९) कार्बन सेवा बापत कोषमा प्राप्त रकम बाँडफाँटका लागि मन्त्रालयले नियम ११५ को अधीनमा रही उपनियम (१) बमोजिमको कार्यक्रम लागू भएका क्षेत्रका स्थानीय तह, सम्बन्धित निजी बन धनी, बन उपभोक्ता समूह र प्रभावित स्थानीय समुदायको सहभागितामा लाभको बाँडफाँट सम्बन्धी योजना तयार गरी नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, उपभोक्ता समूह, स्थानीय समुदाय तथा निजी वन धनी बीच बाँडफाँट गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१४
## कोषको सञ्चालन

१०८. **कोषको सञ्चालनः** (१) ऐनको दफा ४५ बमोजिमको वन विकास कोष विभागमा रहनेछ।

(२) कोषको बैङ्क खाता महानिर्देशक र विभागको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषको आय-व्यय सम्बन्धी वार्षिक विवरण सार्वजनिक गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम कोषमा रहेको रकमको हिसाब राख्दा ऐनको दफा ४२ को उपदफा (५) बमोजिम प्राप्त रकम, कार्बन व्यापारबाट प्राप्त रकम तथा अन्य स्रोतबाट प्राप्त रकमको अलग अलग हिसाब राख्नु पर्नेछ ।

१०९. **कार्यक्रम छनौट तथा कार्यान्वयन समितिः** (१) कोषको रकम प्रयोग गरी सञ्चालन गरिने कार्यक्रमको छनौट गर्न तथा त्यस्तो कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्न देहाय बमोजिमको एक कार्यक्रम छनौट तथा कार्यान्वयन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सचिव, सम्बन्धित प्रदेशको वन तथा वातावरण विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) उपभोक्ता समूह मध्येबाट समितिले मनोनयन गरेका एकजना महिला सहित दुई जना -सदस्य

(च) महानिर्देशक -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको सदस्यलाई सम्वन्धित प्रदेशसँग सम्बन्धित विषयमा छलफल वा निर्णय गरिने बैठकमा बोलाउनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले पदबाट राजिनामा दिई समितिले स्वीकृत गरेमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(घ) निज बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) निजको मृत्यु भएमा।

(५) समितिको सचिवालय विभागमा रहनेछ।

१११०. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमको लागि वार्षिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बजेट निर्धारण गरी कार्यक्रमका लागि प्रस्ताव माग गर्ने,

(ख) कोषबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको लागि वार्षिक बजेटको सिलिङ्ग निर्धारण गर्ने,

(ग) कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) बहुवर्षीय योजना तथा कार्यक्रम स्वीकृत गर्ने र सोको लागि स्रोत सुनिश्चित गर्ने,

(ङ) दीर्घकालीन नीति र रणनीति तर्जुमा गरी मन्त्रालयमा पेस गर्ने,

(च) सङ्घ, प्रदेश, स्थानीय तह र सम्बन्धित सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,

(छ) वनको दिगो व्यवस्थापनका लागि बन उपभोक्ता समूह, स्थानीय समुदाय र सङ्घ संस्थालाई प्रोत्साहन गर्ने,

(ज) हरियाली प्रवर्द्धनका लागि व्यक्ति, सङ्घ संस्था तथा निजीक्षेत्रलाई प्रोत्साहन गर्ने,

(झ) कोषको रकम प्रयोग गरी सञ्चालन गरिएका योजना तथा कार्यक्रमको नियमित अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) कोषको रकम प्रयोग गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आवश्यक कार्यविधि निर्धारण गर्ने,

(ट) कोषको उद्देश्य प्राप्तिका लागि गर्नु पर्ने अन्य आवश्यक कार्य गर्ने वा गराउने।

**१११. <u>समितिको बैठक र निर्णयः</u>** (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय बैठक बस्नुभन्दा तीन दिन अगावै सदस्यलाई जानकारी गराउनु पर्नेछ।

(४) समितिको बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षको मत निर्णायक हुनेछ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

**११२. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** कोषको सचिवालयलाई आवश्यक पर्ने कर्मचारी विभागले उपलब्ध गराउनेछ।

**११३. <u>समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः</u>** समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) कोषमा रकम जम्मा गर्न सहजीकरण गर्ने,

(ग) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने वा गराउने,

(घ) प्रचलित कानून बमोजिम कोषको रकम खर्च गर्ने, नेपाल सरकारको लेखाप्रणाली बमोजिम लेखा राख्ने र लेखापरीक्षण गर्ने वा गराउने,

(ङ) कोषबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन गरी प्रगति विवरण वर्षको दुईपटक समिति समक्ष पेस गरी समीक्षा गर्ने।

**११४. <u>कोषको रकम खर्च गर्ने क्षेत्रः</u>** (१) कोषको रकम खर्च गर्दा देहाय बमोजिमका वन विकासका कार्यमा खर्च गरिनेछः-

(क) वनको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्न,

(ख) वनक्षेत्र बाहिर जग्गाको व्यवस्था गरी वनको विकास गर्न,

(ग) नर्सरी स्थापना, बिरुवा उत्पादन वा खरीद र वृक्षारोपण गर्न,

(घ) वन अतिक्रमण हटाई वृक्षारोपण गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सार्वजनिक जग्गा, नदी उकास क्षेत्रमा वृक्षारोपण तथा व्यवस्थापन गर्न,

(च) वन उद्यान र सहरी वन विकास कार्यक्रम सञ्चालन गर्न,

(छ) निजी वन तथा कृषि वनको विकास र विस्तारको लागि बिरुवा उपलब्ध गराउन,

(ज) वृक्षारोपण आयोजना सञ्चालन गर्न,

(झ) प्राकृतिक पुनरोत्पादनको संरक्षण तथा व्यवस्थापन गर्न,

(ञ) हैसियत बिग्रेको प्राकृतिक वनक्षेत्रको सुधार तथा पुनरुत्थान गर्न,

(ट) विकास आयोजनाबाट प्रभावित वनको संरक्षण र व्यवस्थापन गर्न,

(ठ) चुरे, संरक्षित जलाधार, सडक तथा नदी किनार, पहिरोका जोखिम क्षेत्र लगायतका वातावरण संरक्षणको दृष्टिकोणबाट अति संवेदनशील क्षेत्रको पुनरुत्थान गर्न,

(ड) पानी मुहान संरक्षण र सिमसार क्षेत्रको सुधार तथा मर्मत सम्भार गर्न,

(ढ) जैविक विविधता तथा वनस्पतिको आनुवंशिक स्रोतको स्वस्थानीय र परस्थानीय संरक्षण तथा संवर्द्धन गर्ने तथा मिचाहा प्रजातिको नियन्त्रण तथा व्यवस्थापन गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ण) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने,

(त) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने,

(थ) वन डढेलो नियन्त्रण, व्यवस्थापन र आवश्यक उपकरणको आपूर्ति गर्ने,

(द) वन, वातावरण, वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान गर्ने,

(ध) संरक्षणको लागि आवश्यक पर्ने तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गरी सो जग्गालाई राष्ट्रिय वनक्षेत्रमा परिणत गर्ने,

(न) प्रदेश सरकार, स्थानीय तह, वन उपभोक्ता समूह तथा विभिन्न सङ्घ संस्थासँगको सहकार्य र साझेदारीमा वन विकासका कार्य गर्ने ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४२ को उपदफा (५) बमोजिम कोषमा प्राप्त रकम देहाय बमोजिम खर्च गर्नु पर्नेछः-

(क) ऐनको दफा ४२ को उपदफा (५) बमोजिमको प्रयोजनका लागि वनक्षेत्र विकास गर्न जग्गा प्राप्त गर्दा लाग्ने मुआव्जा दिन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिम जग्गा प्राप्त गर्दा जोखिममा रहेका वा संरक्षणको दृष्टिले उपयुक्त भएका बस्ती स्थानान्तरण गर्न र मुआब्जा दिन,

(ग) खण्ड (क) को प्रयोजनको लागि जग्गा खरिद गरी वन विकास गर्न।

(३) यस नियम बमोजिम कोषको रकम प्रयोग गर्दा समितिले प्राथमिकताक्रम निर्धारण गरी सोको आधारमा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(४) यस नियम बमोजिम कोषको रकम परिचालन गरी कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको दिगोपनाको लागि सङ्घ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकायले आपसी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

(५) कोषको प्रशासनिक खर्च कोषको कुल बजेटको पाँच प्रतिशतभन्दा बढी हुने छैन ।

**११५. कार्बन व्यापारबाट प्राप्त रकमको बाँडफाँट:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा जम्मा भएको जलबायु परिवर्तन अनुकूलन र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको बाँडफाँट देहाय बमोजिम हुनेछ:

(क) कोषको व्यवस्थापनको लागि -दश प्रतिशत

(ख) वन व्यवस्थापनमा संलग्न निकाय वा उपभोक्ता समूहको लागि -असी प्रतिशत

(ग) कार्यक्रम क्षेत्रभित्र रहेका निजी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बन धनीका लागि -पाँच प्रतिशत

(घ) उपभोक्ता समूहमा नरहेका बनमा आश्रित घरधुरीका लागि -पाँच प्रतिशत

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको उपभोक्ता समूहलाई प्राप्त हुने रकम कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी दस्तावेजमा उल्लेख भएको कार्यक्रममा खर्च गर्नु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको बन व्यवस्थापनमा संलग्न निकायलाई प्राप्त हुने रकम कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी दस्तावेजमा समावेश भई समितिबाट स्वीकृत कार्यक्रममा खर्च गर्नु पर्नेछ।

११६. <u>प्रदेश सरकार मार्फत कार्यक्रम कार्यान्वयन गर्न सक्ने</u> (१) कोषको रकम प्रयोग गरी सञ्चालन गरिने कार्यक्रम प्रदेश सरकार मार्फत समेत सञ्चालन गर्न सकिनेछ।

(२) समितिले प्रदेश सरकार मार्फत सञ्चालन हुने कार्यक्रमको लागि वार्षिक बजेटको सीमा निर्धारण गरी योजना तर्जुमा गर्न सबै प्रदेशमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम तोकिएको वार्षिक बजेटको सीमाभित्र रही प्रत्येक प्रदेशले कार्यक्रम प्रस्ताव गरी समिति समक्ष पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस भएको कार्यक्रम समितिले स्वीकृत गरी कार्यान्वयनका लागि प्रदेश सरकारलाई पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृत भएको कार्यक्रम प्रदेश सरकारले कार्यान्वयन गरी सोको प्रगति विवरण र सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक वर्षभित्र खर्च हुन नसकेको बाँकी रकम कोषमा फिर्ता गर्नु पर्नेछ।

**११७.** **<u>कोषको रकमबाट सञ्चालन गर्न नहुने कार्य:</u>** कोषको रकमबाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिने छैन:-

(क) कर्मचारीलाई तलब, भत्ता र औषधि उपचार सम्बन्धी खर्चको भुक्तानी गर्न,

(ख) कोषको कार्यमा खटिएका कर्मचारी बाहेकलाई भ्रमण भत्ता भुक्तानी गर्न,

(ग) फर्निचर वा सवारी साधन खरीद तथा मर्मत गर्न, भवन निर्माण तथा मर्मत गर्न,

(घ) चन्दा, उपहार तथा आर्थिक सहयोग दिन,

(ङ) विदेश भ्रमण गर्न,

(च) समितिले स्वीकृत गरेका कार्यक्रम बाहेकका अन्य कार्यमा खर्च गर्न।

## परिच्छेद-१५

## <u>वन सुरक्षा</u>

**११८.** **<u>वन सुरक्षा सम्बन्धी व्यवस्था:</u>** (१) डिभिजनल वन अधिकृतले वन सुरक्षाको लागि तथा ऐन तथा यस नियमावली विपरीत हुन सक्ने कार्य नियन्त्रणका लागि नियमित वन गस्ती परिचालन गर्नु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले नियम १४ को उपनियम (३) बमोजिमको रणनीतिक योजनामा वन सुरक्षाको विषय समेत समावेश गर्नु पर्नेछ र सो रणनीतिक योजनाको अधीनमा रही वार्षिक सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्नु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्नेछ।

(३) उपभोक्ता समूहले आफूले व्यवस्थापन गरेको वनको सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ र त्यस्तो वन क्षेत्रमा हुने कसुर नियन्त्रणका लागि उपभोक्ता समूहले सहयोग माग गरेमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनको सुरक्षाको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला वन सुरक्षा समन्वय समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु -सदस्य

(ग) डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(५) कुनै जिल्लामा एक भन्दा बढी डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाममा रहेको डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत उपनियम (४) बमोजिमको समितिको सदस्य-सचिवको रुपमा र अन्य डिभिजनल वन अधिकृत सदस्यको रुपमा रहनेछन्।

(६) राष्ट्रिय वनको सुरक्षाको लागि डिभिजन वन कार्यालयबाट अनुरोध भई आएमा स्थानीय प्रशासन र सुरक्षा निकायले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(७) प्रदेश वन निर्देशकले राष्ट्रिय वनको सुरक्षाको सम्बन्धमा डिभिजन वन कार्यालयबाट भएको क्रियाकलापको नियमित अनुगमन गरी आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

(८) डिभिजनल वन अधिकृतले ऐनको दफा ६८ को



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपदफा (१) र (२) बमोजिम जफत वा बरामद भएका वन पैदावार वा मालबस्तु लिलाम बिक्री गर्दा नियम २५ बमोजिम सिलबन्दी बोलपत्रको माध्यमबाट पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

११९. **वन अतिक्रमण नियन्त्रण सम्बन्धी व्यवस्था:** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको वनक्षेत्रमा भएको अतिक्रमण हटाउनु पर्नेछ ।

(२) वन अतिक्रमण नियन्त्रणमा डिभिजनल वन अधिकृतलाई सहजीकरण तथा सहयोग गर्नका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक वन अतिक्रमण नियन्त्रण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) जिल्ला समन्वय अधिकारी -सदस्य

(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

(घ) प्रमुख, जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल -सदस्य

(ङ) प्रमुख, नापी कार्यालय -सदस्य

(च) सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व भएका राजनीतिक दलका जिल्ला स्थित प्रतिनिधि -सदस्य

(छ) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखले तोकेको प्रतिनिधि -सदस्य

(ज) सम्बन्धित वन उपभोक्ता -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूहको अध्यक्ष

(झ) डिभिजनल बन अधिकृत -सदस्य-सचिव

(३) कुनै जिल्लामा एक भन्दा बढी डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाममा रहेको डिभिजन वन कार्यालयको डिभिजनल बन अधिकृत उपनियम (२) बमोजिमको समितिको सदस्य-सचिवको रुपमा र अन्य डिभिजनल वन अधिकृत सदस्यको रुपमा रहनेछन्।

(४) उपनियम (२) बमोजिमको वन अतिक्रमण नियन्त्रण समितिले डिभिजनल वन अधिकृतलाई बन अतिक्रमण हटाउन आवश्यक सहयोग गर्नुका साथै अतिक्रमण हटाउँदाका बखत आवश्यक सुरक्षाको प्रबन्ध गर्नु पर्नेछ।

(५) डिभिजनल बन अधिकृतले आफ्नो कार्यक्षेत्रभित्रको वन अतिक्रमणको अवस्था सहितको तथ्याङ्क र अतिक्रमण नियन्त्रणको प्रगति प्रदेश मन्त्रालय, बिभाग र उपनियम (२) बमोजिमको वन अतिक्रमण नियन्त्रण समिति समक्ष पेस गर्नु पर्नेछ।

(६) अतिक्रमण हटाएको बन क्षेत्रमा डिभिजनल बन अधिकृतले यथाशीघ्र बृक्षारोपण गरी बनको संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ।

**१२०. <u>वन डढेलो नियन्त्रण सम्बन्धी व्यवस्थाः</u>** (१) डिभिजनल बन अधिकृतले आफ्नो कार्यक्षेत्रमा वन डढेलो लाग्न नदिन उचित प्रबन्ध गर्नु पर्नेछ र वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नु पर्नेछ। डिभिजनल बन अधिकृतले डढेलो नियन्त्रणका लागि डढेलो नियन्त्रण संयन्त्र गठन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) वन डढेलो नियन्त्रणको लागि स्थानीय प्रशासन र सुरक्षा निकायले डिभिजनल वन अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) उपभोक्ता समूहले आफ्नो वनक्षेत्रमा वन डढेलो लाग्न नदिन र वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नु पर्नेछ। उपभोक्ता समूहले डढेलो नियन्त्रणका लागि वन डढेलो नियन्त्रण स्वयंसेवी उपसमूह वा एकाइ गठन गर्न सक्नेछ।

(४) निजी वन धनी वा जग्गावालाले आफ्नो निजी वन वा जग्गामा लागेको आगो वा डढेलो अन्यत्र फैलिन नदिने व्यवस्था गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले वन डढेलो नियन्त्रणका लागि गरिएको व्यवस्थाको विवरण निर्देशनालय, विभाग र प्रदेश मन्त्रालयलाई यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ।

(६) विभागले भौगोलिक सूचना प्रणाली (जिपिएस) मा आधारित वन डढेलो सूचना प्रणाली वा यस्तै किसिमको अन्य प्रविधिको विकास गरी वन डढेलो लागेको जानकारी सम्बन्धित डिभिजनल वन अधिकृतलाई तत्काल प्रवाह गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(७) प्रदेश मन्त्रालयले वन डढेलोको अवस्था हेरी जिल्ला वन सुरक्षा समन्वय समितिको सिफारिसमा वन डढेलो जोखिम क्षेत्र घोषणा गरी रोकथाम र नियन्त्रणका लागि विशेष व्यवस्था गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) नेपाल सरकारले वन डढेलोको कारणबाट धन जनको क्षति भएमा उचित राहत र घाइतेको उपचारको व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद-१६

## अन्तरतह समन्वय

१२१. **अन्तरतह वनक्षेत्र समन्वयः** (१) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिले वनक्षेत्रको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनमा अन्तरतह समन्वय र सहकार्य गर्नेछ ।

(२) वन व्यवस्थापन र वातावरणीय सेवा सम्बन्धी कार्यक्रम कार्यान्वयको लागि उपनियम (१) बमोजिमको विषयगत समितिले आवश्यकता अनुसार छुट्टै संयन्त्र बनाउन वा कार्यटोली गठन गर्न सक्नेछ ।

१२२. **जिल्ला वनक्षेत्र समन्वय समितिः** (१) जिल्लामा रहेका वन स्रोत, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका साथै विकास र वातावरणबीच सन्तुलन कायम राख्ने कार्यमा सहजीकरण तथा समन्वय गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला वनक्षेत्र समन्वय समिति रहनेछः-

(क) जिल्ला समन्वय समितिका प्रमुख -अध्यक्ष

(ख) जिल्ला सदरमुकाम भएको स्थानीय तहको प्रमुख वा उपप्रमुख -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला समन्वय अधिकारी -सदस्य

(ङ) प्रमुख, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्र कार्यालय -सदस्य

(च) प्रमुख, बृहत जलाधार व्यवस्थापन कार्यालय वा जलाधार व्यवस्थापन कार्यालय -सदस्य

(छ) प्रमुख, वनस्पति अनुसन्धान केन्द्र -सदस्य

(ज) जिल्लाभित्र रहेका वनसँग सम्बन्धित उद्योगी मध्ये अध्यक्षले मनोनयन गरेको प्रतिनिधि एक जना -सदस्य

(झ) जिल्लाभित्र रहेको वन उपभोक्ता समूहका प्रतिनिधि (दुई जना महिला सहित बढीमा पाँच जना) -सदस्य

(ञ) डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(२) कुनै जिल्लामा एक भन्दा बढी डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाममा रहेको डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत उपनियम (१) बमोजिमको समितिको सदस्य-सचिवको रुपमा र अन्य डिभिजनल वन अधिकृत सदस्यको रुपमा रहनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा एक पटक र आवश्यकता अनुसार बस्नेछ।

(४) उपनियम (१) बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितको बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधि र विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) उपनियम (१) बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितको बैठकको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२३. **जिल्ला वनक्षेत्र समन्वय समितिको काम, कर्तव्य र अधिकार:** (१) नियम १२२ बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) जिल्लाभित्रको वन, वन्यजन्तु तथा जलाधारको संरक्षण, व्यवस्थापन र विकासका लागि सहजीकरण गर्ने,

(ख) जिल्लाको वन विकास योजना, आवधिक तथा वार्षिक विकास योजना, ऐन र यस नियमावली बमोजिम योजना तर्जुमा र कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा समस्या भएमा समाधान गर्न सहजीकरण गर्ने,

(ग) वन संरक्षण तथा व्यवस्थापनका क्रममा आईपर्ने समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) वन विकास योजना तथा बार्षिक बिकास योजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने,

(ङ) वन क्षेत्रको दिगो विकासका लागि स्थानीय तहसँग समन्वय गर्ने,

(च) वन उपभोक्ता समूहसँग सम्बन्धित समस्या समाधानका लागि सहजीकरण गर्ने वा गराउने,

(छ) वन उपभोक्ता समूहको क्षेत्र र वन सीमा सम्बन्धी विवाद भएमा समाधानका लागि सहजीकरण गर्ने।

(२) नियम १२२ बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितिबाट विद्यमान वन व्यवस्थापन पद्धतिमा प्रतिकूल प्रभाव पार्ने र वन क्षेत्रको भू-उपयोग परिवर्तन हुने गरी कुनै पनि निर्णय गरिने छैन।

## परिच्छेद-१७

## विविध

**१२४. बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउराको व्यवस्थापनः** (१) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउरा सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम घाटगद्दीमा रहेका बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउराको पूरा बिवरण र लगत खोली डिभिजनल वन अधिकृतले त्यस्तो काठ, दाउराको हकदाबी गर्नको लागि तीस दिनको अवधि तोकी सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचनामा उल्लिखित काठ, दाउरामा हकदाबी गर्ने व्यक्ति, उपभोक्ता समूह, सङ्घ संस्था वा निकायले त्यस्तो सूचनामा तोकिएको अवधि भित्र देहायका प्रमाण कागजात सहित आफ्नो हकदाबीको निवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) काठ, दाउरा प्राप्त गरेको वा काठ, दाउराको स्वामित्व प्रमाणित हुने प्रमाण कागजात,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) अन्य कुनै हकदाबी साबित हुने प्रमाण।

(४) उपनियम (३) बमोजिम हकदाबीका लागि निवेदन परेमा डिभिजनल वन अधिकृतले प्राविधिक कर्मचारी खटाई सो सम्बन्धमा अध्ययन गरी हकदाबी पुग्ने वा नपुग्ने यकिन राय सहितको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ। त्यस्तो अध्ययन प्रतिवेदनको आधारमा डिभिजनल वन अधिकृतले हकदाबी निवेदन उपर निर्णय गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (३) बमोजिम परेको निवेदनको आधारमा डिभिजनल वन अधिकृतले कसैको हकदाबी पुग्ने गरी निर्णय गरेमा त्यस्तो काठ, दाउरा सङ्कलन गर्दा लागेको खर्च लिई सम्बन्धित व्यक्ति, उपभोक्ता समूह, सङ्घ संस्था वा निकायलाई त्यस्तो काठ, दाउरा जिम्मा दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम हकदाबी पुग्ने निर्णय भई प्राप्त गरेको काठ, दाउरा व्यावसायिक प्रयोजनका लागि बिक्री गर्नु परेमा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको काठ, दाउराको सम्बन्धमा डिभिजनल वन अधिकृतले कसैको हकदाबी नपुग्ने गरी निर्णय गरेमा त्यस्तो निर्णय उपर चित्त नबुझ्नेले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो विषयमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(८) उपनियम (१) बमोजिम घाटगद्दी गरिएका काठ, दाउरा मध्ये हकदाबी नपरेको वा हकदाबी नपुग्ने निर्णय भएका काठ, दाउरा डिभिजनल वन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ। यसरी गरिएको लिलाम बिक्रीबाट प्राप्त रकम सम्बन्धित प्रदेशको प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

**१२५. <u>अध्ययन अनुसन्धानको लागि वन क्षेत्र प्रयोग गर्न दिन सक्ने</u>:** (१) मन्त्रालयले वन सम्बन्धी कुनै अनुसन्धानात्मक कार्य गर्नको लागि राष्ट्रिय वनको कुनै भागलाई वन अनुसन्धान प्लट तोकी सोको संरक्षण र व्यवस्थापनको लागि वन अनुसन्धान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा प्रशिक्षण केन्द्रलाई त्यस्तो वनक्षेत्र प्रयोग गर्न दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्रयोग गर्न दिइएको वनक्षेत्रको संरक्षण र व्यवस्थापन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गर्नु पर्नेछ।

(३) मन्त्रालयले वन विषयसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्ने प्रयोजनको लागि राष्ट्रिय वनको कुनै भाग स्वदेशी विश्वविद्यालयलाई प्रयोग गर्न दिन सक्नेछ। यसरी प्रयोग गर्न दिइएको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थित भएमा त्यस्तो उपभोक्ता समूहको सहमति लिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रयोग गर्न दिइएको वनक्षेत्रमा हुने अध्ययन अनुसन्धान तथा सो क्षेत्रको संरक्षण र व्यवस्थापन डिभिजन वन कार्यालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको समन्वयमा गर्नु पर्नेछ।

(५) अनुसन्धान प्रयोजनका लागि उपनियम (१) वा (३) बमोजिमको वनक्षेत्रको रुख कटान गर्नु पर्ने भएमा स्वीकृत अनुसन्धान प्रस्तावको आधारमा मन्त्रालयले रुख कटानको अनुमति दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम कटान गरिएका रुखको विवरण डिभिजन वन कार्यालयमा दिनु पर्नेछ र डिभिजन वन कार्यालयले ऐन तथा यस नियमावली बमोजिम सोको व्यवस्थापन गरी प्राप्त रकम राजस्वमा जम्मा गर्नु पर्नेछ।

१२६. **<u>वन बीउ उद्यान सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ७५ बमोजिम वन विकासको लागि मन्त्रालयले गुणस्तरीय वन बीउ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्पादन गर्न राष्ट्रिय वनको कुनै भागलाई वन बीउ उद्यानको रुपमा घोषणा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वन बीउ उद्यानको संरक्षण र व्यवस्थापन विभागसँगको समन्वयमा डिभिजन वन कार्यालयले गर्नेछ।

(३) वन बीउको सङ्कलन र अध्ययन अनुसन्धानका लागि आधुनिक प्रविधि र स्थानीय बासिन्दाको परम्परागत ज्ञानको उपयोग गर्न सकिनेछ।

१२७. <u>**वन व्यवस्थापनमा संलग्न हुने जनशक्ति व्यवस्थापन गर्नेः**</u> (१) वनक्षेत्रबाट वन पैदावार सङ्कलन गर्ने इजाजतपत्र प्राप्त गरेका उपभोक्ता समूह, व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाले वन व्यबस्थापन तथा वन पैदावारको सङ्कलनदेखि प्रशोधनसम्मको कार्यमा श्रमिकको रुपमा संलग्न हुने जनशक्ति व्यवस्थापन गर्दा देहाय बमोजिमका कार्य गर्नु पर्नेछः-

(क) वन श्रमिकको अभिलेख राख्ने र परिचय पत्र उपलब्ध गराउनु पर्ने,

(ख) वन पैदावार सङ्कलन कार्य गराउनु अघि सङ्कलन कार्यमा संलग्न हुने व्यक्तिलाई वन पैदावारको दिगो सङ्कलनका अभ्यासको बारेमा तालिम प्रदान गर्नु पर्ने,

(ग) वन पैदावार सङ्कलन कार्यमा संलग्न हुने जनशक्तिलाई वन पैदावार सङ्कलनका क्रममा हुनसक्ने जोखिम न्यूनीकरणका उपाय अपनाउनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बन पैदावार सङ्कलनमा खटिएका जनशक्तिलाई आफ्नो सुरक्षा गर्ने सम्बन्धी तालिम प्रदान गर्नु पर्ने,

(ङ) बन पैदावार सङ्कलनमा खटिएका जनशक्तिको प्रत्येक समूहलाई प्राथमिक उपचारको सामान उपलब्ध गराउनु पर्ने र समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने व्यवस्था गर्नु पर्ने।

(२) बन पैदावार सङ्कलन सम्बन्धी काम गर्ने कर्मचारी तथा श्रमिकको लागि सम्बन्धित निकायले सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(३) यो नियम प्रारम्भ हुँदाका बखत बन व्यवस्थापन कार्यमा संलग्न भइरहेका जनशक्तिलाई समेत यो नियम प्रारम्भ भएको एक वर्षभित्र यस नियम बमोजिमको तालिमको व्यवस्था गर्नु पर्नेछ।

**१२८. <u>काठ, दाउरामा आधारित उद्योग सूचीकृत हुनु पर्ने</u>:** (१) प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले डिभिजन बन कार्यालयमा सूचीकृत भई अनुसूची–५३ बमोजिमको ढाँचामा प्रमाणपत्र लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै उद्योगले सूचीकृत हुनका लागि डिभिजन बन कार्यालयमा निवेदन पेस गर्दा उद्योग दर्ता प्रमाणपत्र, उद्योग स्थापना भएको आधिकारिक प्रमाण वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सब डिभिजन वन कार्यालयको पत्र र नेपाल वन पैदावार उद्योग व्यवसायी महासङ्घको सिफारिस पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत उद्योगले नेपालभर हुने वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिन पाउनेछ।

(४) उपनियम (१) बमोजिम सूचीकृत स:मिलले आफ्नो स:मिलमा चिरान भएको काठ बिक्री तथा ओसारपसार गर्दा प्रयोग गर्न डिभिजन वन कार्यालयमा पाँचसय रुपैयाँ तिरी टाँचा दर्ता गर्नु पर्नेछ र त्यस्तो टाँचा प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ। यसरी प्राप्त भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम सूचीकृत उद्योगले प्रत्येक बर्ष कर चुक्ता प्रमाणपत्र प्राप्त गरी सोको जानकारी तथा आफूले वर्षभरी गरेको वन पैदावारको कारोबारको अद्यावधिक विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम काठ, दाउरामा आधारित उद्योग स्थापना तथा सञ्चालनका लागि वनक्षेत्र र उद्योग बीचको दुरी प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योग यो नियम प्रारम्भ भएको छ महिनाभित्र सूचीकृत हुनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपनियम (७) बमोजिमको अवधि भित्र सूचीकृत नहुने उद्योगले सो अवधि पछि हुने बन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिन पाउने छैन।

१२९. **मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) मानव वन्यजन्तु द्वन्द्वको प्रभावमा पर्ने उपभोक्ता समूहले आ-आफ्नो क्षेत्रमा हुने मानव वन्यजन्तु सहअस्तित्व व्यबस्थापनका लागि बन व्यबस्थापनबाट प्राप्त गर्ने आयको निश्चित अंश छुटयाउनु पर्नेछ।

(२) उपभोक्ता समूहले उपनियम (१) बमोजिम छुट्याएको रकमबाट ऐनको दफा ३३ को उपदफा (४) बमोजिम वन्यजन्तुबाट हुने क्षतिको राहत प्रदान गर्न र मानव बन्यजन्तु सहअस्तित्व व्यबस्थापनको कार्य गर्न सक्नेछ।

(३) मानव बन्यजन्तु सहअस्तित्व व्यवस्थापनका लागि विभिन्न भौगोलिक क्षेत्रमा गरेका प्रयास र उपलब्धिका साथै विद्यमान समस्या र अवलम्बन गर्नु पर्ने उपाय पहिचान गरी कार्ययोजना सहित प्रत्येक वर्ष निर्देशनालयले विभाग तथा प्रदेश मन्त्रालय समक्ष र विभागले मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

१३०. **प्रतिबन्ध लगाउन सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता वा कुनै प्रजातिको संरक्षण वा वातावरण संरक्षणको प्रयोजनको लागि अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ मा उल्लिखित बन पैदावार मध्ये कुनै बन पैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण र बिदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३१. **वन पैदावारको बिगो कायम गर्ने:** देहायका वन पैदावारको बिगो देहाय बमोजिम कायम गरिनेछः-

(क) वनक्षेत्रमा हानीनोक्सानी भई ठुटामात्र भएको तर काठ फेला नपरेको अवस्थामा बिगो कायम गर्नु पर्दा अनुसूची-९ बमोजिम ठुटाबाट काठको आयतन निकाली अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

(ख) ठुटा फेला नपरी काठमात्र फेला परेमा तीन वटा गिण्डालाई एउटा रुख मानी सबैभन्दा ठूलो गोलाइको गिण्डाको सबैभन्दा मोटो छेउलाई ठुटाको गोलाइ मानी आयतन निकाली अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

(ग) केही काठ र ठुटा फेला परेको अवस्थामा ठुटालाई नै आधार मानी आयतन निकाली अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

(घ) ठुटा फेला नपरी चिरान काठमात्र फेला परेको अवस्थामा चिरान काठलाई अनुसूची-९ बमोजिम गोलिया काठको आयतनमा परिणत गरी अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

(ङ) जडीबुटीको बिगो कायम गर्दा फेला परेको वा बरामद भएको परिमाणलाई अनुसूची-७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको मूल्य दरले गुणन गरी,

(च) जडीबुटी बाहेकका अन्य बन पैदावारको हकमा अनुसूची-८ बमोजिमका मूल्य दरले गुणन गरी।

१३२. **डिभिजन वन कार्यालयसँग समन्वय गर्नु पर्ने:** कुनै निकाय वा संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत सार्वजनिक सडक किनारा, अन्य सार्वजनिक स्थान वा वन क्षेत्रमा वृक्षारोपण गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

१३३. **प्रतिलिपि लिन सकिने:** (१) यस नियम बमोजिम प्राप्त गरेको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिनु परेमा त्यस्तो प्रमाणपत्र जारी गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित निकायले देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछः-

| | |
|---|---|
| (क) राष्ट्रिय वन क्षेत्रको भोगाधिकारको प्रमाणपत्र | -एक हजार रुपैयाँ |
| (ख) सामुदायिक वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्र | -पच्चीस रुपैयाँ |
| (ग) सामुदायिक वन हस्तान्तरण प्रमाणपत्र | -पच्चीस रुपैयाँ |
| (घ) साझेदारी उपभोक्ता समूह दर्ताको प्रमाणपत्र | -एक हजार रुपैयाँ |
| (ङ) कबुलियती वनको प्रमाणपत्र | -पाँच हजार रुपैयाँ |
| (च) गरिबीको रेखामुनिका जनताको लागि उपलब्ध गराइएको कबुलियती | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वनको प्रमाणपत्र -पच्चीस रुपैयाँ

(छ) धार्मिक बन दर्ताको प्रमाणपत्र -पाँच सय रुपैयाँ

(ज) निजी वन दर्ताको प्रमाणपत्र -पच्चीस रुपैयाँ

(झ) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिइएको प्रमाणपत्र -एक सय रुपैयाँ

(ञ) राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने प्रमाणपत्र -पाँच हजार रुपैयाँ

(ट) काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्र -एक हजार रुपैयाँ

(ठ) यस नियमावली बमोजिमको अन्य प्रमाणपत्र -एक हजार रुपैयाँ

१३४. **अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) डिभिजन बन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, सार्वजनिक जग्गाको वन, सहरी वन, निजी वन लगायतका वन क्षेत्रसँग सम्बन्धित प्रगति विवरण तयार गरी त्रैमासिक रूपमा निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन विभाग र निर्देशनालयले अध्ययन गरी आवश्यकता अनुसार डिभिजन वन कार्यालयलाई पृष्ठपोषण दिन सक्नेछ र यसरी विभाग र निर्देशनालयले प्रदान गरेको पृष्ठपोषण लागू गर्ने दायित्व डिभिजन वन कार्यालयको हुनेछ।

(३) प्रदेश मन्त्रालय, विभाग, निर्देशनालय र डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र भएका वन संरक्षण, व्यवस्थापन, सदुपयोग, वन मुद्दा सम्बन्धी विवरणका साथै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासन तथा विकास कार्यको प्रगति विवरण अनुगमनका सूचक अनुसार मन्त्रालयले निर्धारण गरेको स्वचालित विद्युतीय व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम निर्धारित सूचकको नियमित अनुगमन तथा प्रतिवेदन तयार गरी डिभिजन बन कार्यालय, प्रदेश मन्त्रालय र विभागले आवधिक समीक्षा गर्नु पर्नेछ र अनुगमन प्रतिवेदन डिभिजनल बन अधिकृतले प्रदेश बन निर्देशक समक्ष, प्रदेश बन निर्देशकले प्रदेश मन्त्रालयको सचिव र महानिर्देशक समक्ष र महानिर्देशकले मन्त्रालयको सचिव समक्ष पेस गर्नु पर्नेछ।

(५) मन्त्रालय, विभाग र प्रदेश मन्त्रालयले आफ्नो क्षेत्राधिकारभित्रका नीति तथा कार्यक्रम कार्यान्वयनको आवधिक मूल्याङ्कन गराई सुधारको लागि पृष्ठपोषण लिनु पर्नेछ।

**१३५.** **तथ्याङ्क उपलब्ध गराउनु पर्ने:** (१) राष्ट्रिय वनसँग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्ने काम विभागले गर्नेछ।

(२) विभागले माग गरेको वनसँग सम्बन्धित कुनै पनि तथ्याङ्क वा विवरण डिभिजन बन कार्यालयले विभागलाई उपलब्ध गराउनु पर्नेछ र सोको जानकारी निर्देशनालय र प्रदेश मन्त्रालयलाई गराउनु पर्नेछ ।

(३) डिभिजन बन कार्यालयले आफैंले वा समुदायमा आधारित वन व्यवस्थापन पद्दतिबाट उत्पादन भएको काठ, दाउरा र अन्य बन पैदावारको सङ्कलन, बिक्री वितरण, राजस्व लगायतका आवश्यक विवरण निर्देशनालय मार्फत प्रदेश मन्त्रालयमा र विभाग मार्फत मन्त्रालयमा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुमा पेस गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३६. **अनुसूचीमा हेरफेर गर्ने अधिकारः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१३७. **खारेजी तथा बचाउः** (१) वन नियमावली, २०५१ खारेज गरिएको छ।

(२) वन नियमावली, २०५१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१
(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)
<u>राष्ट्रिय वनक्षेत्रको भोगाधिकार दिएको प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग

प्रमाणपत्र नम्बर: मिति:

<u>राष्ट्रिय वनक्षेत्र भोगाधिकारको प्रमाणपत्र</u>

नाम:
ठेगाना:
प्रयोजन:
अवधि:
नेपाल सरकारको निर्णय मिति:

| क.स. | जिल्ला | स्थानीय तहको नाम | वनको नाम | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

<u>प्रमाणपत्र प्रदान गर्नेको</u>,-
दस्तखत:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामः
पदः महानिर्देशक
मितिः

द्रष्टव्यः

(१) यो प्रमाणपत्र नेपाली कागजमा तयार गर्नु पर्नेछ र विभागले यस्तो प्रमाणपत्रको मोठ तयार गरी राख्नु पर्नेछ।

(२) यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक हजार रुपैयाँ लाग्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(नियम ८ को उपनियम (५) सँग सम्बन्धित)

वनस्पति उद्यान प्रवेश तथा अन्य शुल्क

(क) राष्ट्रिय वनस्पति उद्यान, गोदावरी

| क्र.स. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | प्रवेश शुल्क | |
| | १.१ स्वदेशी नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | २०/— |
| | १० वर्ष माथिका | ५०/— |
| | १.२ सार्क मुलुकको नागरिक प्रतिव्यक्ति | |
| | १० बर्ष मुनिका | १००/— |
| | १० बर्ष माथिका | २००/— |
| | १.३ अन्य विदेशी मुलुकको नागरिक प्रतिव्यक्ति | |
| | १० वर्ष मुनिका | २००/— |
| | १० वर्ष माथिका | ५००/— |
| | १.४ विद्यार्थी प्रवेश शुल्क (विद्यालय लगायत अन्य शैक्षिक संस्थाबाट आधिकारिक पत्र सहित अध्ययन प्रयोजनको लागि प्रतिव्यक्ति) | २०/- |
| २ | पार्किङ्ग शुल्क | |
| | साईकल (थान) | ५/- |
| | मोटर साईकल (थान) | २५/- |
| | टेम्पो (थान) | ४०/- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | कार, जिप, भ्यान (थान) | ५०/– |
| | मिनिबस (थान) | १००/— |
| | बस, ट्रक (थान) | २००/– |
| ३ | क्यामरा/डिजिटल क्यामरा (थान) | ३०/– |
| ४ | भिडियो क्यामरा (थान) | २००/– |
| ५ | चलचित्र सुटिङ्ग/म्युजिक भिडियो तथा अन्य सुटिङ्ग | |
| | सानो पर्दाको लागि (प्रतिदिन) | ५,०००/- |
| | स्वदेशी लगानीको चलचित्र (निजी) (प्रतिदिन) | १०,०००/– |
| | स्वदेशी संयुक्त लगानीका चलचित्र (प्रतिदिन) | १५,०००/– |
| | सार्क मुलुकका लगानीका चलचित्र (प्रतिदिन) | २५,०००/– |
| | अन्य विदेशी लगानीका चलचित्र (प्रतिदिन) | ३०,०००/– |
| | विवाह तथा अन्य फोटोसुट (प्रतिदिन) | २,०००/– |
| ६ | विद्युतीय सवारीमा उद्यान परिक्रमा शुल्क | |
| | ६.१ स्वदेशी नागरिक प्रतिव्यक्ति (प्रतिपटक) | |
| | १० वर्ष मुनिका | १००/- |
| | १० वर्ष माथिका | २००/- |
| | ६.२ सार्क मुलुकको नागरिक (प्रतिपटक) | |
| | १० वर्ष मुनिका | २००/- |
| | १० वर्ष माथिका | ४००/- |
| | ६.३ अन्य विदेशी मुलुकको नागरिक (प्रतिपटक) | |
| | १० वर्ष मुनिका | ५००/- |
| | १० वर्ष माथिका | १,०००/- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
७. बाँस, बेत, खरखडाई, ढुङ्गा जस्ता स्थानीय सामग्री र प्रविधि प्रयोग गरी स्वीकृत कार्ययोजनाले तोकेको स्थानमा कटेज, प्रतिक्षालय, गोलघर, आराम स्थल, अस्थायी पसल तथा रेष्टुरेण्ट निर्माण गरी सञ्चालन गर्ने,

८. ढुङ्गा माटोको गोरेटो, पदमार्ग, हाईकिङ्ग रुट, वाकिङ्ग रुट, साइक्लिङ्ग रुट, आराम बेञ्च तथा कुर्चि, डस्ट बिन, इको गार्डेन, दुबोको हरियाली चौर, गल्फ कोर्ष, टेनिस कोर्ट; ब्याडमिन्टन कोर्ट, फुटबल तथा भलिबल ग्राउण्ड, मनोरञ्जन डबली, टेण्टेड क्याम्प, पिकनिक स्पटको व्यवस्थापन गर्ने,

९. प्यारा ग्लाईडिङ्ग, हात्ती सफारी, हर्स राइडिङ्ग, बर्ड वाचिङ्ग, फिसिङ, साइक्लिङ्ग, क्यानोपीवाक, फोटो टुर व्यवस्थापन गर्ने,

१०. फेन्सिङ्ग, तारबार वा जाली, पर्खाल आदिको माध्यमले क्षेत्र सुरक्षा गर्ने।

(ख) <u>सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा निषेधित कार्य</u>

१. राष्ट्रिय वनमा गर्न नहुने भनी ऐन र यस नियमावलीले निषेधित गरेका कार्य गर्ने,

२. पर्यापर्यटनका लागि स्वीकृत कार्ययोजनामा गर्न सकिने भनी उल्लेख भएका कार्य बाहेकका कार्य गर्ने,

३. नयाँ मोटर बाटो लगायतका पूर्वाधार निर्माण गर्ने, पानीको स्रोत तथा खोलानाला थुन्ने, वहाव परिवर्तन गर्ने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीयबासीले उपयोग गरी राखेको स्रोतमा कुनै पनि तरिकाबाट अवरोध पुऱ्याउन,

४. वन्यजन्तुलाई पक्रन, घाइते बनाउन वा मार्न वा दुःख दिन, बासस्थानमा असर पुऱ्याउन, होहल्ला गरी असर पर्ने कुनै क्रियाकलाप गर्न वा गराउन,

५. कार्ययोजनामा स्वीकृत भएको अवस्थामा बाहेक वनका वन पैदावार काट्न, उखेल्न, क्षति पुऱ्याउन, मास्न र ओसारपसार गर्न,

६. भूआकृति, भूदृष्य र विशेष भौगालिक अवस्थालाई बिगार्न वा कुनै तरिकाबाट तोडमोड गर्न,

७. वातावरण प्रदूषित गर्ने क्रियाकलाप जस्तै माटो, पानी र ध्वनी तथा बायु प्रदूषण हुने क्रियाकलाप गर्न वा गराउन,

८. स्थानीय समुदायको संस्कृति र परम्परालाई नकारात्मक असर पुऱ्याउने क्रियाकलाप गर्न वा गराउन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३१

(नियम ५३ को उपनियम (६) सँग सम्बन्धित)

<u>गरिबीको रेखामुनिका उपभोक्तालाई आयआर्जनको लागि सामुदायिक वनको कुनै भाग प्रयोग गर्न उपलब्ध गराउँदा गर्नु पर्ने सम्झौताको ढाँचा</u>

.................. जिल्ला ............ पालिका ....... वडा नम्बर ..... स्थित..................... सामुदायिक वन उपभोक्ता समूह (यस भन्दा पछि "पहिलो पक्ष" भनिएको) ले कार्ययोजनामा उल्लेख गरे अनुसारको विपन्न वर्ग संलग्न भएको .......... समूह (यसपछि "दोस्रो पक्ष" भनिएको) लाई यस सामुदायिक वनक्षेत्र भित्रको पूर्व............., पश्चिम .................., उत्तर ......................, दक्षिण ............................ गरी यती चारकिल्ला भित्रको ....... हेक्टर वनक्षेत्र देहाय बमोजिमका सर्तको अधीनमा रही आयमूलक कार्यक्रम गरी आयआर्जन गर्नका लागि यो सम्झौता गरिएको छ। यस सम्झौता कुनै पनि पक्षबाट उल्लङ्घन भएमा समूहको विधान, कार्ययोजना र यही सम्झौतापत्र तथा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

<u>सर्तः-</u>

१. सामुदायिक वनक्षेत्र भित्र अन्नबाली लगाउन पाइने छैन ।

२. दोस्रो पक्षले तयार गरेको कार्ययोजना बमोजिमको काम निरन्तर दुई वर्षसम्म गर्न नसकेमा वा कार्ययोजना विपरीतको कार्य गरेमा त्यस्तो वनक्षेत्र पहिलो पक्षले फिर्ता लिन सक्नेछ। तर फिर्ता लिँदा सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

३. यो सम्झौताको अवधि ... वर्षको हुनेछ। तर कार्यक्रम सन्तोषजनक भएमा पुनः थप सम्झौता गर्न सकिनेछ ।

४. दोस्रो पक्षले सामुदायिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ र प्रत्येक साधारण सभामा आफ्नो समूहमा भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम कारबाही तथा यसका उपलब्धिको जानकारी नियमित रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

५. पहिलो पक्षले समय समयमा दोस्रो पक्षको कामको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

६. पहिलो पक्षले वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम मध्ये गरिबी न्यूनीकरणका लागि खर्च गर्नु पर्ने रकम मध्येबाट साधारण सभाको निर्णय बमोजिमको दोस्रो पक्षलाई सहयोग रकम उपलब्ध गराउन सक्नेछ ।

७. दोस्रो पक्षले प्रयोग गरेको वन क्षेत्रमा आर्जन भएको वन पैदावार बाहेकको अन्य आय दोस्रो पक्षले उपयोग गर्न पाउनेछ ।

८. यो सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद सिर्जना भएमा आपसी सहमतिमा विवाद समाधान गरिनेछ र सहमति कायम नभएमा डिभिजन वन कार्यालयको मध्यस्थतामा विवाद समाधान गरिनेछ ।

९. सम्झौताको अवधि सकिएपछि त्यस्तो वनक्षेत्र सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन हुनेछ ।

१०. सामुदायिक वन उपभोक्ता समूहमा दोस्रो पक्षमा रहेका उपभोक्ताको अधिकार पहिलो पक्षको जस्तै सुरक्षित रहनेछ। विपन्न समूह गठन भएकै कारणले सामुदायिक वनबाट प्राप्त हुने लाभबाट वञ्चित गरिने छैन ।

११. सामुदायिक वन उपभोक्ता समूहलाई अति आवश्यक परी विपन्न समूहलाई दिएको वन फिर्ता लिनु परेमा दोस्रो पक्षको लगानी र उपलब्धिको मूल्याङ्कन गरी न्यायोचित क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।

| दोस्रो पक्षको तर्फबाट,- | पहिलो पक्षको तर्फबाट,- |
|---|---|
| नामः | नामः |
| दस्तखत ..................... | दस्तखत ....................... |

इति संवत् ....... साल ..... गते रोज ...... शुभम् ......... ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

अनुसूची-३२

(नियम ५६ को उपनियम (६) सँग सम्बन्धित)

साझेदारी वन उपभोक्ता समूहको विधानमा समावेश हुनु पर्ने विषय

१. प्रस्तावना, परिभाषा

२. उपभोक्ता समूहको गठन

(क) साझेदारी वन उपभोक्ता समूहको नाम, ठेगाना

(ख) साझेदारी वन उपभोक्ता समूहको उद्देश्य

(ग) साझेदारी वन उपभोक्ता समूहको छाप

(घ) साझेदारी वन व्यवस्थापन क्षेत्र भित्रका घरधुरी तथा जनसङ्ख्याको विवरण

(ङ) साझेदारी वन उपभोक्ता समूहमा प्रतिनिधित्व समूह गठन विधि

(च) साझेदारी वन उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार

३. साझेदारी वन व्यवस्थापन समिति

(क) गठन विधि

(ख) साझेदारी वन व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(ग) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारीको नामावली

(घ) स्थानीय तह र डिभिजन वन कार्यालयको काम, कर्तव्य र अधिकार

४. साधारण सभा तथा समितिको बैठक कार्यविधि

५. वन अपराध नियन्त्रण

(क) वन संरक्षण तथा वन अपराध नियन्त्रण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कार्ययोजना विपरीत कार्य गर्ने समूह सदस्यलाई गरिने दण्ड, जरिबाना र अपनाउनु पर्ने कार्यविधि

(ग) समुदायमा आधारित चोरी शिकार नियन्त्रण तरिका

६. साझेदारी वन उपोक्ता समूहको आर्थिक कार्यविधि

(क) कोष व्यवस्थापन तथा लेखा प्रणाली

(ख) बजेट तथा कार्यक्रम तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमन सम्बन्धी व्यवस्था

(ग) स्वीकृत बजेट खर्च गर्ने र अभिलेख राख्ने कार्यविधि

(घ) बरबुझारथ, लेखापरीक्षण, कोषको हिनामिना नियन्त्रणको व्यवस्था, सुशासनका मापदण्ड

(ङ) मासिक र वार्षिक आर्थिक विवरण

(च) व्यवस्थापन समितिका पदाधिकारीको आर्थिक प्रशासन सम्बन्धी काम र कर्तव्य

७. वार्षिक प्रतिवेदन

८. समन्वय, अनुगमन तथा मूल्याङ्कन

९. अन्य आवश्यक कुरा

<u>द्रष्टव्य</u>: उपभोक्ता समूहको अध्यक्ष र सदस्यको पदावधि सकिनु अगावै नयाँ अध्यक्ष र सदस्यको चयन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२३
(नियम ५६ को उपनियम (८) सँग सम्बन्धित)
साझेदारी वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार
............मन्त्रालय
प्रदेश वन निर्देशनालय
......... डिभिजन वन कार्यालय, ........
....................................

साझेदारी वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्र

प्रमाणपत्र नम्बर :

मिति:

श्री ...................................साझेदारी वन उपभोक्ता समूह
....................।

यस कार्यालयको मिति...................................... को निर्णय अनुसार वन ऐन, २०७६ र वन नियमावली, २०७९ ले दिएको अधिकार प्रयोग गरी उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

उपभोक्ता समूहको दर्ता नम्बर :
उपभोक्ता समूहको विवरण:
उपभोक्ता समूहको क्षेत्र:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घरधुरीको सङ्ख्याः
कुल जनसङ्ख्याः

<u>प्रमाणपत्र दिने अधिकृतको</u>,-
नामः
पदः
दस्तखतः
मितिः

<u>द्रष्टव्यः</u> यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक हजार रुपैयाँ लाग्नेछ ।

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३४
(नियम ६० को उपनियम (२) सँग सम्बन्धित)
<u>साझेदारी वनको कार्ययोजनामा समावेश हुनु पर्ने विषय</u>

विषयसूची

भाग-१. परिचय
१.१ वनको ऐतिहासिक पृष्ठभूमि
१.२ भौगोलिक स्थिति तथा पहुँच
१.२.१ अक्षांश र देशान्तर
१.२.२ टोपोग्राफी
१.२.३ वनको सीमाना तथा अवस्थिति
१.३ क्षेत्रफल
१.४ भू-बनौट तथा माटो
१.५ नदीनाला, ताल तथा खोलाको विवरण
१.६ भू-उपयोग
१.७ वनको किसिम र प्रजाति प्रतिशत
१.८ वनको वर्गीकरण
१.९ वनको बर्तमान अवस्था
१.९.१ पुनरोत्पादनको अवस्था
१.९.२ वनको वृद्धि मौज्दात (Growing Stock)
१.१० वन पैदावार सङ्कलनको अवस्था
१.११ वन अतिक्रमण तथा चोरी निकासी
१.१२ मुख्य वनस्पति तथा वन्यजन्तुको स्थिति
१.१२.१ वनस्पति
१.१२.२ वन्यजन्तु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.१३ भू-संरक्षणको दृष्टिकोणले संवेदनशील क्षेत्र
भाग-२. सामाजिक तथा आर्थिक विश्लेषण
२.१ साझेदारी वन व्यवस्थापन योजना कार्यान्वयन क्षेत्र
२.२ घरधुरी, जनसङ्ख्या, जनघनत्व र बसाईसराई
२.३ धर्म, जनजाति र समुदाय
२.४ मुख्य पेसा
२.५ शैक्षिक स्थिति
२.६ पशुसङ्ख्या र विवरण
२.७ कार्यरत गैरसरकारी र सामाजिक संस्था
२.८ वनमा आधारित उद्योगधन्दाको लागि कच्चा पदार्थको खपत विवरण
२.९ वन पैदावारको माग तथा आपूर्तिको स्थिति (घरायसी प्रयोगको लागि मात्र)
भाग-३ साझेदारी वन व्यवस्थापन योजना
३.१ दूरदृष्टि (Vision)
३.२ उद्देश्य
३.३ वन व्यवस्थापन रणनीति
३.४ व्यवस्थापन योजना तयारी प्रक्रिया तथा विधि
३.५ योजनाको सीमितता
३.६ कम्पार्टमेन्ट र सब कम्पार्टमेन्ट बिभाजन र प्रत्येक कम्पार्टमेन्टको डायमीटर क्लास अनुसार नक्सा विवरण
३.७ वन व्यवस्थापन प्रणाली विधि
३.७.१ वन संवर्द्धन प्रणाली छनोटको आधार
३.७.२ कटान तिब्रता अनुसार वन संवर्द्धन प्रणालीको सिफारिस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.७.३ कम्पार्टमेन्ट र सब कम्पार्टमेन्ट अनुसार वन संवर्द्धन कार्यको सिफारिस

३.८ कम्पार्टमेन्ट अनुसार कटान गर्न सकिने वार्षिक परिमाण र क्षेत्रफल

३.९ वन पैदावार उत्पादन र आपूर्तिको तरिका

३.९.१ वन पैदावार कटान, सङ्कलन तथा घाटगद्दी गर्ने समय तालिका

३.९.२ वन पैदावारको मूल्य निर्धारण

३.९.३ घाटगद्दीबाट वन पैदावार बिक्री वितरण व्यवस्थापन र नियन्त्रण तरिका

३.९.४ शीतलहर तथा विपद् व्यवस्थापन

३.९.५ डिपो व्यवस्थापनः साझेदारी बनले सदरमुकाममा कम्तीमा एक वटा र अन्य पायक पर्ने स्थानमा डिपो राख्नु पर्नेछ ।

३.१० वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजस्व, खर्च र जनशक्ति

३.१०.१ वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजस्व

३.१०.२ वन संबर्द्धनको लागि आवश्यक पर्ने जनशक्ति

३.१०.३ वन संवर्द्धनको लागि आवश्यक पर्ने खर्च

३.११ गैरकाष्ठ वन पैदावारको उत्पादन, विस्तार तथा व्यवस्थापन

३.१२ वन संरक्षण, वन डढेलो नियन्त्रण, अतिक्रमण नियन्त्रण, चोरी निकासी नियन्त्रण

३.१३ निजी वन, बिरुवा उत्पादन (नर्सरी) तथा वितरण

३.१४ सार्वजनिक जग्गामा वृक्षारोपण

३.१५ सामाजिक कल्याण तथा सामुदायिक विकास कार्यक्रम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१६ आयमूलक कार्यक्रम
३.१७ भौतिक पूर्वाधार बिकास
३.१८ साझेदारी वनमा आधारित वन उद्यम सम्बन्धी व्यवस्था
३.१९ दशवर्षे कार्यक्रम (Ten year action Plan)
३.२० व्यवस्थापन योजना कार्यान्वयन गर्ने स्रोत
३.२१ व्यवस्थापन योजना कार्यान्वयनमा जोखिम
भाग-४ कार्यक्रम व्यवस्थापन
४.१ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया
४.२ वैकल्पिक उर्जा प्रवर्द्धन सहयोग
४.३ वन पैदावारको बजारीकरण तथा बजार व्यवस्थापन
भाग-५ विविध
५.१ जनशक्ति विकास तथा व्यवस्थापन
५.२ वित्तीय विश्लेषण
५.३ राजस्वको बाँडफाँट
५.४ रोजगारीका अवसर र गरिबी न्यूनीकरणमा योगदान
५.५ व्यवस्थापन योजनाको पुनरावलोकन
५.६ दश वर्षपछिको सामाजिक तथा वन क्षेत्रको अवस्थाको प्रक्षेपण
५.७ दश वर्षपछि सघन व्यवस्थापन क्षेत्रमा गरिने क्रियाकलाप
५.८ वातावरण प्रभाव मूल्याङ्कन
५.९ तर्कपूर्ण खाका (सोच तालिका)
सन्दर्भ सामग्री
अनुसूची
नक्सा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३५

(नियम ६४ को उपनियम (५) र (७) सँग सम्बन्धित)

<u>साझेदारी वनको वन पैदावार बिक्री वितरण रसिदको ढाँचा</u>

...................... साझेदारी वन उपभोक्ता समूह,

......................।

उपभोक्ता समूहको दर्ता नम्बर :

अनुमतिपत्र नम्बर :

श्री .....................................

.................................. ।

उपभोक्ता समूहलाई प्राप्त भएको ....... साझेदारी वनको रुपमा व्यवस्थापन गरी तपसिलमा उल्लिखित वन पैदावारमा लाग्ने मूल्य लिई यो रसिद दिइएको छ ।

<u>तपसिलः</u>

| क.स. | वन पैदावारको जात | एकाइ | परिमाण | मूल्य | टाँचाको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| रसिद बुझिलिनेको,- | रसिद दिनेको,- |
| नाम : | नाम : |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

बोधार्थ/कार्यार्थ :-

(१) ............बन कार्यालय ..........

(२) ............ उप समिति ..........

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३६

(नियम ६७ को उपनियम (४) सँग सम्बन्धित)

<u>कबुलियती वनको प्राविधिक प्रस्तावमा समावेश हुनु पर्ने विषय</u>

१. कबुलियती वन लिन चाहेको राष्ट्रिय वनको विवरण

(क) वनको नाम : ...........

(ख) वन रहेको स्थानः ........... जिल्ला ......... गाउँपालिका/नगरपालिका वडा नम्बर .......

(ग) चार किल्लाः .......

(घ) क्षेत्रफलः ............. हेक्टर

२. कबुलियती वन लिन चाहेको उद्देश्यः ....... (ऐनको दफा २६ को उपदफा (१) को खण्ड .... अनुसारको विषय उल्लेख गर्नु पर्ने)

३. वन क्षेत्रको स्थिति

४. वन क्षेत्रको प्राकृतिक स्रोतको विवरण

५. प्रस्तावित कार्यक्रम सहित संक्षिप्त कार्ययोजना

६. वातावरण तथा जैविक विविधता संरक्षण

७. भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण

८. वातावरणमा पर्न सक्ने असरको सामान्य लेखाजोखा

९. स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलाप वृद्धि हुने कार्यक्रम

१०. स्थानीय बासिन्दालाई रोजगार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. कबुलियती वन लिन चाहेको अवधि

१२. फिर्ता हुँदाको अवस्था

१३. अन्य व्यवस्था

संस्था/समुदायको छापः

निवेदक

संस्थाको तर्फबाट

प्रतिनिधिको नाम, थर, वतनः

संस्था नामः

ठेगानाः

मितिः

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-३७

(नियम ६८ को उपनियम (४) सँग सम्बन्धित)

## कबुलियती वनको प्रविधिक प्रस्ताव मूल्याङ्कनको आधार

| क्र.स. | विषय | | आधार तथा अङ्कभार वर्गीकरण | अङ्कदिने आधार |
|---|---|---|---|---|
| १ | वातावरण तथा जैविक विविधता संरक्षणमा योगदान (२०) | १.१ | वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी प्रष्ट र बिस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०) | वातावरण मैत्री क्रियाकलाप, प्रदूषण नियन्त्रण, प्रजातिको विविधता, खेती प्रणाली, वातावरणीय सेवा आदि |
| | | १.२ | वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको (१५) | |
| | | १.३ | वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०) | |
| | | १.४ | वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०) | |
| २ | भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रणमा योगदान (२०) | २.१ | भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०) | बायोइञ्जिनियरिङ्ग विधि, पानी मुहान संरक्षण, जोखिम न्यूनीकरण क्रियाकलाप, इकोलोजिकल रिस्टोरेसन आदि |
| | | २.२ | भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | | (१५) | |
| | | २.३ | भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०) | |
| | | २.४ | भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०) | |
| ३ | स्थानीय बासिन्दालाई प्रत्यक्ष रोजगार (२०) | ३.१ | स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०) | अदक्ष कामदार लक्षित क्रियाकलाप, कच्चा पदार्थ उत्पादन आदि |
| | | ३.२ | स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको (१५) | |
| | | ३.३ | स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०) | |
| | | ३.४ | स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०) | |
| ४ | स्थानीय बासिन्दालाई अप्रत्यक्ष | ४.१ | स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन | जीविकोपार्जनमा टेवापुग्ने क्रियाकलाप, तालिमको व्यवस्था आदि |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | रोजगार/ जीविकोपार्जन (२०) | | सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०) | |
| | | ४.२ | स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको (१५) | |
| | | ४.३ | स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०) | |
| | | ४.४ | स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०) | |
| ५ | स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलाप बृद्धि हुने आयमूलक कार्यक्रम (२०) | ५.१ | स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०) | आर्थिक क्रियाकलाप बृद्धि तथा औद्योगिक कच्चा पदार्थ उत्पादन, आदि |
| | | ५.२ | स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी विशेष क्रियाकलाप वा यस सम्बन्धी विषय उल्लेख गरेको (१५) | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | ५.३ | स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी सामान्य क्रियाकलाप वा सामान्य विषय उल्लेख गरेको (१०) | |
| | | ५.४ | स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०) | |
| ६ | नवीनतम कार्यक्रम/क्रियाकलाप (२०) | ६.१ | नवीनतम कार्यक्रम सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०) | नवीनतम कार्यक्रम, आदि |
| | | ६.२ | नवीनतम कार्यक्रम सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०) | |
| | | ६.३ | नवीनतम कार्यक्रम सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०) | |
| ७ | फिर्ता हुँदाको अवस्था (२०) | ७.१ | फिर्ता हुँदाको अवस्था सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०) | कबुलियती वन फिर्ता हुँदाको अवस्था आदि |
| | | ७.२ | फिर्ता हुँदाको अवस्था सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०) | |
| | | ७.३ | फिर्ता हुँदाको अवस्था | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | | सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०) |
| ८ | संरक्षणसँग सम्बन्धित अन्य विषय। (१०) | ८.१ | संरक्षणसँग सम्बन्धित विषय उल्लेख गरेको (१०) |
| | | ८.२ | संरक्षणसँग सम्बन्धित विषय उल्लेख नगरेको (०) |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-३८

(नियम ६८ को उपनियम (५) र नियम ७० को उपनियम (१) सँग सम्बन्धित)

## कबुलियती वनको रोयल्टी प्रतिहेक्टर

| क.स. | उद्देश्य | हिमाली क्षेत्र | पहाडी क्षेत्र | तराई तथा भित्री मधेश | काठमाडौं उपत्यका | वार्षिक वृद्धि |
|---|---|---|---|---|---|---|
| (१) | वन पैदावारमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न | १,२००।- | २,५००।- | ४,०००।- | ५,०००।- | १० प्रतिशत |
| (२) | वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी बिक्री वितरण गर्न | १,२००।- | २,५००।- | ४,०००।- | ५,०००।- | १० प्रतिशत |
| (३) | वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली सञ्चालन गर्न | १,२००।- | २,५००।- | ४,०००।- | उपलब्ध नहुने | १० प्रतिशत |
| (४) | वनको संरक्षण र विकास हुने गरी पशु फर्म सञ्चालन गर्न | २,०००।- | ५,०००।- | उपलब्ध नहुने | उपलब्ध नहुने | १० प्रतिशत |
| (५) | वनको संरक्षण र विकास हुने गरी कीट पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न | ३,०००।- | ६,०००।- | ८,०००।- | १०,०००।- | १० प्रतिशत |
| (६) | वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय वा उद्यान सञ्चालन गर्न | १०,०००।- | १५,०००।- | ३०,०००।- | ५०,०००।- | १० प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<u>द्रष्टव्य:</u>

(१) १ हेक्टर = १९.६५ रोपनी =१.४५ बिघा हुन्छ।

(२) माथि उल्लिखित रोयल्टी दरमा तेस्रो वर्षसम्मलाई तयारी वर्षमानी चौथो बर्षदेखि १० प्रतिशत बार्षिक बृद्धि हुनेछ।

(३) प्रदेश राजधानी भएका नगरपालिकामा काठमाडौं उपत्यका बराबरको रोयल्टी लाग्नेछ।

(४) माथि उल्लिखित रोयल्टी दरमा प्रत्येक दश बर्षमा पुनरावलोकन हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३९
(नियम ६९ को उपनियम (३) सँग सम्बन्धित)
<u>कबुलियती वनको कबुलियतनामाको ढाँचा</u>

...............जिल्ला .......नगरपालिका/गाउँपालिका.........स्थित .......तर्फबाट अख्तियार प्राप्त म/हामी................. आगे हाम्रो ............. सङ्गठित संस्थाले दिएको निवेदन र कार्ययोजनामा कारबाही भई निर्णय भए बमोजिम ..................जिल्ला .................. नगरपालिका/गाउँपालिका वडा नम्बर .... मा पर्ने पूर्व ............. दक्षिण .............. पश्चिम ................. र उत्तर ................... को चार किल्ला भित्रको ................ नाम भएको राष्ट्रिय वनको ...... हेक्टर क्षेत्रफलमा फैलिएको बनक्षेत्र वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायका सर्त बमोजिम ऐनको दफा २६ को उपदफा (१) को खण्ड ............... बमोजिमको उद्देश्यको निमित्त ...... अवधिका लागि यसै साथ संलग्न स्वीकृत कार्ययोजना अनुरुप बनको संरक्षण तथा व्यवस्थापन गर्ने गरी कबुलियती वन लिन मञ्जुर छु/छौं भनी खुसीराजीसँग यो कबुलियतनामा लेखी वन तथा भू-संरक्षण विभागमा पेस गरेको छु/छौं । यो कबुलियत बमोजिमको सर्त पालन नगरेमा वन ऐन, २०७६ र वन नियमावली, २०७९ बमोजिम सहुँला बुझाउँला।

१. स्वीकृत कार्य योजनामा उल्लेख भए बाहेक अन्य कुनै काम कारबाही गर्ने छैनौं।
२. कबुलियती वन लिए बापत नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व रकम समयमै बुझाउने छौं।
३. आफूले कबुलियती वन लगाउन पाएको क्षेत्र बाहेक अन्यत्र वन जग्गामा अतिक्रमण वा अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै प्रकारले हानि नोक्सानी गर्ने वा गराउने छैनौं।

४. यस कबुलियतको अवधि समाप्त भएपछि पुनः सोही कबुलियती वनक्षेत्र नपाएमा सो क्षेत्र नेपाल सरकारलाई नियमानुसार हस्तान्तरण गर्नेछौं।

५. कबुलियत भएको मितिले एक वर्षभित्र स्वीकृत कार्ययोजना अनुसार कार्य प्रारम्भ गर्नेछौं।

६. समय समयमा डिभिजन वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरुप कार्य गर्नेछौं।

७. कबुलियती वनमा यो कबुलियत हुनुभन्दा अघिदेखि भएका रुख नेपाल सरकारले नहटाए सम्म सुरक्षा र संरक्षण गर्नेछौं।

८. कबुलियती वनबाट प्राप्त हुने वन पैदावार प्रचलित कानूनको प्रक्रिया पूरा गरेर मात्र ओसारपसार गर्नेछौं।

९. प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा पाँच हजार रुपैयाँ दस्तुर बुझाई अर्को पट्टा लिन मञ्जुर गर्दछौं।

कबुलियत गर्ने संस्था/समूहको सहीछापः–

इति संवत्....... साल..... गते रोज...... शुभम्.........



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४०
(नियम ६९ को उपनियम (३) सँग सम्बन्धित)
<u>कबुलियती वनको प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग

<u>कबुलियती वनको प्रमाणपत्र</u>

प्रमाणपत्र नम्बर :

मितिः

संस्थाको नामः ठेगानाः
सञ्चालकको नामः ठेगानाः

कबुलियती वनको नामः अवधिः
उद्देश्यः
नेपाल सरकारको निर्णय मितिः

| क.स. | जिल्ला | स्थानीय तह | वनको नाम | क्षेत्रफल | रोयल्टी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

<u>प्रमाणपत्र प्रदान गर्नेको,-</u>

दस्तखतः

नामः

पदः महानिर्देशक

मितिः

<u>द्रष्टव्यः</u>

(१) यो प्रमाणपत्र नेपाली कागजमा तयार गर्नु पर्नेछ र विभागले यस्तो प्रमाणपत्रको मोठ तयार गरी राख्नु पर्नेछ ।

(२) यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँच हजार रुपैयाँ लाग्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४१

(नियम ६९ को उपनियम (११) सँग सम्बन्धित)

<u>कबुलियती वनमा सञ्चालन गर्न सकिने पर्यापर्यटन कार्यक्रम</u>

१. अवलोकन भ्रमण, पदयात्रा, वन विहार, पौडी पोखरी, जलविहार जस्ता कार्य सञ्चालन,

२. प्राकृतिक सौन्दर्य, भू-दृष्य तथा वन्यजन्तु अवलोकनको लागि मचान वा स्पट निर्माण र सञ्चालन,

३. आफ्नो वनमा पाइने काष्ठ, गैहकाष्ठ वनस्पति प्रजाति र वन्यजन्तु लगातयका जैविक विविधता संरक्षण सम्बन्धी सूचना केन्द्र स्थापना र सञ्चालन,

४. जङ्गली पुष्प बगैंचा, विभिन्न प्रजातिका बिरुवा रोपण, वनजन्य फलफूल खेती, जैविक विविधता पार्क, इको बाल उद्यान आदि निर्माण र सञ्चालन,

५. न्यूनतम क्षेत्रफलमा स्थायी भौतिक संरचना (पाहुनाघर, शौचालय, रेष्टुरेण्ट, गिफ्ट सप, चिल्ड्रेन पार्क, चमेनागृह, अतिथिगृह, चौकिदार तथा टिकट घर आदि) निर्माण र सञ्चालन,

६. बाँस, बेत, खर खडाई, ढुङ्गा आदि स्थानीय सामग्री र प्रविधि प्रयोग गरी स्वीकृत कार्ययोजनामा तोकिएको स्थानमा कटेज, प्रतिक्षालय, गोलघर, आराम स्थल, अस्थायी पसल तथा रेष्टुरेण्ट आदि निर्माण गरी सञ्चालन,

७. वातावरण मैत्री हरित पूर्वाधार (ढुङ्गा माटोको गोरेटो, पदमार्ग, हाईकिङ्ग रुट, वाकिङ्ग रुट, साइकलिङ्ग रुट, आराम बेञ्च तथा कुर्चि, डस्ट बिन, इको गार्डेन, दुबोको हरियाली चौर, गल्फ कोर्ष, टेनिस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कोर्ट, ब्याडमिन्टन कोर्ट, भलिबल तथा फूटबल ग्राउण्ड, मनोरञ्जन डबली, टेण्टेड क्याम्प, पिकनिक स्पटको व्यवस्थापन,

८. प्यारागलाईडिङ्ग, हात्ती सफारी, हर्स राइडिङ्ग, बर्ड वाचिङ्ग, फिसिङ, साइक्लिङ्ग, क्यानोपी वाक, फोटो टुर व्यवस्थापन,

९. न्यूनतम क्षेत्रफल ओगट्ने गरी रोपकोर्स, जिपकोष्टर, बञ्जीजम्प, पार्किङ्ग आदि निर्माण र व्यवस्थापन,

१०. प्रचलित नियम कानूनको अधीनमा रही वन्यजन्तु पालन, उपयोग र व्यवस्थापन,

११. व्यावसायिक योजनामा उल्लेख भएका परिमाणमा पशुपालन, मत्स्यपालन, माहुरी पालन, कुखुरा तथा हास पालन, भर्मिकम्पोस्ट बनाउने,

१२. बहुवर्षे एग्रोफरेष्ट्री, आवधिक प्रकृतिको प्रोटेक्टेड एग्रिकल्चरका कार्य,

१३. फेन्सिङ्ग, तारवार, जाली, पर्खाल आदिको माध्यमले क्षेत्र सुरक्षा,

१४. व्यावसायिक योजनामा उल्लिखित स्वीकृत अन्य उपयुक्त कार्य।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४२

(नियम ७३ को उपनियम (६) सँग सम्बन्धित)

**गरिबीको रेखामुनिका जनतालाई उपलब्ध गराईने कबुलियती वन कार्ययोजनामा समावेश हुनु पर्ने विषय**

१. परिचय,

२. समूहमा आबद्ध घरधुरी सङ्ख्या तथा समूह सदस्यको नाम,

३. समूहको अध्यक्षको चयन प्रक्रिया,

४. समूहको निर्णय प्रक्रिया र विधि,

५. कबुलियती वनको रुपमा लिन चाहेको स्थान, क्षेत्रफल र चार किल्ला,

६. वन व्यवस्थापनको उद्देश्य,

७. विपन्न वर्गमा पुग्न सक्ने योगदान,

८. कबुलियती वनको अवधि,

९. उत्पादन गरिने वन पैदावारको किसिम र तिनको उपयोग सम्बन्धी वन विकासको कार्ययोजना,

१०. कबुलियती वनक्षेत्र भित्र कुनै किसिमको कृषि वन प्रणाली अवलम्बन गरिने भए सोको विवरण,

११. प्राप्त वन पैदावार र लाभको उपयोग सम्बन्धी व्यवस्था,

१२. कबुलियती वनको अवधि समाप्त भए पश्चात वनको संरक्षणको व्यवस्था,

१३. अन्य आवश्यक कुरा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४३

(नियम ७३ को उपनियम (८) सँग सम्बन्धित)

गरिबीको रेखामुनिका जनतालाई उपलव्ध गराईने कबुलियती वनको कबुलियतनामाको ढाँचा

.............. प्रदेश .............. जिल्ला .......... न.पा./गा.पा. ........ स्थित ............ तर्फबाट अख्तियार प्राप्त म/हामी ............. आगे हाम्रो समूह/समुदायले दिएको निवेदन र कार्ययोजनामा कारबाही भई निर्णय भए बमोजिम ......... प्रदेश ......... जिल्ला ......... गा.पा./न.पा. वडा न. ..... मा पर्ने पूर्व ........ दक्षिण ....... पश्चिम .......... र उत्तर ............. को चार किल्ला भित्रको ................. नाम भएको .................. हेक्टर वनक्षेत्र वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायका सर्त बमोजिम त्यस्तो क्षेत्रमा वन ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिमको उद्देश्यको निमित्त .............. अवधिका लागि यसैसाथ संलग्न स्वीकृत कार्ययोजना अनुरुप वनको संरक्षण र व्यवस्थापन गर्ने गरी कबुलियती वन लगाउन मञ्जुर छु भनी खुसीराजीसँग यो कबुलियतनामा लेखी डिभिजन वन कार्यालय ...... मार्फत नेपाल सरकारमा पेस गरेको छु । यो कबुलियत बमोजिमको सर्त पालना नगरेमा वन ऐन, २०७६ र वन नियमावली, २०७९ बमोजिम सहुँला बुझाउँला ।

देहाय

१. स्वीकृत कबुलियती वन कार्ययोजनामा उल्लेख भए बाहेक अन्य कुनै काम कारबाही गर्ने छैन ।
२. आफूले कबुलियती वन लगाउन पाएको क्षेत्र बाहेक अन्यत्र वन जग्गामा अतिक्रमण वा अन्य कुनै प्रकारले हानि नोक्सानी गर्ने वा गराउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. यस कबुलियतको अवधि समाप्त भएपछि पुनः सोही कबुलियती बनक्षेत्र नपाएमा सो क्षेत्र नेपाल सरकारलाई हस्तान्तरण गर्नेछु ।
४. कबुलियत भएको मितिले तीन महिनाभित्र स्वीकृत कार्ययोजना अनुसार कार्य प्रारम्भ गर्नेछु। समय समयमा डिभिजन वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरुप कार्य गर्नेछु ।
५. कबुलियती वनबाट उत्पादन गरिएको वन पैदावार निकाले पछि कार्ययोजना अनुरुप तत्काले वृक्षारोपण पुनरुत्थानको व्यवस्था गर्नेछु ।
६. कबुलियती वनमा यो कबुलियत हुनुभन्दा अघिदेखि भएका रुख कार्ययोजना बमोजिम वन डिभिजन वन कार्यालयले प्रचलित ऐन, नियम बमोजिम नहटाएसम्म सुरक्षा, संरक्षण गर्नेछु ।
७. कबुलियती वनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र डिभिजन वन कार्यालयमा बुझाउनेछु ।
८. कबुलियती वनबाट प्राप्त हुने वन पैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयले तोकिदिएको टाँचा प्रयोग गर्नेछु ।
९. प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा पच्चीस रुपैयाँ दस्तूर बुझाई अर्को पट्टा लिन म पट्टावाला मञ्जुर गर्दछु ।

इच्छाएको व्यक्तिको सहीछाप :

कबुलियत गर्ने गरिवी रेखामुनिका उपभोक्ताको नाम, थर र वतन

(१)

(२)

इति संवत् ... साल ... गते रोज ... शुभम् ............।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४४

(नियम ७३ को उपनियम (८) सँग सम्बन्धित)

**गरिबीका रेखामुनिका जनतालाई उपलब्ध गराईने कबुलियती वनको प्रमाणपत्र (पट्टा) को ढाँचा**

प्रदेश सरकार

.......... मन्त्रालय

प्रदेश वन निर्देशनालय

......... डिभिजन वन कार्यालय, .........

......................................

**गरिबीका रेखामुनिका जनताको लागि कबुलियती वनको प्रमाणपत्र (पट्टा)**

प्रमाणपत्र नम्बर :

मिति:

वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको राष्ट्रिय वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुरुप गरिबी न्यूनीकरण गर्न तथा वनको संरक्षण र विकास हुने गरी आय आर्जनका कार्यक्रम सञ्चालन गर्नको लागि यो कबुलियती वनको प्रमाणपत्र दिइएको छ :–

१. सम्बन्धित समुदायको :

(क) नाम :.........................कबुलियती वन समूह

(ख) ठेगाना :

२. कबुलियती वनको :

(क) .........प्रदेश.......जिल्ला........गाउँ/नगरपालिका वडा नम्बर .......



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) चार किल्ला :

(ग) नाम :

(घ) क्षेत्रफल :

३. कबुलियती बनको अवधि :

...................................

(डिभिजनल बन अधिकृत)

नाम:

<u>द्रष्टव्य:</u> यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ।

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४५

(नियम ७९ को उपनियम (२) सँग सम्बन्धित)

<u>धार्मिक वन दर्ताको प्रमाणपत्रको ढाँचा</u>

प्रदेश सरकार

..............मन्त्रालय

प्रदेश वन निर्देशनालय

......... डिभिजन वन कार्यालय,

....................................

प्रमाणपत्र नम्बर : मिति:

<u>धार्मिक वन दर्ताको प्रमाणपत्र</u>

श्री ......................................

............................................... ।

त्यस निकाय/समूह/समुदायलाई वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको राष्ट्रिय वन यसै साथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न धार्मिक वनको रुपमा सुम्पिएको छ ।

<u>धार्मिक वनको विवरण:</u>

नाम:

चार किल्ला:

पूर्व:

दक्षिण:

पश्चिम:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्तर:
क्षेत्रफल:

प्रमाणपत्र दिने अधिकृतको,-
नाम, थर:
पद:
दस्तखत:
मिति:

द्रष्टव्य: यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँचसय रुपैयाँ लाग्नेछ।

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४६

(नियम ८१ को उपनियम (१) सँग सम्बन्धित)

<u>निजी वन दर्ताका लागि सिफारिस लिन दिने निवेदनको ढाँचा</u>

मिति:

श्री डिभिजनल वन अधिकृतज्यू,
डिभिजन वन कार्यालय, .............
.......................................... ।

विषय: <u>निजी वन दर्ताको लागि सिफारिस गरी पाउँ</u> ।

वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायका वन पैदावारलाई .........पालिकामा निजी वनको रुपमा दर्ता गर्नु पर्ने भएकोले सोका लागि सिफारिस गरी पाउँ भनी यो निवेदन पेस गरेको छु ।

१. दर्ता गर्न चाहेको निजी वनको वन पैदावार
२. जग्गाको स्वामित्व सम्बन्धी कागजात

<u>निवेदक (निजी वनधनीको)</u>,-
नाम :
दस्तखत :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४७
(नियम ८१ को उपनियम (३) सँग सम्बन्धित)
निजी वन दर्ताको प्रमाणपत्रको ढाँचा

.....................नगरपालिका/गाउँपालिका
...... नगरपालिका/गाउँपालिकाको कार्यालय
............................ ।

प्रमाणपत्र नम्बर :

मितिः

निजी वन दर्ताको प्रमाणपत्र

श्री ..............................
....................................।

तपाईले ........... डिभिजन वन कार्यालयको सिफारिस सहित यस ...........पालिकामा निजी बन दर्ता गराई पाउँ भनी पेस गरेका कागजात अध्ययन हुँदा वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको निजी वन तथा निजी आबादी जमिनमा लगाएको वन पैदावारलाई निजी वनको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

निजी वनको विवरणः
नामः
चार किल्लाः
क्षेत्रफलः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वन पैदावारको प्रजातिः
वन पैदाबारको सङ्ख्याः

प्रमाणपत्र दिने अधिकृतको,-
नाम :
पद : प्रमुख प्रशासकीय अधिकृत
दस्तखत :
मिति :

दृष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४८

(नियम ८२ को उपनियम (३) सँग सम्बन्धित)

निजी वन वा निजी जग्गामा भएका कृषि उपज सरह सङ्कलन, बिक्री र ओसारपसार गर्न सकिने वन पैदावार प्रजाति

(क) काष्ठ प्रजाति

| क्र.स. | प्रजाति | क्र.स. | प्रजाति | क्र.स. | प्रजाति |
|---|---|---|---|---|---|
| १ | अम्बा | २ | हलुबावेद | ३ | कपोक |
| ४ | आँप | ५ | नीम | ६ | काभ्रो |
| ७ | इपिलइपिल | ८ | बकाईनो | ९ | गोल्डमोहर |
| १० | इमली | ११ | बबुर, बबुल | १२ | टिक |
| १३ | सिसौ (वृक्षारोपण) | १४ | मसला | १५ | लहरेपिपल |
| १६ | क्यासिया सियामिया | १७ | लिची | १८ | मोलाटो |
| १९ | कटहर | २० | लप्सी | २१ | वीरेन्द्रफूल |
| २२ | कदम | २३ | टुनी | २४ | उत्तिस |
| २५ | चिलाउने | २६ | कटुस | २७ | खोटे सल्ला |
| २८ | गोब्रे सल्ला | | | | |

(ख) जडीबुटी प्रजाति

| | | |
|---|---|---|
| १ अमला | २ सिल्टिमुर | ३ कचुर |
| ४ कुरिलो, सतावरी | ५ केसर | ६ घ्यूकुमारी |
| ७ चिउरी | ८ चिराईतो | ९ टिमुर |
| १० तेजपात | ११ तुलसी | १२ बेल |
| १३ बोझो | १४ बोधिफल, बोधिचित्त | १५ मसलाको पात |
| १६ रिट्ठा | १७ रुद्राक्ष | १८ लप्सी |
| १९ क्यामोमाईल | २० मेन्था | २१ लेमनग्रास |
| २२ सिट्रोनेला | २३ पामारोजा | |

(ग) अन्य वन पैदावार प्रजाति

| | | |
|---|---|---|
| १. अम्रिसो/अम्लिसो | २. बाँस/निगालो | ३. अल्लो |
| ४. बनकस, बाबियो | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४९

(नियम ८४ को उपनियम (४) सँग सम्बन्धित)

सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिइएको प्रमाणपत्रको ढाँचा

.....................नगरपालिका/गाउँपालिका

...... नगरपालिका/गाउँपालिकाको कार्यालय

................................ ।

प्रमाणपत्र नम्बर :

मिति:

सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिइएको प्रमाणपत्र

श्री.....................................

..........................................

.................................. ।

........................... लाई वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको सार्वजनिक जग्गामा यसै साथ संलग्न कार्ययोजना बमोजिम सार्वजनिक जग्गामा वनको संरक्षण, विकास र व्यवस्थापन गरी सदुपयोग गर्न यो प्रमाणपत्र दिइएको छ ।

सार्वजनिक जग्गाको विवरण:–

नाम: ठेगाना:

चार किल्ला:

पूर्व: दक्षिण:

पश्चिम: उत्तर:

कि.न. : क्षेत्रफल:



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<u>प्रमाणपत्र दिने अधिकारीको</u>,-

नाम, थर:

पद:

दस्तखत:

मिति:

<u>द्रष्टव्य:</u> यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन एकसय रुपैयाँ लाग्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५०

(नियम ८९ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित)

**विकास आयोजना कार्यान्वयन गर्दा वनक्षेत्रबाट हटाउनु पर्ने रूख बिरुवाको लगत विवरणको ढाँचा**

आयोजनाको नाम :

जिल्ला:

नगरपालीका/गाउँपालिका:

वनको क्षेत्रफल:

वन पैदावारको विवरण:

(क) रुख

| क्र.स. | प्रजाति | गोलाइ इन्च | उचाइ फिट | प्राप्त हुनुसक्ने वन पैदावार | | मूल्य | जिपियस कोअर्डिनेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ (क्यूफिट) | दाउरा (क्यूफिट) | | | |
| | | | | | | | | |

(ख) बल्लाबल्ली

| क्र.स. | प्रजाति | गोलाइ इन्च | उचाइ फिट | प्राप्त हुनसक्ने वन पैदावार | | मूल्य | जिपियस कोअर्डिनेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ (क्यूफिट) | दाउरा (क्यूफिट) | | | |
| | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) लाथ्रा र बिरुवा

| क.स. | प्रजाति | सङ्ख्या | दाउरा | मूल्य |
|---|---|---|---|---|
| | | | | |

<u>तयार पार्ने,-</u>
दस्तखतः
नामः
सहायक वन अधिकृत
मितिः

<u>प्रमाणित गर्ने,-</u>
दस्तखतः
नामः
डिभिजनल वन अधिकृत
मितिः

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५१
(नियम ९३ को उपनियम (१) र नियम ९५ को उपनियम (३) सँग सम्बन्धित)

<u>वनक्षेत्रको जग्गा प्रयोग गर्नेले बुझाउनु पर्ने रकम</u>

| क्र. स. | वनको जग्गा प्रयोग गरेको भौगोलिक क्षेत्र | प्रति हेक्टर मूल्य रू. | |
|---|---|---|---|
| | | झाडी बुट्यान तथा खुला वनक्षेत्र (२० प्रतिशत भन्दा कम छत्र घनत्व भएको) | रुख भएको वन क्षेत्र (२० प्रतिशत भन्दा बढी छत्र घनत्व भएको) |
| १. | तराई क्षेत्र | ३०,००,०००।- | ३५,००,०००।- |
| २. | चुरे तथा भित्री मधेश क्षेत्र | ३५,००,०००।- | ४२,००,०००।- |
| ३. | पहाडी तथा हिमाली क्षेत्र | २८,००,०००।- | ३०,००,०००।- |
| ४. | प्रदेश राजधानी भएका नगरपालिका | ६०,००,०००।- | ८०,००,०००।- |
| ५. | काठमाडौं उपत्यका | ६०,००,०००।- | ८०,००,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५२

(नियम ९४ को उपनियम (१) र नियम १०० को उपनियम (५) सँग सम्बन्धित)

**विकास आयोजना/खानी उत्खननका लागि बनक्षेत्रको जग्गा प्रयोग गर्न दिने प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार

बन तथा वातावरण मन्त्रालय

बन तथा भू-संरक्षण विभाग

प्रमाणपत्र नम्बर :

मिति:

**राष्ट्रिय बनक्षेत्र प्रयोग गर्ने प्रमाणपत्र**

नाम:

ठेगाना:

प्रयोजन:

अवधि:

नेपाल सरकारको निर्णय मिति:

| क्र.स. | जिल्ला | स्थानीय तह | बनको नाम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणपत्र प्रदान गर्नेको,-

दस्तखत:

नाम:

पद: महानिर्देशक

मिति:

द्रष्टव्य:

(१) यो प्रमाणपत्र नेपाली कागजमा तयार गर्नु पर्नेछ र विभागले यस्तो प्रमाणपत्रको मोठ तयार गरी राख्नु पर्नेछ।

(२) यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँच हजार रुपैयाँ लाग्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५३

(नियम १२८ को उपनियम (१) सँग सम्बन्धित)

<u>काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्रको ढाँचा</u>

प्रदेश सरकार

.........मन्त्रालय

प्रदेश वन निर्देशनालय

......... डिभिजन वन कार्यालय, .........

प्रमाणपत्र नम्बर :

मिति:

<u>काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्र</u>

श्री.......................................

सञ्चालक: श्री ................................................ उद्योग

तपाईले उद्योग दर्ता प्रमाणपत्र साथ उद्योग सूचीकृत गर्नका लागि यस कार्यालयमा निवेदन दिनु भएकोमा उद्योग दर्ता प्रमाणपत्रको आधारमा वन नियमावली, २०७९ को नियम १२८ को उपनियम (१) बमोजिम तपाईको ...................... स:मिल/भेनियर तथा प्लाईउड/...................... उद्योगलाई सूचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । वन ऐन, २०७६, वन नियमावली, २०७९ र अन्य प्रचलित कानूनको अधीनमा रही उद्योग सञ्चालन गर्नु हुन अनुरोध छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

.......................... ..........

(डिभिजनल वन अधिकृत)

नामः

<u>द्रष्टव्य:</u> यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एकहजार रुपैयाँ लाग्नेछ।

**आज्ञाले**
**डा. पेमनारायण कँडेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.११७-
गो.हु.द.नं. १६।२०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।